माण्डवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्यूठान, ५ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र

२०७४ असार



# दुई शब्द

जनसङ्ख्या र क्षेत्रफलको हिसाबले सानो भएको माण्डवी गाउँपालिका विकास गर्न भौगोलिक दृष्टिकोणले विकट भएता पनि यस गाउँपालिकालाई समृद्ध बनाउनका लागि सम्भावित श्रोत र आधारहरु प्रशस्त मात्रामा छन् । यस पालिकाको मुख्य केन्द्र देविस्थान देखि लामाचौरसम्मको बस्तीलाई सहरी विकास योजनामा परिणत गर्न सकिन्छ, र देविस्थान देखि धनचौर, उदयपुरकोट हुँदै स्वर्गद्वारी जाने बाटोको ट्रयाक खोली पर्यटकिय रुटको रुपमा स्थापित गर्ने, यहाँ रहेको चुनखानी, जलश्रोत, बनश्रोत लाई प्रचुर मात्रामा प्रयोग गरी यहाँको यस पालिकाको जीवनस्तर सुदृढ र समृद्ध बनाउन सकिन्छ । सोहि प्रयोजनको लागि यस गाउँपालिकाको यथार्थ वस्तु स्थिति दर्शाउने पार्श्वचित्र आवश्यक हुन्छ ।

यस गाउँपालिकाको केन्द्र नयाँगाउँ, साविकको गा.वि.स. हरु तिराम, मर्कावाङ, नयाँगाउँ, उदयपुरकोट र रम्दी समावेश गरी गाउँपालिका गठन गरिएपछि पहिलो प्रकाशित दस्तावेजको रुपमा आउन लागेको पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ ।

राज्यको पुर्नसंरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस प्रकारको चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने निति तथा कार्यक्रमहरुलाई प्राथिमिकिकरण गरी हामीलाई उपलब्ध सिमित श्रोत तथा साधनको अधिकत्तम सदुपयोग गरी गाउँपालिका विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वाश लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा श्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामि सबैले गर्नुपर्ने हुन्छ ।

योजनाबद्ध विकासको आधारको रुपमा रहने यो पार्श्वचित्र समयमै गर्न लगाउने गाउँकार्यपालिकाको सम्पूर्ण टिम, कार्यकारी अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्यांक उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमान्डौंलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा गाउँको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडी बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस् भन्ने सुभेच्छा प्रकट गर्दछु ।

श्रीधर रोका
अध्यक्ष



# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरु, विषयगत कार्यालयहरुबाट संकलन गरिएका तथ्यहरुमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिचाई, खानेपानी, विद्युत आदिका तथ्यांक समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँबासीहरुलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरु समावेश गरिएको छ ।

अन्त्यमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिव, गाउँकार्यपालिकाका कर्मचारीहरु, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्यांक संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मुगा पुन मगर

उपाध्यक्ष



# मेरो भन्नु

नेपाली जनताको विगत ६० वर्षदेखिको अनवरत प्रयत्नका कारण नेपाल संघीयतामा प्रवेश गरेको छ । संघीयतामा तीन तहको सरकारको व्यवस्था संविधानमै गरिएको छ । संघ वा केन्द्रीय तह, प्रदेश तह र स्थानीय तह । नयाँ संविधानले स्थानीय तहलाई स्वायत्तता प्रदान गरेको छ । स्थानिय तहमा सभा, कार्यपालिका र न्यायिक समिति गरी ३ वटै राज्यका अंगहरु रहेका छन् । माण्डवी गाउँपालिका पनि प्रचुर संभावना र अवसर बोकेको गाउँपालिका हो । यो जनसंख्या र भूगोल दुवै हिसाबले सानो गाउँपालिका हो । यस गाउँपालिकाको बिकासका, योजना निर्माण, नीति कार्यक्रम र बजेट निर्माणका लागि वर्तमानको समाजिक, आर्थिक, भौगोलिक तथा समग्र यथार्थ स्थितिको जानकारी हुन आवश्यक छ । त्यही आवश्यकता अनुसार यस माण्डवी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको हो ।

कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट, प्रभावकारी  कार्यान्वन, सरोकारवालाहरुको पुर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम मूल्याङ्कन र दिगोपनको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनसंरचित स्थानिय तहको पहिलो आवश्यकता हो भन्नेमा योजनाहरु तथा कार्ययोजनाहरु अगाडि बडाउन नसकिएमा जनताले स्थानिय तहबाट राखेका अपेक्षा पूरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलिय सामाजिक साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवस्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सिमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचिलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँको बहुआयमिकता सहितको वर्तमान अवश्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर गाँउको सम्पूर्ण चिनारीको रुपमा हेर्न सकिन्छ अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतीहरुलाई अवगत गर्ने माध्यमको रुपमा लिन सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, विषयगत कार्यालयका प्रमुख लगायत सर्म्पूण कर्मचारी वडाअध्क्षज्यूहरु वडा सचिव साथीहरु सामाजिक परिचालकहरु विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरु तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ  स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि काठमाण्डौलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

नारायण पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


**खण्ड १ : भूमिका** ... **ज्ञ**

१.१ पृष्ठभूमि ... ज्ञ
१.२ अध्ययनको महत्व ... द्
१.३ अध्ययनको औचित्य ... द्
१.४ अध्ययनका सीमाहरु ... द्
१.५ गाउँ पार्श्वचित्र तयारीको उद्देश्यहरु ... घ
१.६ गाउँपालिका पार्श्वचित्र तयारी विधि ... द्ध

**खण्ड २ : माण्डवी गाउँपालिकाको परिचय** ... **छ**

२.१ संक्षिप्त परिचय ... छ
२.२ भौगोलिक अवस्थिति ... ठ
२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ... ठ
२.४ भूक्षेत्र (टोपोग्राफी) ... ढ
२.४.१ माटोको बनावट र उर्वराशक्ति ... ज्ञण
२.४.२ भू-आकृति तथा माटोको बनोट ... ज्ञण
२.४.३ हावापानी ... ज्ञद्
२.५ भू-क्षेत्रको बर्गीकरण ... ज्ञघ
२.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर ... ज्ञट
२.७ गाउँपालीकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु ... ज्ञठ
२.८ गाउँपालिकाको अन्तर गाउँपालिका सम्बन्ध ... ज्ञड
२.९ नदी तथा खोलानालाहरु ... ज्ञड
२.१० धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु ... द्ज्ञ
२.११ मुख्य चाडपर्वहरु ... द्द्
२.१२ संस्कृति, कला, भाषा र साहित्य ... द्घ

**खण्ड ३ : जनसाङ्ख्यिक विवरण** ... **द्द्ध**

३.१ जनसंख्याको विवरण ... द्छ
३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ... द्ट
३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ... घण
३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण ... घज्ञ
३.५ उमेर समूहअनुसार जनसख्याको विवरण ... घघ
३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण ... घछ
३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ... घट
३.८ धर्मअनुसार जनसंख्याको विवरण ... घड
३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ... घढ
३.१० महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ... द्धण
३.११ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ... द्धज्ञ
३.१२ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ... द्धद्
३.१४ छानाको आधारमा घरको बनोटको विवरण ... द्धघ
३.१५ जगको आधारमा घरको बनोटको विवरण ... द्धद्ध
३.१६ बसाई सराईको अवस्था ... द्धट
३.१७ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ... द्धठ

३.१८ स्थानीय तहको निर्वाचनमा मतदाता सम्बन्धी विवरण ढ्ड

**खण्ड ४ : भू-उपयोग ढ्ढ**

४.१ गाउँपालिकाको भू-उपयोगको विवरण छ्ण
४.१.१ सार्वजनिक जग्गाको विवरण छ्ण
४.२ शहरीकरणको स्वरुप छ्ज्ञ
४.२.१ जग्गा विकास कार्यक्रम श्रीबलम म्भखभयिऊभलत एचयनचबक० छ्द्द
४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप छ्द्ध
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू छ्छ
४.५ भू-क्षय संम्भावित क्षेत्र छ्छ
४.६ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण छ्ट

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगारको स्थिति छ्ड**

५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप छ्ड
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था छ्ड
५.३ आश्रित जनसंख्याको विवरण छ्ढ
५.४ कृषि छ्ढ
५.४.१ कृषीजन्य बाली सम्बन्धी विवरण ट्ण
५.४.२ कृषक समूहको विवरण ट्ज्ञ
५.४.३ कृषी बालीमा लाग्ने रोग ट्द्ध
५.४.४ कृषि बजारीकरण ट्द्ध
५.४.५ जग्गाको उर्वराशक्ति ट्छ
५.४.६ एग्रोभेट सम्बन्धि विवरण ट्छ
५.४.७ कृषि सहकारी संस्थाहरुको विवरण ट्छ
५.५ सिंचाइ ट्ट
५.६ पशुपालन ट्ड
५.६.१ पशुपंक्षीमा लाग्ने रोगहरु ट्ढ
५.६.२ गाई/भैंसी/बाखा फार्महरुको विवरण ट्ढ
५.६.३ गाउँपालिकामा दुग्ध बजारीकरण ठ्द्द
५.६.४ मासु बजारीकरण ठ्द्द
५.७ पर्यटन ठ्द्द
५.८ थोक तथा खुद्रा व्यापार ठ्घ
५.८.१ निकासी पैठारी स्थिति ठ्घ
५.८.२ ढुवानी तथा भण्डार व्यवस्था ठ्घ
५.८.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ठ्द्ध
५.८.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ठ्द्ध
५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू ठ्छ
५.१० गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ठ्ट
५.११ बैंकको विवरण ठ्ट
५.१२ सहकारी संस्थाको विवरण ठ्ठ
५.१३ संघ संस्था तथा विभिन्न समूहहरु ठ्ठ

**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ठ्ढ**

६.१ यातायात ठ्ढ

६.२ संचार ... डण
६.२.१ टेलिफोन/मोबाइल ... डण
६.२.२ हुलाक सेवा ... डण
६.२.३ पत्रपत्रिका ... डज्ञ
६.३ विद्युत ... 81
६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ... डज्ञ
६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ... डद्द
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ... डद्ध**
७.१ शिक्षा ... डद्ध
७.२ साक्षरता स्थिति ... डद्ध
७.२.१ पुर्ण साक्षर गा.वि.स. ... डछ
७.२.२ शैक्षिक जनशक्तिको विवरण ... डछ
७.२.३ विषयगत शैक्षिक जनशक्तिको विवरण ... डठ
७.२.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ... डड
७.२.५ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ... डड
७.२.६ स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण ... ढण
७.२.७ विद्यालय स्रोत केन्द्र ... ढज्ञ
७.२.८ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ... ढज्ञ
७.३ स्वास्थ्य ... ढद्द
७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू ९ँझबभि ऋफगलष्तथ ज्भबतिज ख्यिगलतभभचक० ... ढघ
७.३.२ गाउँघर क्लिनीक र नियमित खोप ... ढघ
७.३.३ एच. आई. भी./एडसको अवस्था ... ढघ
७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण ... ढद्ध
७.३.५ परिवार नियोजन ... ढछ
७.३.६ खोपको विवरण ... ढछ
७.३.७ बाल्यकालमा हुने रोगका जोखिम ... **भ्चचयच! द्धयययफबचप लयत मभाष्लभम।**
७.३.८ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर ... ढठ
७.३.९ बालपोषण सम्वन्धी विवरण ... ढठ
७.४ खेलकुद तथा मनोरञ्जन ... ढड
७.५ नागरिक सुरक्षा सेवा ... ढढ
७.५.१ बृद्धबृद्धाहरूको अवस्था ... ढढ
७.५.२ शान्ति सुरक्षा ... ढढ
७.५.३ सामाजिक सुरक्षा ... ज्ञण्ण
७.६ महिला तथा बालबालिका ... ज्ञण्ण
७.६.१ महिला सम्बन्धी विवरण ... ज्ञण्ण
७.६.२ बालश्रमको अवस्था ... ज्ञण्घ
७.६.३ बालसंरक्षण तथा संबर्द्धन समिति ... ज्ञण्द्ध
७.६.४ बालक्लब ... ज्ञण्द्ध
७.७ अपाङ्गताको विवरण ... ज्ञण्छ
७.८ खानेपानी तथा सरसफाई ... ज्ञण्ठ

७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ज्ञण्ठ

७.८.२ खानेपानीको विवरण ज्ञण्ड

७.८.३ शौचालयको विवरण ज्ञण्ढ

७.८.४ वडागत शौचालयको संख्याको विवरण ज्ञज्ञण

७.९ फोहोर मैला व्यवस्थापन ज्ञज्ञण

**खण्ड ८ : वन तथा वातावरण ज्ञज्ञघ**

८.१ प्राकृतिक वन तथा वनस्पती ज्ञज्ञघ

८.२ जैविक विविधता सम्वन्धी विवरण ज्ञज्ञद्ध

८.३ लघु वन पैदावार ज्ञज्ञछ

८.४ गाउँपालिकामा पाईने वन्यजन्तु ज्ञज्ञट

८.५ वनजंगल ज्ञज्ञठ

८.५.१ सामुदायिक वन ज्ञज्ञठ

८.५.२ धार्मिक वन ज्ञद्दण

८.५.३ सरकारद्वारा व्यवस्थित वन ज्ञद्दज्ञ

८.५.४ निजी वन ज्ञद्दज्ञ

८.६ वनपैदावारको माग र आपूर्ति ज्ञद्दज्ञ

८.७ जडिबुटी सम्बन्धी विवरण ज्ञद्दज्ञ

८.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम ज्ञद्दद्द

**खण्ड ९ : विकास सूचकांक र गरिबीको स्थिति ज्ञद्दघ**

९.१ मानव विकास सूचकाङ्क ज्ञद्दघ

९.२ मानव गरीबी सूचकाङ्ग ९ज्ञबल एयखभचतथ क्ष्लमभह० ज्ञद्दद्ध

९.३ मानव विकास र गरीबी ज्ञद्दद्ध

९.४ गरिबी न्यूनीकरण ज्ञद्दद्ध

९.५ समग्र विकास स्थिति ज्ञद्दछ

# तालिका सूची


तालिका नं. ज्ञ : माण्डवी गाउँपालिकाको वडा विभाजन ... ठ
तालिका नं. द्द : माण्डवीको तापक्रम ... ज्ञद्द
तालिका नं. घ : गाउँपालिकामा भएका जलाधारहरुको विवरण ... ज्ञढ
तालिका नं. द्ध : जनसंख्याको विवरण ... द्दछ
तालिका नं. छ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ... द्दड
तालिका नं. ट : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ... घण
तालिका नं. ठ : पहिलो विवाह गर्दाको उमेरको विवरण ... घज्ञ
तालिका नं. ड : उमेर समूहअनुसार जनसंख्याको विवरण ... घद्ध
तालिका नं. ढ : माण्डवी गाउँपालिकाको जनसंख्या र जातको विवरण ... घछ
तालिका नं. ज्ञण : मातृभाषा अनुसार जनसंख्याको विवरण ... घट
तालिका नं. ज्ञज्ञ : धर्मअनुसार जनसंख्याको विवरण ... घड
तालिका नं. ज्ञद्द : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ... घढ
तालिका नं. ज्ञघ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ... द्धण
तालिका नं. ज्ञद्ध : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण ... द्धज्ञ
तालिका नं. ज्ञछ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ... द्धद्द
तालिका नं. ज्ञट : छानाको आधारमा घरको बनोटको विवरण ... द्धघ
तालिका नं. ज्ञठ : जगको आधारमा घरको बनोटको विवरण ... द्धद्ध
तालिका नं. ज्ञड : व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ... द्धठ
तालिका नं. ज्ञढ : स्थानीय तहको निर्वाचन मतदाता सम्बन्धी विवरण, २०७४ ... द्धड
तालिका नं. द्दण : भू-उपयोग विवरण ... छण
तालिका नं. द्दज्ञ : सार्वजनिक जग्गाको विवरण ... छज्ञ
तालिका नं. द्दद्द : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ... छट
तालिका नं. द्दघ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ... छड
तालिका नं. द्दद्ध : आश्रित जनसंख्याको विवरण ... छढ
तालिका नं. द्दछ : कृषिजन्य बाली सम्बन्धी विवरण ... टज्ञ
तालिका नं. द्दट : कृषक समूहको विवरण ... टद्द
तालिका नं. द्दठ : गाउँपालिकामा रहेका कृषक समूहको विवरण ... टद्द
तालिका नं. द्दड : विभिन्न बालीमा लाग्ने रोग विवरण ... टद्ध
तालिका नं. द्दढ : कृषि सहकारी संस्थाहरुको विवरण ... टछ
तालिका नं. घण : गाउँपालिकामा हाल उपलब्ध मुख्य सिंचाईको विस्तृत विवरण ... टठ
तालिका नं. घज्ञ : बत्ती बाल्न प्रयोग गरिने श्रोत ... डज्ञ
तालिका नं. घद्द : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ... डद्द
तालिका नं. घघ : साक्षरता दर ... डछ
तालिका नं. घद्ध : पुर्ण साक्षरता सम्बन्धी विवरण ... डछ
तालिका नं. घछ : शैक्षिक जनशक्तिको विवरण ... डट
तालिका नं. घट : विषयगत शैक्षिक जनशक्तिको विवरण ... डठ
तालिका नं. घठ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ... डड

तालिका नं. घड : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण डढ
तालिका नं. घढ : स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण ढण
तालिका नं. द्धण : माण्डवी गाउँपालिकामा रहेको स्रोतकेन्द्रको विवरण ढज्ञ
तालिका नं. द्धज्ञ : एच.आई.भी. ⁄एडस सम्बन्धी विवरण ढघ
तालिका नं. द्धद्द : द्यच्तजप्लन ऋभलतभच को विवरण ढद्ध
तालिका नं. द्धघ : परिवार नियोजन सम्बन्धी विवरण ढछ
तालिका नं. द्धद्ध : माण्डवी गाउँपालिकाको खोपको विवरण ढट
तालिका नं. द्धछ : माण्डवी गाउँपालिकामा झाडापखालाको अवश्था ढट
तालिका नं. द्धट : माण्डवी गाउँपालिकामा क्षयरोगको अवश्था ढठ
तालिका नं. द्धठ : पोषणको विवरण ढड
तालिका नं. द्धड : प्रहरी कार्यालयको विवरण ढढ
तालिका नं. द्धढ : गाउँपालिकामा वितरण भएको सामाजिक सुरक्षा सम्बन्धी विवरण ज्ञणण
तालिका नं. छण : कार्यक्रममा सहभागी समूह ⁄समिति ⁄संस्थाको विवरण ज्ञणद्द
तालिका नं. छज्ञ : माण्डवी गाउँपालिकामा संचालित बालक्लब र बालबालिका संख्या ज्ञणद्ध
तालिका नं. छद्द : अपाङ्गताको विवरण ज्ञणट
तालिका नं. छघ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत ज्ञणठ
तालिका नं. छद्ध : खानेपानीको विवरण ज्ञणड
तालिका नं. छछ : शौचालयको प्रकारकार ज्ञणढ
तालिका नं. छट : वडागत शौचालय संख्याको विवरण ज्ञज्ञण
तालिका नं. छठ : सामुदायिक वन व्यवस्थापनको विवरण ज्ञज्ञढ
तालिका नं. छड : मानव विकास सूचकको विवरण ९ज्मक्ष० ज्ञद्दघ
तालिका नं. छढ : गरीबीको दरको विवरण ज्ञद्दद्ध

# नक्सा सूची


**नक्सा नं ञ** : माण्डवी गाउँपालिकाको समग्र वस्तुस्थिति … ट

**नक्सा नं द्द** : माण्डवी गाउँपालिकाको वडा विभाजन … ड

**नक्सा नं घ** : माण्डवी गाउँपालिकाको नाम सहितका वडा विभाजन … ढ

**नक्सा नं द्ध** : माण्डवी गाउँपालिकाको उचाई विवरण … ञञ

**नक्सा नं छ** : माण्डवी गाउँपालिकाको भिरालोपना … ञछ

**नक्सा नं ट** : माण्डवी गाउँपालिकामा रहेका नदी संजाल … द्दण

**नक्सा नं ठ** : माण्डवी गाउँपालिकामा रहेका धार्मिक, तथा पर्यटकीय स्थलहरु … द्दञ

**नक्सा नं ड** : माण्डवी गाउँपालिकाको जनसंख्या विवरण … द्दद्ध

**नक्सा नं ढ** : माण्डवी गाउँपालिकाको वडाअनुसार क्षेत्रफल विवरण … द्दठ

**नक्सा नं ञण** : माण्डवी गाउँपालिकाको वडाअनुसार जनसंख्या विवरण … द्दड

**नक्सा नं ञञ** : माण्डवी गाउँपालिकाको वडाअनुसार घरधुरी विवरण … द्दढ

**नक्सा नं ञद्द** : माण्डवी गाउँपालिकाको लैङ्गिक विवरण … घघ

**नक्सा नं ञघ** : माण्डवी गाउँपालिकामा रहेको बस्तीको विवरण … द्धट

**नक्सा नं ञद्ध** : माण्डवी गाउँपालिकाको भू-उपयोग … द्धढ

**नक्सा नं ञछ** : माण्डवी गाउँपालिकाको सडक सञ्जाल … ठढ

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुनामा व्यवस्था भए बमोजिम माण्डवी गाउँपालिकाको समग्र विकासको योजना तथा जानकारी दिने प्रयोजनका लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँपालिका पार्श्वचित्र तयार गर्न लागिएको हो । भरपर्दो तथ्यांकीय आधार नै वैज्ञानिक योजना पद्धतिको जग हो । तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरुको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले गाउँपालिकामा रहेका विषयगत कार्यालयहरु तथा अन्य संघसंस्थाहरुको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरुलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँपालिका पार्श्वचित्र तयार गरिएको छ।

गाउँपालिका क्षेत्रमा रहेका आम नागरिकका लागि राज्यको अनुभुति दिलाउने तथा सम्पूर्ण नेपालीहरुलाई समान रुपमा स्तरीय सेवा प्रदान गर्ने स्थानीय सरकारको रुपमा नेपालका स्थानिय निकायहरुले काम गरिरहेका छन् । भौगोलिक अवस्थिति, भौतिक विकास एवं सामाजिक सेवाको पहूँचका आधारमा राजनैतिक तवरबाट विभाजित भौगोलिक परिधीलाई गाउँपालिका/नगरपालिका क्षेत्र भनिन्छ । गाउँपालिका एवम् नगरपालिकाको क्षेत्र/सिमालाई व्यवस्थित गर्न नेपाल सरकारले सुझाव दिन स्थानीय पुनर्संरचना आयोग गठन गरेको थियो। बहुभाषिक तथा बहुसांस्कृतिक समाज बीचको सामञ्जस्यताकासाथ स्थानीय जनताकै अग्रसरता र आवश्यकतामा आधारित विकास कार्यक्रमको चुस्त कार्यान्वयन एवं सेवाग्राहीलाई सुलभ तथा निष्पक्ष सेवाको सुनिश्चितता प्रदान गर्ने मुख्य अभिप्रायले आएको स्थानीय निकायको पुर्नसंरचना अनुसार सेवाको अनुभूति ग्रामीण तथा नगर क्षेत्रका जनतासम्म पुऱ्याउने योजना अनुरुप स्थानीय तहको भौगोलिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, जनसांख्यिक जस्ता विकासात्मक वस्तुस्थितिको जानकारी लिएर योजनाबद्ध ढंगले सर्वाङ्गीण विकास गर्न सजिलो होस् भन्ने उद्देश्यले यस गाउँपालिकाले पार्श्व चित्र ९च्चाचबा :गलष्अष्उबष्तिथ एचयाषभरगाउँपालिका पार्श्वचित्र) तयार गर्ने कार्यक्रम तय गरेको र सोही सिलसिलामा यो अध्ययन संञ्चालन भएको हो ।

यस अध्ययनले गाउँ तथा नगरको वस्तुस्थिती सम्वन्धि वस्तुगत रुपमा तथ्यपरक ढंगले संकलन गरिएको सूचनाका आधारमा वैज्ञानिक प्रविधिको उपयोग गर्दै वास्तविकतामा आधारित जानकारीहरु समेटी व्यवस्थित रुपमा यथार्थ वस्तुस्थिति प्रस्तुत गरी गाउँ कार्यपालिका र अन्य सरोकारवालाहरुलाई अल्पकालिन तथा दिर्घकालिन प्रकृतिका विकास निर्माण एवं जनचेतनामूलक कार्यक्रमहरुको संचालनमा भरपुर सहयोग पुऱ्याउनेछ ।

## १.२ अध्ययनको महत्व

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गाउँ कार्यपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले माण्डवी गाउँ कार्यपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँ पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.३ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागीतामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँ कार्यपालिकाहरुलाई दिंदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँ कार्यपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक गाउँ कार्यपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित च्याचर्बा :गलष्अष्उबष्तिथ एचयार्षभ तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्ने हुँदा नविन रहेता पनि यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँ कार्यपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवं् अनुगमन मुल्यांकनका निम्ती मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.४ अध्ययनका सीमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिमको ढाँचामा गाउँ पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ । गाउँका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्यांक, केन्द्रीय तथ्यांक विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धीत गाउँ कार्यपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्यांकको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले माण्डवी गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । यस अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । यद्यपी स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । तसर्थ यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नै महत्वपूर्ण हुन्छ । तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गरी सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले

महत्वपूर्ण भूमिका खेल्ने हुनाले गाउँपालिकामा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरी यो गाउँपालिकामा पार्श्वचित्र तयार गरिएको छ ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौधौं योजना (२०७३/७४-२०७५/७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँपालिका पार्श्वचित्र ९च्राचबा ःगलष्अष्उबष्तिथ एचयाषभि० तयार गरिएको हो ।

## १.५ गाउँ पार्श्वचित्र तयारीको उद्देश्यहरु

यस पार्श्वचित्र मूलतः माण्डवी गाउँपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो । यसले योजना तथा कार्यक्रमको निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ ।

क) गाउँपालिकाभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।

ख) गाउँपालिका क्षेत्रभित्रको संम्भावना र समस्याहरूको अवगत गराउने ।

ग) गाउँपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउनु ।

घ) गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) गाउँपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई ब्यवस्थापनमा सहयोग गर्ने ।

ज) गाउँपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण ९ँभभमदबअप० प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।

झ) गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.६ गाउँपालिका पार्श्वचित्र तयारी विधि

पार्श्वचित्र तयारीको क्रममा अपनाइएका तरिका र साधनहरूलाई अध्ययन विधिमा उल्लेख गाउँपालिकाको विभिन्न क्षेत्रको स्थलगत भ्रमण गरिएको छ । गाउँपालिका पार्श्वचित्रका तयारीका विधीहरू निम्नानुसार छन् ।

१. यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ ।

२. राष्ट्रिय जनगणना, कृषि गणना, विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेश गरिएको छ ।

३. भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान, जस्ता विषयवस्तु समावेश गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक ९एचष्बचथ० तथा द्वित्तीय ९क्भअयलमबचथ० सूचना संकलन विधिद्धारा गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क ९न्क्ष मबतब०, स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ । वडातहका समस्याहरू र खाँचोहरू वडाबासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति ९एबचतष्अष्उबतयचथ च्बउष्म ब्उउचबष्कब’० अपनाई जानकारी लिइएको छ । यसका साथै गाउँपालिकाको विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वृद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अन्तर्वार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

# खण्ड २ : माण्डवी गाउँपालिकाको परिचय

## २.१ संक्षिप्त परिचय

माण्डवी गाउँपालिका नेपालको पुरानो प्रशासनिक विभाजन अनुसार प्यूठान जिल्लामा र हाल ५ नं. प्रदेशमा पर्दछ । माण्डवी गाउँपालिका भौगोलिक हिसाबले ८२°४१'३०" देखि ८२°५०'३०" र पूर्व देशान्तरसम्म २७°५९'३०" देखि २८°६'३०" उत्तरी अक्षांश सम्म अवस्थित छ । ११३.०८ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस माण्डवी गाउँपालिकाको उत्तरमा स्वर्गद्धारी र प्यूठान नगरपालिका पश्चिमतर्फ दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन् । नेपाल सरकारको निर्णयअनुसार मिति २०७३/११/२२ गते साविकका गाविसहरु तिराम (१-४), मर्काबाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटेर माण्डवी गाउँपालिका घोषणा गरीएको थियो । शैक्षिक हिसावमा यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी ४ वटा मा.वि, ४ वटा नि.मा.वि र १७ वटा प्रा.वि गरी जम्मा २७ वटा शिक्षण संस्थाहरु संचालित छन् जसमा २ प्रा.वि मात्र संस्थागत रहेका छन् । प्यूठान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरु मध्ये विकासका सम्भावना बोकेको गाउँपालिका रहेको छ । साथै सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँपालिकावासी समेत यो गाउँपालिकाका दीगो विकासको विकासका श्रोतका रुपमा रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मगर जाति ६,०७२ जना (४०.३२ प्रतिशत), दोस्रोमा क्षेत्री ४,४८५ जना (२९.७८ प्रतिशत) र तेस्रोमा कामी १,७३२ (११.५० प्रतिशत) हरुको बसोबास रहेको छ । यस गाउँपालिकामा ५ वडाहरु रहेका छन् । गाउँपालिकाको सहरी क्षेत्रको रुपमा विकसित भएका क्षेत्रहरुमा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने बढिरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् । प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस गाउँपालिकाका स्थानीय विद्यार्थीहरु अन्य छिमेकी नगरपालिका/उपमहानगरपालिका तथा जिल्लामा जाने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होली, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।




gS;f g+ 1M माण्डवी गाउँपालिकाको समग्र वस्तुस्थीति

## २.२ भौगोलिक अवस्थिति

माण्डवी गाउँपालिका भौगोलिक हिसाबले ८२°४१'३०" देखि ८२°५०'३०" र पूर्व देशान्तरसम्म २७°५९'३०" देखि २८°६'३०" उत्तरी अक्षांश सम्म अवस्थित छ । यो गाउँपालिका समुद्री सतहबाट ४९२ मिटर उँचाईदेखि १८८२ मिटर सम्मको उँचाईमा अवस्थित छ । प्यूठान जिल्लामा अवस्थित ११३.०८ व.कि.मी. क्षेत्रफल रहेको यस माण्डवी गाउँपालिकाको उत्तरमा स्वर्गद्धारी र प्यूठान नगरपालिका, पश्चिमतिर दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन् । पहाडी क्षेत्रमा पर्ने गाउँपालिकाको खेतियोग्य उर्वर जमिनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा बस्ती विकासको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । जंगल र जलाधार क्षेत्रको कमि नभएको यस गाउँपालिकाको परिसरमा सानाठूला गरी धेरै खोला तथा नदीहरु रहेका छन् ।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना वमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्री संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका गाविसहरु तिराम (१-४), मर्कावाङ, नयाँ गाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटर ५ वटा वडाहरु कायम गरिएको हो । हाल माण्डवी गाउँपलिकाको संरचना यस प्रकार रहेको छ ।

तालिका नं. १ : माण्डवी गाउँपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका सविक गा.वि.स.रन.पा. | सविकको वडा नं. |
|---|---|---|
| १ | तिराम | १–४ |
| २ | मर्कावाङ | १–९ |
| ३ | नयाँगाउँ | १ – ९ |
| ४ | उदयपुरकोट | १ – ९ |
| ५ | रम्दी | १ – ९ |




gS;f g+ 2M माण्डवी गाउँपालिकाको वडा विभाजन




gS;f g+ 3M माण्डवी गाउँपालिकाको नाम सहितका वडा विभाजन

## २.४ भूक्षेत्र (टोपोग्राफी)

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

माण्डवी गाउँपालिकाको कुल क्षेत्रफल ११३.०८ वर्ग कि.मि. मा २१.७० वर्ग कि.मि. खेतीपातीको लागि उपयोग भएको देखिन्छ । करीव ७६.३२ वर्ग कि.मि. जमिन वनजंगलले ओगटेको छ भने २.३५ वर्ग कि. मि. जलक्षेत्रले ओगटेको छ । प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी हुनुको साथै राम्रो जलाधार भएको गाउँपालिका हो। गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, कोदो, मास, मुसुरो, अरहर, तोरी आदी हुन्।

### २.४.२ भू-आकृति तथा माटोको बनोट

माण्डवी गाउँपालिका हालको नयाँ संरचना अनुसार प्रदेश नं. ५ अन्तरर्गत रहेको पहाडी जिल्ला प्यूठानमा पर्दछ । गाउँपालिका समुद्री सतहबाट ४९२ मिटर उँचाईदेखि १८८२ मिटर सम्मको उँचाईमा अवस्थित रहेको छ । यो जिल्लाको दक्षिण भागमा चुरे क्षेत्र, पश्चिममा महाभारत पहाड पर्दछ भने उत्तरी भू-भाग तल्लो हिमाली क्षेत्र पर्दछ ।

#### (क) पहाडी भाग (९१५-१८८२ मि.)

९१५ मीटर उचाई देखि २१३४ मीटर सम्मको भाग पर्ने स्थान पहाडी भागमा पर्दछ । स्वस्थ्यकर हावापानी समेत भएको यस भेगमा पाखो बारीमा समेत राम्रो खेती हुन्छ । घनावस्ती भएको यस भागमा मकै, गहुं, धान, कोदो, आलु उत्पादन गरिन्छ । यस भेगको जंगलमा कटुस चांप, ओखर चिउरी, पिपल टिमुर, चिलाउने, साल आदिका रुख पाईन्छन । सवै किसिमका जात जातिका वसोवास यस क्षेत्रमा पाईन्छ ।

#### (ख) बेशी (४९२-९१५ मि.)

समुद्री सतहबाट ४९२ देखि ९१५ मि. उचाई सम्मको भाग लाई माण्डवी गाउँपालिकाको बेशी भाग हो । तराई तथा भित्री मधेशको समेत हावापानी पाउने यस भेगमा समथर खेतबारी रहेको र राम्रो खेती हुन्छ । घनाबस्ती समेत रहेको यस क्षेत्रमा व्यापारिक कृयाकलाप फस्टाउनुको साथै साना घरेलु उद्योगहरु समेत रहेका छन । साल, शिरीस, वैदार, बाँस, निगालो, चिउरी आदिका रुखहरु पाइन्छन् भने मकै, गहुँ, धान खेती गरिन्छ ।




gS;f g+ 4M माण्डवी गाउँपालिकाको उचाई विवरण

### २.४.३ हावापानी

जलवायुको हिसाबले यस गाउँपालिकामा उष्ण तथा समशितोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा यहाँको ताफक्रम औषत अधिकतम ३२.४ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्युनतम ८.० डिग्री सेल्सियससम्म पुग्छ। यस गाउँपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. २ : माण्डवीको तापक्रम

| सि.न. | महिना | औषत अधिकतम तापक्रम | औषत न्यूनतम तापक्रम | वर्षा मि.मि. | सापेक्षिक आर्द्रता |
|---|---|---|---|---|---|
| १ | बैशाख | ३२.४ | १९.३ | ८८.३ | ४६.९ |
| २ | जेष्ठ | ३१.२ | २३.१ | २४७.८ | ८७.८ |
| ३ | आषाढ | ३१.२ | २३.५ | ४४८.७ | ९०.१ |
| ४ | श्रावण | ३०.१ | २२.७ | ४३३.३ | ९०.८ |
| ७ | भाद्र | ३२.३ | २१.० | १४८.५ | ८९.५ |
| ६ | आश्विन | २४.० | १७.५ | ७२.६ | ८४.५ |
| ७ | कार्तिक | २६.५ | ११.० | ०.० | ७८.४ |
| ८ | मंशिर | २२.८ | ८.२ | ०.० | ८७.० |
| ९ | पुष | २१.६ | ८.० | २२.३ | ८५.९ |
| १० | माघ | २२.५ | ९.४ | ३१.० | ८४.९ |
| ११ | फाल्गुण | २४.८ | १२.० | ०.० | ७८.१ |
| १२ | चैत्र | ३०.७ | १४.८ | ६५.९ | ७४.५ |

*स्रोतः जल तथा मौसम विज्ञान विभाग, २०७२*



## २.५ भू-क्षेत्रको बर्गीकरण

माण्डवी गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्‌दै जाने ९म्भनचबमक्ष्लन० क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रबृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छः

**क) क्यिउभ ज्ञड्ड(छड्ड (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा पराम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

**ख) क्यिउभ 5º-30º (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ

यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको

खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। अलिकति पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**ग) Slope = 30º–40º माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**

माटोको पत्र २० से.मि. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जनिमनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पु्याउने ठूलो सम्भावना रहन्छ । यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको  उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतीको लागि उपयुक्त हुँदैन।

**घ) Slope > 40º माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लगि अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैँ एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण ९चभअबिष्ट० गन असम्भवन नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।




gS;f g+ 5M माण्डवी गाउँपालिकाको भिरालोपना

## २.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस  माण्डवी गाउँपालिको गाउँपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि यस गाउँपालिकालाई बस्न लायक ठाउँको रुपमा विकसित गर्न सकिन्छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र/ कोल्ड स्टोर, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई  व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो गाउँपालिका गहनाको रुपमा गौमुखी, झाँक्रीढुङ्गा, ईश्नादेवि लगायत विभिन्न मठ मन्दिर तथा यहाँको लोक सँस्कृति आदि छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

देशमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई सिपमूलक तालिम प्रदान गरी गर्ने व्यवस्था भएमा गाउँपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त माण्डवी गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- गाउँपालिक क्षेत्रभित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषी उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषी उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषी उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- यस गाउँपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।
- गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.७ गाउँपालीकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु

यस माण्डवी गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

अवसर तथा सम्भावनाहरु

- वन, उर्बर कृषि जमिन, नदी नाला र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- शिक्षित मानविय स्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- जनसांख्यिक लाभांशको अवसर उपलब्ध हुनु ।
- शैक्षिक तालिम केन्द्रहरुको संचालनमा व्यवस्था ।

समस्या तथा चुनौतीहरु

- पर्यटन क्षेत्रको विकासका लागि ठोस योजना नहुनु ।
- विकास निर्माणको काममा जनसहभागिताको कमी हुनु ।
- गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- गाउँपालिका क्षेत्र भित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- कृषियोग्य भएतापनि आधुनिक तथा व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- आयस्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- आकासे पानीमा निर्भर सिचाई
- पराम्परागत कृषि प्रणाली
- वर्षेनी ढुवान तथा कटानको समस्या कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.८ गाउँपालिकाको अन्तर गाउँपालिका सम्बन्ध

गाउँपालिकाहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपलिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँपालिका तथा गाउँबाट आउने गरेको देखिन्छ। पहाडी क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन । मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तर गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ। साथै, यस गाउँपालिकाको छिमेकी न.पा/गाउँपालिकाका सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.९ नदी तथा खोलानालाहरु



गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि नाला, खोला र असंख्य पोखरीहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी तथा पोखरीहरुबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी/खोला तथा पोखरीमा भूक्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक झिमरुक खोला, माडी खोला, गर्तङ्ग खोला र चुदरी खोला यस गाउँपालिकामा रहेका प्रमुख खोलाको रुपमा रहेको छ ।

तालिका नं. ३ : गाउँपालिकामा भएका जलाधारहरुको विवरण

| सि.नं. | जालाधारको नाम | क्षेत्रफल कि.मी. | समेटिएको क्षेत्र वा ठाउँ | प्राथमिकत.क्रम | कैफियत |
|---|---|---|---|---|---|
| ज्ञ | तल्लो झिम्रुक १ | २१.९१ | रम्दी ४,५ | १३ | |
| द्द | कचर खोला जलाधार | १६.७९ | रम्दी ४ | ४ | आ.व.७२/०७३ उपजलाधार योजना तयार भएको |
| घ | तल्लो झिम्रुक २ | ८०.३९ | रम्दी १,२,३,४ | १४ | |
| द्ध | माडी खोला ३ | ३१.८१ | उदयपुरकोट ५,७ | १९ | |
| छ | माडी खोला ४ | ६५.५४ | नयागाउ १,२,३,४,५,६,७,८,९ रम्दी ३,४,५,६,८,९ उदयपुरकोट १,२,३,४,५,८,९ | २२ | |
| ट | माथिल्लो अरुङ खोला | ६८.२ | उदयपुरकोट ४,५,६,७ | २६ | |
| ठ | तल्लो अरुङ खोला | ३४.५१ | मर्काबाङ १,२,३,४,५,६,७,८,९ नयागाँउ १ तिराम १,२,३ उदयपुरकोट १,३,४ | १७ | |
| ड | माडी खोला ५ | ४०.१ | मर्काबाङ १,२,३ नयागाँउ १ रम्दी २,३,६,७,८ तिराम १,२,३,४,५,६,७,८,९ | १६ | |
| ढ | मडी ५ र तल्लो माडी | ८८.६९ | रम्दी २ तिराम ५ | १८ | |
| ज्ञण | गनाह खोला | ३५.५ | तिराम ६,९ | २४ | |
| ज्ञज्ञ | बङशाल खोला | ३८.५४ | तिराम ५,६ | २८ | |

*स्रोत: जिल्ल समन्वय समिति, प्यूठान २०७३*




gS;f g+ 6M माण्डवी गाउँपालिकामा रहेका नदी संजाल

## २.१० धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




gS;f g+ 7M माण्डवी गाउँपालिकामा रहेका धार्मिक, तथा पर्यटकीय स्थलहरु



अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

## २.११ मुख्य चाडपर्वहरु



यस माण्डवी गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरु रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, कूल-थानी पूजा, ग्रामथान पूजा, कर्कट संक्रान्ति, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार

पर्वहरु, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे, होली, जेष्ठ पूर्णिमा, असारे १५ आदि चाडपर्वहरु रहेका छन् ।

## २.१२ संस्कृति, कला, भाषा र साहित्य

परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, झ्याउरे भाका र दोहोरी गीत आदि यस गाउँपालिकामा सर्वाधिक लोकप्रिय छन् । बैशाखी पूर्णिमा, असार १५ मा दही चिउरा, बैशाख संक्रान्ति, जेठानी पूर्णिमा, भदौरे औंसी, साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैँ, सराया, तिहार, देउली, कार्त्तिक पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा (होली), रामनवमी, ठूलो एकादशी यहाँका जनमानसले मनाउने मुख्य पर्वहरु हुन् । रजबारा मेला, खैरा, फूलबारीको मेला, गुरुङ्गको घाँटु नाच आदि नृत्य एवं पर्वहरु भव्यताका साथ मनाइन्छ । यस वाहेक, भाइटिकाको अर्को दिन तृतीयादेखि पञ्चमीसम्म डल्ले सराया (बिजुवार नजिक) उल्लासजनक रुपमा मनाइन्छ भने दाखाक्वाडीको हिक्मतेश्वर मेला पनि उत्तिकै महत्वका साथ लिइन्छ । यी अवसर एवं पर्वहरुमा लट्ठी र तरवारको रोमाञ्चक खेल देखाइन्छ । बिजुलीकोट जात्रा, मसानपाटी (सारिवांग) को कात्तिके जात्रा र मरन्ठानाको ठूलासिम मेला पनि उत्तिकै हर्षोल्लासका साथ मनाइन्छ । खलंगामा घण्टाकर्णदेखि ऋषितर्पणी पूर्णिमासम्म लाखे नाच, गाईजात्रा, पल्टन जात्रा, गणेश जात्रा र माघे पूर्णिमामा मनाइने खरजात्रा पनि लोकप्रिय छन् । नृत्यहरुको सन्दर्भमा पुरसुंगे मारुनी नाच, मादीखोला नाच र यहाँका अन्य लोक नाचहरुको आफ्नै पहिचान र इतिहास छ । यस्ता नृत्य र पर्वहरु यहाँ आउने पर्यटकहरुका लागि आकर्षणका केन्द्रविन्दु हुन सक्छन् र स्थानीय जनतालाई पर्यटनबाट लाभान्विन गराउनका लागि पूर्ण सक्षम हुन्छन् ।



# खण्ड ३ : जनसाङ्खिक विवरण




gS;f g+ 8M माण्डवी गाउँपालिकाको जनसंख्या विवरण

## ३.१ जनसंख्याको विवरण

कुनैपनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा गाउँपालिकास्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ ।

तालिका नं. ४ : जनसंख्याको विवरण

| विवरण | वि.सं.२०६८ |
|---|---|
| जम्मा जनसंख्या | १५०५८ |
| पुरुष | ६५७७ (४३.६८ प्रतिशत) |
| महिला | ८४८१ (५६.३२ प्रतिशत) |
| लैंगिक दर (प्रति सय महिलामा पुरुषको संख्या) | ७७.५५ |
| जम्मा घरधुरी | ३,०६८ |
| औषत परिवार आकार | ४.९१ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६८.३० |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | १३३ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा माण्डवी गाउँपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार माण्डवी गाउँपालिकाको जनसंख्या १५,०५८ रहेको छ जस मध्ये पुरुष ४३.६८ प्रतिशत (६,५७७ जना) र महिला ५६.३२ प्रतिशत (८,४८१ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात ९क्भह च्वतष्य० अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७७.५५ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) १३३ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ४८.८८ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४४.१५ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ६.९७ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार माण्डवी गाउँपालिकामा ३,०६८ घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गा.पा.को कुल जनसंख्या मध्ये २.१६ प्रतिशत (३२५ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये १५९ जना पुरुष र १६६ जना महिला छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ४.९१ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण



gS;f g+ 9M माण्डवी गाउँपालिकाको वडाअनुसार क्षेत्रफल विवरण



**gS;f g+ 10M** माण्डवी गाउँपालिकाको वडाअनुसार जनसंख्या विवरण

तालिका नं. ५ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत परिवार आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | १८.५५ | ५.०४ | ५७३ | २,८८९ | १२६५ | १६२४ | १५६ |
| २ | २२.०७ | ५.१५ | ६०६ | ३,११८ | १३७३ | १७४५ | १४१ |
| ३ | १९.६१ | ४.५६ | ७६० | ३,४६२ | १४९६ | १९६६ | १७७ |
| ४ | ३१.३७ | ५.२२ | ६०४ | ३,१५५ | १३६४ | १७९१ | १०१ |
| ५ | २१.४७ | ४.६४ | ५२५ | २,४३४ | १०७९ | १३५५ | ११३ |
| जम्मा | ११३.०७ | ४.९१ | ३,०६८ | १५,०५८ | ६,५७७ | ८,४८१ | १३३ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस माण्डवी गाउँपालिकामा नेपाल सरकारको निर्णयअनुसार मिति २०७३ फागुन २७ गते साविकका गाविसहरु तिराम (१-४), मर्काबाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटेर माण्डवी गाउँपालिका घोषणा गरीएको थियो हाल यस गाउँपालिकामा ५ वटा वडाहरु कायम गरिएको छ।

माण्डवी गाउँपलिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ३ रहेको छ जसमा जम्मा जनसंख्या ३,४६२ (पुरुषको १,४९६ जना र महिलाको १,९६६ जना) रहेको छ । यस वडाको औषत परिवार आकार ४.५६ र घरधुरी संख्या ७६० रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं.५ रहेको छ जसको जनसंख्या २,४३४ ( पुरुष १,०७९ जना र महिलाको १,३५५ जना) रहेको छ भने घरधुरी संख्या ५२५ र औसत परिवार संख्या ४.६४ रहेको छ। सबै भन्दा बढी जनघनत्व भएको वडा नं ३ रहेको छ जसको जनघनत्व १७७ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ भने वडा नं ४ को सबैभन्दा कम जनघनत्व १०१ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तालिकालाई तल स्तम्भ चित्रमा देखाईएको छ।






gS;f g+ 11M माण्डवी गाउँपालिकाको वडाअनुसार घरधुरी विवरण

## ३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको  मञ्जुरी नभए वीस वर्ष नपुगि विवाहवारी गर्न नहुने कानूनी व्यवस्था रहेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो समयमा सूचना प्रविधि र सामाजिक सञ्जालको दुरुप्रयोग गरेर आफुखुसी विवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

यस माण्डवीगाउँपालिकाको वैवाहिक स्थितिको तल विश्लेषण गरिएको छ ।

तालिका नं. ६ :१० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १८५० | १८७२ | २११ | ३६८ | ७२ | ११ | ० | ४३८४ |
| महिला | १९१३ | ३५१३ | ११७ | ४५३ | ३३९ | ५ | ८ | ६३४८ |
| जम्मा | ३७६३ | ५३८५ | ३२८ | ८२१ | ४११ | १६ | ८ | १०७३२ |
| प्रतिशत | ३५.०६ | ५०.१८ | ३.०६ | ७.६५ | ३.८३ | ०.१५ | ०.०७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा यस गाउँपालिकाको १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका जनसंख्याको वैवाहिक स्थिति  देखाइएको छ। जसमा १० वर्ष भन्दा माथिका कुल १०,७३२ मा ३,७६३ अर्थात ३५.०६ प्रतिशत कहिल्यै विवाह नभएका रहेका छन् । यस गाउँपालिकामा कुल जनसंख्याको ६४.९४ प्रतिशत विवाहित छन् । १० वर्ष वा सो भन्दा माथिका जनसंख्यालाई आधार मानेर वैवाहिक स्थिति हेर्दा १०,७३२ मध्येमा ५,३८५ जना (५०.१८ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने ३२८ जना (३.०६ प्रतिशत) रहेको छ। पुनः विवाह गर्ने ८२१ जना (७.६५ प्रतिशत), विधुवा/विधुर ४११ जना (३.८३ प्रतिशत), पारपाचुके भएका १६ जना (०.१५ प्रतिशत) र छुट्टिएका ८ जना (०.०७ प्रतिशत) रहेका छन्।

गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा ३०.४७ प्रतिशतले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या २११ हुँदा बहु विवाह गर्ने महिलाको संख्या ११७ रहेको देखिन्छ जहाँ २८.६६ अन्तर देखिन्छ भने विदुर पुरुषको संख्या ७२ र विधवा महिलाको संख्या ३३९ रहेको छ यसले समाजिक रुपमा महिला र पुरुषको वैवाहिक असमान स्थिति देखिन्छ यसको साथै नेपाली समाजमा रहेको पितृसत्तात्मक स्वरुप देख्न सकिन्छ । यसको विवरणलाई तल बार ग्राफ बाट प्रस्तुत गरिएको छ।




## ३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं. ७ : पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | ज्ञण वर्ष सम्ममा | ज्ञण-ज्ञद्ध वर्ष | ज्ञछ-ज्ञढ वर्ष | द्दण-द्दद्ध वर्ष | द्दछ-द्दढ वर्ष | घण-घद्ध वर्ष | घछ-घढ वर्ष | द्धण-द्धद्ध वर्ष | द्धछ-छण वर्ष | छण वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ४ | ८६ | १२४० | ८६२ | २५२ | ६८ | १५ | ९ | ० | १ | २,५३७ |
| महिला | ४३ | ५७७ | ३१०६ | ६५० | ६१ | ११ | २ | १ | ० | ० | ४,४५१ |
| जम्मा | ४७ | ६६३ | ४,३४६ | १,५१२ | ३१३ | ७९ | १७ | १० | ० | १ | ६,९८८ |
| प्रतिशत | ०.६७ | ९.४९ | ६२.१९ | २१.६४ | ४.४८ | १.१३ | ०.२४ | ०.१४ | ०.०० | ०.०१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथि उल्लेखित तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। माण्डवी गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ४,३४६ अर्थात् सबैभन्दा बढी (६२.१९ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या १,५१२ (२१.६४ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या ६६३ (९.४९ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ४७ (०.६७ प्रतिशत) रहेको देखिन्छ । माथि तालिकाको विस्तृत विवरण तल स्तम्भ चित्र बाट अझ स्पष्ट गरिएको छ ।




माथिको तालिका र स्तम्भलाई अध्ययन गर्दा यस गाउँपालिकामा बाल विवाहको समस्या रहेको देखाउँछ । नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको  मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानून व्यवस्था गरेको छ यद्यपि माण्डवी गाउँपालिकामा ६२.१९ प्रतिशतले १५ वर्षदेखि १९ वर्षमा र ९.४९ प्रतिशतले १० देखि १४ वर्षमा विवाह भइसकेको पाईयो जुन उपयुक्त उमेर अगावै हुनुको साथै नेपालको कानून विपरित मानिन्छ । गाउँमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलनको साथै पछिल्लो समय आफुखुसी उमेर अगावै विवाह गर्ने प्रवृत्ति रहेको देखिन्छ जसलाई समाधान गर्न सरकार र सरोकारवालाहरुले उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ।

## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण




gS;f g+ 12M माण्डवी गाउँपालिकाको लैङ्गिक विवरण

तालिका नं. ८ : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०□४ | १०३८ | १००९ | २,०४७ | १३.५९ | १.०३ |
| ५□९ | ११५५ | ११२४ | २,२७९ | १५.१३ | १.०३ |
| १०□१४ | ११२६ | ११९६ | २,३२२ | १५.४२ | ०.९४ |
| १५□१९ | ६३४ | ९८६ | १,६२० | १०.७६ | ०.६४ |
| २०□२४ | ३१७ | ७७२ | १,०८९ | ७.२३ | ०.४१ |
| २५□२९ | ३०९ | ६६८ | ९७७ | ६.४९ | ०.४६ |
| ३०□३४ | २५० | ४९५ | ७४५ | ४.९५ | ०.५१ |
| ३५□३९ | २५८ | ४४४ | ७०२ | ४.६६ | ०.५८ |
| ४०□४४ | २७६ | ३८३ | ६५९ | ४.३८ | ०.७२ |
| ४५□४९ | २४२ | ३२७ | ५६९ | ३.७८ | ०.७४ |
| ५०□५४ | २४० | ३१८ | ५५८ | ३.७१ | ०.७५ |
| ५५□५९ | २१२ | २२९ | ४४१ | २.९३ | ०.९३ |
| ६०□६४ | १९९ | २०५ | ४०४ | २.६८ | ०.९७ |
| ६५□६९ | १५१ | १२४ | २७५ | १.८३ | १.२२ |
| ७०□७४ | ८२ | १११ | १९३ | १.२८ | ०.७४ |
| ७५□७९ | ४९ | ४६ | ९५ | ०.६३ | १.०७ |
| ८०□८४ | २५ | २८ | ५३ | ०.३५ | ०.८९ |
| ८५□८९ | १२ | ११ | २३ | ०.१५ | १.०९ |
| ९०□९४ | १ | ३ | ४ | ०.०३ | ०.३३ |
| ९५ | १ | २ | ३ | ०.०२ | ०.५० |
| जम्मा | **६,५७७** | **८,४८१** | **१५,०५८** | १००.०० | ०.७८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस गाउँपालिकामा २०६८ को जनगणना अनुसार, ०-१४ वर्ष उमेर समूहको संख्या ६,६४८ ( ४४.१५ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या ५,७९२ (३८.४६ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या ९,६८२ (६४.३० प्रतिशत) रहेको छ भने लैङ्गिक आधारमा हेर्दा काम गर्ने उमेर समूह अर्थात् सक्रिय जनसंख्यामा पुरुषको ३,८६४ (३९.९१ प्रतिशत) र महिलाको जनसंख्या ५,८१८ (६०.०९ प्रतिशत) रहेको र यसप्रकार सक्रिय महिला र पुरुषको जनसंख्याको अन्तर २०.१८ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दा माथि उमेर समूहको संख्या १,०५० (६.९७ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाउँपालिकमा मानव स्रोतको राम्रो सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस गाउँपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ । जसलाई विस्तृतरुपमा बुझ्न तल पिरामिड चित्रमा देखाइएको छ।

उमेर समूहअनुसार जनसख्याको विवरण




## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण

तालिका नं. ९ : माण्डवी गाउँपालिकाको जनसंख्या र जातको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत | क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मगर | ६,०७२ | ४०.३२ | ७ | सार्की | ३३५ | २.२२ |
| २ | क्षेत्री | ४,४८५ | २९.७८ | ८ | सन्याशी/दशामी | २७६ | १.८३ |
| ३ | कामी | १,७३२ | ११.५० | ९ | ठकुरी | २०० | १.३३ |
| ४ | ब्राम्हण पहाडी | ८७१ | ५.७८ | १० | अन्य | २७५ | १.८३ |
| ५ | दमाई/ढोली | ४५६ | ३.०३ | | **जम्मा** | **१५,०५८** | **१००.००** |
| ६ | घर्ती/भुजेल | ३५६ | २.३६ | | | | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

गाउँपालिकामा सामाजिक संरचनाको दृष्टीकोणबाट विविधता रहेको पाइन्छ । गाउँपालिकाको सामाजिक संरचना हेर्दा वहुभाषिक, वहुधार्मिक र वहुजातिय संरचना रहेको देखिन्छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार प्युठान जिल्लामा कुल २० किसिमका जातजातिको बसोबास रहेको छ । यसरी प्युठान जिल्लामा अवस्थित माण्डवी गा.पा. मा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी जाति मगर ६,०७२ जना (४०.३२ प्रतिशत), दोस्रोमा क्षेत्री ४,४८५ (२९.७८ प्रतिशत) र तेस्रोमा कामी १,७३२ (११.५०%), ब्राम्ह्ण पहाडी ८७१ (५.७१ प्रतिशत) दमाई/ढोली ४५६ (३.०३

प्रतिशत) रहेका छन् त्यस्ता नेवार, कहार, घर्ती भुजेल सार्की , ठकुरी लगायतका जातजातिको बसोबास रहेको छ जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ ।




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

तालिका नं. १० : मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १५,०११ | ९९.६९ |
| २ | मगर | २० | ०.१३ |
| ३ | थारु | ९ | ०.०६ |
| ४ | अन्य | १७ | ०.११ |
| ५ | उल्लेख नगरिएको | १ | ०.०१ |
| | जम्मा | १५,०५८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

नेपाल एक वहुभाषीक र वहुसाँस्कृतीक विविधता युक्त राष्ट्र हो । यस गाउँपालिकामा पनि भाषीक विविधता रहेको देखिन्छ । यस गाउँपालिकामा अक्सर बसोबास गर्ने व्यक्तिहरूले नेपाली भाषा वाहेक बोल्ने विभिन्न मातृभाषाहरूको बाहुल्यता नभएता पनि विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा नेपाली भाषा नै बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात १५,०११ (९९.६९ प्रतिशत) रहेको देखिन्छ । नेपाली भाषाको वर्चश्व रहेको यस माण्डवी गाउँपालिकामा नेपाली बाहेक मगर ,थारु, नेवारी आदि भाषा बोल्नेहरुको संख्या तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ । सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तल उल्लेख गरीएको छ ।




## (क) आदिवासी

यस गाउँपालिकाको कुल जनसंख्या १५०५८ मध्ये ४३.५४ प्रतिशत (६५५६ जना) जनसंख्या आदिवासी (मगर, थारु, नेवार, तामाङ, गुरुङ आदि) रहेका छन् । जसमा सबैभन्दा बढी मगर जातिको संख्या ६०७२ ( ४०.३२ प्रतिशत) रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। यी समुदायद्वारा माण्डवी गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुऱ्याएको देखिएतापनि यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले पछाडि परेको देखिन्छ। माण्डवी गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन क्षमता विकास, शसक्तिकरण जस्ता विशेष कार्यहरु पहल गर्नु पर्ने देखिन्छ।

## (ख) उत्पीडित तथा सिमान्तकृत समुदाय

नेपालको संविधानको भाग ३४ अन्तर्गत धारा ३०६ को (ड) मा सीमान्तीकृत समुदाय भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ भनि उल्लेख गरेको छ ।

जात जातिको हिसावले माण्डवी गाउँपालिकामा तेस्रो ठुलो समुदायको रुपमा रहेका उत्पीडितहरूले लगभग १६.७६ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., नि.मा.वि र मा.वि.मा अध्ययन गर्ने छात्रछात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को

कानुनी व्यवस्था अन्तर्गत जातीय छुवाछुतलाई  कानूनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ४ दशक हुन लाग्दा पनि उत्पीडित र उपेक्षित समुदायले सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। माण्डवीको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

धर्म अनुसार जनसंख्याको वितरणलाई अध्ययन गर्दा यस गाउँपालिकाका अधिकांश मानिसहरूले सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ। अन्य समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ । पहाडी समुदायहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र आदिलाई रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसंग तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। गाउँपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन् । जस्तै हिन्दूधर्मावलम्बीहरुले बडा दशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध, कूल-थानी पूजा आदि चाडपर्वहरु मनाउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती तथा विभिन्न ल्होसार पर्व, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरुले ईद, वकरईद आदि र क्रिश्चियनहरुले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन् । यहाँको भेषभूषा लाई हेर्दा महिलाले साडी, चोलो तथा पुरुषले धोती, कुर्ता, कमेज लगाउँछन् । पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने मगरहरुले घलेक लगाउँछन् । तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् ।

तालिका नं. ११ : धर्मअनुसार जनसंख्याको विवरण

| धर्म | हिन्दु | क्रिश्चियन | प्रकृति | इस्लाम | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| संख्या | १५०३५ | १२ | ६ | ४ | १ | १५०५८ |
| प्रतिशत | ९९.८५ | ०.०८ | ०.०४ | ०.०३ | ०.०१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा माण्डवी गाउँपालिकाको धर्मअनुसार जनसंख्याको तथ्यांकलाई देखाइएको छ । धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या १५,०५८ जनामा ९९.८५ प्रतिशत (१५,०३५ जना) हिन्दु धर्मावलम्बीहरु रहेका छन् भने क्रिश्चियन, प्रकृति, ईस्लाम धर्म मान्नेहरुको संख्या तुलनात्मक रुपमा कम देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरीएको छ ।




## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. १२ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५४४ | १९ | ५ | ५ | ५७३ |
| २ | ५८४ | ९ | ६ | ७ | ६०६ |
| ३ | ६९८ | ३८ | २२ | २ | ७६० |
| ४ | ५९६ | ६ | ० | २ | ६०४ |
| ५ | ५०६ | ११ | ८ | ० | ५२५ |
| जम्मा | २,९२८ | ८३ | ४१ | १६ | ३,०६८ |
| प्रतिशत | ९५.४४ | २.७१ | १.३४ | ०.५२ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा माण्डवी गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा जम्मा ३,०६८ घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या २,९२८ (९५.४४ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ८३ (२.७१) प्रतिशत रहेको देखिन्छ । त्यस्तै संस्थागत घरधुरी ४१ (१.३४ प्रतिशत) र अन्य घरधुरीको संख्या १६ (०.५२ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. ३ मा भाडाको

घरधुरी सबैभन्दा बढी देखिन्छ भने अन्य सबै वडाहरुमा निजी स्वामित्वको घरहरु धेरै देखिन्छ । यसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ ।




## ३.१० महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं. १३ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ४७ | ५२० | ६ | ५७३ |
| २ | ४३ | ५५५ | ८ | ६०६ |
| ३ | ४० | ७२० | ० | ७६० |
| ४ | १९ | ५८५ | ० | ६०४ |
| ५ | ५५ | ४६६ | ४ | ५२५ |
| जम्मा | २०४ | २,८४६ | १८ | ३,०६८ |
| प्रतिशत | ६.६५ | ९२.७६ | ०.५९ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा माण्डवी गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा नभएको घरधुरी संख्या २,८४६ (९२.७६ प्रतिशत) र स्वामित्व भएको घरधुरी संख्या २०४ (६.६५ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या १८ (०.५९ प्रतिशत) रहेको छ । अझै पनि महिलाको घरमा स्वमित्व नगन्य छ जबकी जनसंख्यको हिसाबमा १२.६४ प्रतिशत महिलाको संख्या बढी छ । माण्डवीको यो तथ्याकंले लैङ्गिक असमानताको अवस्थालाई देखाउँछ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




माथिको विवरण र स्तम्भलाई हेर्दा लैङ्गीक हिसाबले स्वामित्वको असमान स्थिति रहेको छ। माण्डवी गाउँपालिकाको यो विवरणले आजको समयमा पनि लैङ्गिक असमानताकोक स्थिति चित्रण गर्दछ। घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ। यस्तो खालको अन्तरलाई कम गर्न गाउँपालिकाले विशेष खालका कार्यक्रमहरु ल्याउनु पर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

## ३.११ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

तालिका नं. १४ : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ७३ | ४९४ | ६ | ५७३ |
| २ | ७३ | ५२५ | ८ | ६०६ |
| ३ | ६३ | ६९७ | ० | ७६० |
| ४ | ३६ | ५६८ | ० | ६०४ |
| ५ | ८३ | ४३८ | ४ | ५२५ |
| जम्मा | ३२८ | २,७२२ | १८ | ३,०६८ |
| प्रतिशत | १०.६९ | ८८.७२ | ०.५९ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस माण्डवी गाउँपालिकामा जग्गामा महिलाको स्वामित्व भएको विवरण अनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या ३२८ (१०.६९ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या २,७२२ (८८.७२ प्रतिशत) रहेको छ। विवरणले घरमा महिलाको स्वामित्व भन्दा जमिनमा केही बढी देखिन्छ।




माथिको विवरण र स्तम्भलाई अध्ययन गर्दा जमिनमा महिलाको स्वामीत्वमा समानता कायम गर्न नेपाल सरकारले भूमि सम्बन्धी कारोबार गर्दा महिलाको नाममा केही छुट दिएको छ यसंले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ । घरमा महिलाको स्वामित्व ६.६५ प्रतिशत रहेकोमा जमिनमा महिलाको स्वामित्व १०.६९ प्रतिशत रहेको छ यसको प्रमुख कारण सरकारले जमिन सम्बन्धी लागू गरेको नीति हो । यद्यपि लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ । यस ठुलो अन्तरलाई कम गर्न विशेष खालका महिला केन्द्रित कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ ।

## ३.१२ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं. १५ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | काठ/ फल्याक | बाँसजन्य सामग्री | काँचो ईटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५६३ | १ | १ | २ | ० | ० | ६ | ५६३ |
| २ | ६०३ | ० | ० | १ | ० | ० | २ | ६०३ |
| ३ | ६६५ | ५७ | २ | १५ | ० | ० | २१ | ६६५ |
| ४ | ५८६ | १ | ५ | ४ | १ | ४ | ३ | ५८६ |
| ५ | ५०४ | १७ | ० | २ | ० | ० | २ | ५०४ |
| जम्मा | २,९२१ | ७६ | ८ | २४ | १ | ४ | ३४ | २,९२१ |
| प्रतिशत | ९५.२१ | २.४८ | ०.२६ | ०.७८ | ०.०३ | ०.१३ | १.११ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस माण्डवी गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ इँटा तथा ढुंगाबाट बनेका गारोको सबैभन्दा धेरै घरधुरी संख्या २,९२१ (९५.२१ प्रतिशत) छ भने सबैभन्दा कम काँचो ईटाबाट बनेका गारोको घरधुरी संख्या १ (०.०३ प्रतिशत) रहेको छ । यसैगरी काठ तथा फल्याकको बाहिरी गारो भएको घरधुरी संख्या ८ (०.२६ प्रतिशत), सिमेन्टको जोडाई भएको ईटा ढुङ्गाबाट बनेको गारोको घरधुरी संख्या ७६ (२.४८ प्रतिशत), बाँसजन्य समाग्रीबाट बनेको घरधुरी संख्या २४ (०.७८ प्रतिशत) रहेको छ भने अन्य ४ (०.१३ प्रतिशत) र उल्लेख नगरिएको ३४ (१.११ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ । त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाई भएको इँटा तथा ढुङ्गाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ६६५ वडा नं. ३ मा रहेको देखिन्छ भने सबैभन्दा कम घरधुरी संख्या ५०४ वडा नं ५ मा रहेको देखिन्छ ।




## ३.१४ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. १६ : छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४२३ | १३४ | ९ | ० | ० | ७ | **५७३** |
| २ | ४८० | ११७ | ७ | ० | ० | २ | **६०६** |
| ३ | १७२ | ४०६ | १२० | ४१ | ० | २१ | **७६०** |
| ४ | ४६७ | १२६ | ५ | १ | २ | ३ | **६०४** |
| ५ | २२५ | २३५ | ५४ | ९ | ० | २ | **५२५** |
| **जम्मा** | १,७६७ | १,०१८ | १९५ | ५१ | २ | ३५ | **३,०६८** |
| **प्रतिशत** | ५७.५९ | ३३.१८ | ६.३६ | १.६६ | ०.०७ | १.१४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस माण्डवी गाउँपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा खर,पराल छ्वाली को छाना भएको घरधुरी १,७६७ (५७.५९ प्रतिशत), जस्ता टिन च्यादरको छाना रहेको घर धुरी संख्या १,०१८ (३३.१८ प्रतिशत), टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छाना भएको घरको संख्या १९५ ( ३.३६ प्रतिशत) रहेको छ भने सबैभन्दा थोरै सिमेन्टेट ढलान भएको घरधुरी ५१ ( १.६६ प्रतिशत) रहेको छ जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।




## ३.१५ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. १७ : जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५६४ | १ | ० | २ | ६ | ५७३ |
| २ | ६०३ | ० | ० | १ | २ | ६०६ |
| ३ | ६६९ | ३१ | २८ | ११ | २१ | ७६० |
| ४ | ५८९ | ० | २ | १० | ३ | ६०४ |
| ५ | ५०६ | १२ | ५ | ० | २ | ५२५ |
| जम्मा | २,९३१ | ४४ | ३५ | २४ | ३४ | ३,०६८ |
| प्रतिशत | ९५.५३ | १.४३ | १.१४ | ०.७८ | १.११ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

माथिको तालिकामा माण्डवी गाउँपालिकामा रहेका घरको जगमा प्रयोग भएको सामाग्री के कस्ता छ भन्ने विवरण प्रस्तुत भएको छ । माण्डवी गाउँपालिकामा घरको जगाको बनावट हेर्दा माटोको जोडाई भएको ईटा ढुङ्गाको जग भएको घर धुरी २,९३१ (९५.५३ प्रतिशत) सबैभन्दा बढी रहेको छ भने काठको खम्बा गाडेको जग भएका घरधुरी संख्या सबैभन्दा कम अर्थात् ४० (०.८४ प्रतिशत) छन् । सिमेन्टको जोडाइ भएको इँटा तथा ढुंगाको जग भएका घरधुरी २४ (०.७८ प्रतिशत) र ढलान पिल्लरसहितको जग भएको घरको संख्या ३५ (१.१४ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरीएको छ ।




### (क) घर निर्माणका किसिमहरु

माण्डवी गाउँपालिका भित्र रहेका भवनको स्वरुपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाई भएको भवन रहेको देखीन्छ । जसमा घरको जगमा माटोको जोडाई भएको इट्टा/ढुङ्गा प्रयोगगरी बनेका घरहरु ९५.५३ प्रतिशत रहेको देखिन्छ । यसैगरी सिमेन्टको जोडाई भएको भवनहरुको संख्या १.४३ प्रतिशत, ढलान पिल्लरसहित भएको भवन १.१४ प्रतिशत र सबैभन्दा कम काठको खम्बा गाडेर बनेको घरधुरी ०.७८ प्रतिशत भएको पाईएको छ ।

### (ख) भवन संवेदनशीलता

जनसंख्या वृद्धि र वस्ती विस्तारले विकासोन्मुख राष्ट्रहरुमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ । निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ । भवन, अत्यावश्यक सुविधाहरु, लाइफलाइन आदिको उपलब्धताका आधारमा संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ ।

## ३.१६ बसाई सराईको अवस्था




gS;f g+ 13M माण्डवी गाउँपालिकामा रहेको बस्तीको विवरण

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । तराईका जिल्लाहरुमा बसाई सराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ। यस माण्डवी गाउँपालिकाबाट तराईका विभिन्न गाउँपालिका/नगरपालिकाहरूमा बसाई सराई गर्ने क्रम बढीरहेको देखिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सर्नुका विभिन्न कारणहरु छन् । तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् । तराईमा सुगमता भएकोले खेती, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरू पहाडको तुलनामा सुलभ र सस्तो हुनाले बसाइसराई तिब्र भएको पाइएको छ। गाउँपालिकामा विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

बेरोजगारीको समस्या गाउँपालिकाको प्रमुख समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत गाउँपालिकाबाट बढ्न थालेको छ। खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने  साथै विगत केहि वर्षयता अरब, कतार लगाइतका देशहरुमा रोजगारीका लागि जाने हुँदा निश्चित रुपमा गणना गर्न नसकिएका विदेशिने युवाहरूको संख्या निकै ठुलो रहने गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।

## ३.१७ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी मान्यताहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ । यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना अनिवार्य दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।

तालिका नं. १८ : व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| क.स | गा.वि.स. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाईसराई सम्बन्धी घटना | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | बसाईसरा ई गएको संख्या | बसाईसरा ई आएको संख्या | जम्मा बसाईसार ई |
| १ | नयागाउा | ११३ | १०६ | २१९ | ७ | १५ | २२ | ३५ | ४ | ० | १२ | १२ |
| २ | उदयपुरकोट | ८४ | ७६ | १६० | १० | २७ | ३७ | २५ | ५ | १५ | ८ | २३ |
| ३ | तिराम | ११० | १२३ | २३६ | ७ | २५ | ३२ | ३० | १३ | ७३ | ४ | ७७ |
| ४ | मर्कावाङ | १३३ | १२० | २५३ | ८ | २१ | २९ | १६ | १३ | ३८ | ० | ३८ |
| ५ | रम्दी | ६८ | ९३ | १६१ | ४ | १३ | १७ | ४१ | ७ | २४ | १ | २५ |
| | जम्मा | ५० | ५१८ | १०२ | ३६ | १० | १३७ | १४७ | ४ | १५० | २५ | १७५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ८ | | ९ | | १ | | | २ | | | |

*स्रोत : जिल्ला पार्श्वचित्र प्यूठान, २०७१*

गाउँपालिकामा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। विवाह दर्ताको स्थिति हेर्दा वि.सं. २०७१ मा कगाउँपालिकामा १०२९ जनाको जन्मदर्ता, १३६ जनाको मृत्यु दर्ता, र १४७ जनाको विवाह दर्ता भएको देखिन्छ। यस अवधिमा बसाईसराई गरी आउने २५ र बसाईसराई गरी जाने १५० गरी जम्मा १७५ बसाईसराई भएको छ भने जम्मा ४२ मात्र बसाई सराई दर्ता भएको देखिन्छ।

## ३.१८ स्थानीय तहको निर्वाचनमा मतदाता सम्बन्धी विवरण

तालिका नं. १९ : स्थानीय तहको निर्वाचन मतदाता सम्बन्धी विवरण, २०७४

| वडा नं. | मतदान केन्द्र | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | गणेश मा.वि., तिराम | ६०४ | ६०३ | १२०७ |
| | ने.रा.आ.वि. | १०४ | ७४ | १७८ |
| २ | ने.रा.प्रा.वि., ढाड | २०१ | १९७ | ३९८ |
| | सुत्रानी आधार मा.वि. | ६१५ | ६५१ | १२६६ |
| ३ | माण्डवी मा.वि. नयाँगाउँ | ८३२ | १०३५ | १८६७ |
| ४ | कामक्षी मा.वि. देवाघाट | ५५६ | ५४६ | ११०२ |
| | सरस्वती आधाभुत वि.मुखचौर | ५७ | ६९ | १२६ |
| | स्वर्गाद्वारी आ.मा.वि. | १४७ | १४४ | २९१ |
| ५ | ज्योति प्रा.वि.चकचके | २२४ | २४२ | ४६६ |
| | नेरा आ.वि. जुजुनेटा | ४२७ | ४७० | ८९७ |
| जम्मा | | ३७६७ | ४०३१ | ७७९८ |

*स्रोत : निर्वाचन आयोग,२०७४ असार*

यस गाउँपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पूरा भएका मतदाता संख्या ७७९८ जना रहेका छन् । जसमा महिला ५१.६९ प्रतिशत छन् भने पुरुषको संख्या ४८.३१ प्रतिशत रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरीएको छ ।

# खण्ड ४ : भू-उपयोग




gS;f g+ 14M माण्डवी गाउँपालिकाको भू-उपयोग

## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण

तालिका नं. २० : भू-उपयोग विवरण

| विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| झाडी | ८.२९ | ७.३३ |
| खेतीयोग्य जमिन | २१.७० | १९.१९ |
| वनजंगल | ७६.३२ | ६७.४९ |
| चरि चरन | १.३० | १.१५ |
| बालुवा (नदि किनार) | २.१२ | १.८७ |
| खोला, नदी, पोखरी, आदि | २.३५ | १.९९ |
| कुल क्षेत्रफल | ११३.०८ | १००.०० |

*स्रोत : नापी विभाग, २०७३*

माण्डवी गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा गाउँपालिकाको झण्डै १९.१९ प्रतिशत (२१.७० वर्ग कि.मि.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ भने ६७.४९ प्रतिशत (७६.३२ वर्ग कि.मि.) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै चरन क्षेत्रले करिव १.३० प्रतिशत (१.१५ वर्ग कि.मि.) जग्गा ओगटेको पाइन्छ । माण्डवी गाउँपालिकामा जल क्षेत्रले करिव २.३५ प्रतिशत (१.९९ वर्ग कि.मि.) जमिन ओगटेको छ । गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नितीहरु अवलम्बन गर्न सकिन्छ, भन्ने सन्दर्भमा विस्तृत अध्ययन गरी योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ४.१.१ सार्वजनिक जग्गाको विवरण

मालपोत ऐन, २०३४ ले सरकारी स्वामित्वमा रहेको जग्गालाई सरकारी र सार्वजनिक प्रयोजनमा रहेको जग्गालाई सार्वजनिक जग्गा भनी परिभाषित गरेको छ ।

राज्यको स्वामित्वमा रहेको जग्गाको संरक्षण गर्ने दायित्व राज्यले तत्सम्बन्धी जिम्मेवारी दिइएका निकायहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय तथा स्थानीय निकाय (नगरपालिका तथा गाउँपालिका ) को क्षेत्राधिकार तोकेको पाइन्छ । जिल्लाको सम्पूर्ण सरकारी तथा सार्वजकनिक जग्गाको संरक्षण यी उल्लेखित संस्था तथा निकायहरुबाट मात्र सम्भव नभई त्यस क्षेत्रका सचेत नागरिक, उपभोक्ता, नागरिक समाजका प्रतिनिधिहरु, गैरसरकारी संस्था एवम् निजी क्षेत्रका प्रतिनिधि समेतको सक्रिय सहयोग भएमा मात्र यस्ता सरकारी, सार्वजनिक जग्गाको संरक्षण तथा सवर्द्धनमा सहयोग पुग्न जान्छ । माण्डवी गाउँपालिकामा रहेका खोला, जंगल, खोल्साखोल्सी, बुट्यान, गौचर, बाटो, भिरपाखा, चौर कुलो आदि सरकारी तथा सार्वजनिक प्रयोजनमा रहेका जग्गाको विवरण साविकका गाविस अनुसार दिइएको छ । जसको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरीएको छ ।

तालिका नं. २१ : सार्वजनिक जग्गाको विवरण

| क्र.सं. | साविकका गा.वि.स. | सार्वजनिक जग्गाको विवरण | | | |
|---|---|---|---|---|---|
| | | रोपनी | आना | पैसा | दाम |
| १ | मर्कावाङ | १४०७ | १ | २ | ३ |
| २ | रम्दी | ४०५ | १० | ३ | १ |
| ३ | नयाँगाउँ | ५१८ | ० | १ | ० |
| ४ | तिराम | २५१८ | ७ | ० | ३ |
| ५ | उदयपुरकोट | २७२ | २ | १ | ० |
| जम्मा | | ५१२० | २० | ७ | ७ |
| जम्मा सार्वजनिक जग्गा (रोपनी-आना-पैसा-दाम) | | ५१२१□६□०□३ | | | |
| सरकारी जग्गाको विवरण | | | | | |
| क्र.सं. | साविकका गा.वि.स. | रोपनी | आना | पैसा | दाम |
| १ | मर्कावाङ | २३७०२ | १५ | ० | ० |
| २ | रम्दी | १४९२२ | १० | २ | ० |
| ३ | नयाँगाउँ | २७९१४ | ५ | २ | ३ |
| ४ | तिराम | ५१५०७ | १ | ० | २ |
| ५ | उदयपुरकोट | ४९४६२ | ५ | ० | २ |
| जम्मा | | १६७५०७ | ३६ | ४ | ७ |
| जम्मा सरकारी जग्गा (रोपनी-आना-पैसा-दाम) | | १६७५०९□५□१□३ | | | |
| कुल जम्मा | | १७२६२७ | ५६ | ११ | १४ |
| सार्वजनिक/सरकारी जग्गा कुल (रोपनी-आना-पैसा-दाम) | | १७२६३०□११□२□२ | | | |

*स्रोत : मालपोत कार्यालय,प्यूठान २०६४/०६५*

## ४.२ शहरीकरणको स्वरुप

माण्डवी गाउँपालिका शहरीकरणको स्वरुप तर्फ क्रमश उन्मुख देखिन्छ । गाउँपालिकाको केन्द्रतिर बाटो बजार ससाना उद्योग देखिएता पनि समग्रमा गाउँपालिकाको सबै वडाहरुमा सेवा तथा सुविधा पुगिसकेको छैन । गाउँमा विकासका धरै आयामहरुमा अभ्यास गर्न बाँकी देखिन्छ । माण्डवी गाउँपालिकाको सबै वडाहरुमा सडक सञ्जालको राम्रो विकास भएको देखिँदैन । सहज स्वास्थ्य सुविधा ,संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिँदैन। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, भएको हुँदा साना उद्योगधन्दाको साथै जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ

। यसका अतिरिक्त भालुवाङ - रोल्पा सडक खण्ड आसपासका वस्तिहरु क्रमश शहरोन्मुख अवस्थामा रहेको देखिन्छन्। जिल्लाका अधिकांश भू-भागबाट सदरमुकाम बसाईसराई गर्नेको संख्या क्रमश बढ्दै गएको छ । अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ। गाउँपालिकाबासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह गर्ने वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् । यसका अतिरिक्त माण्डवी गाउँपालिकाले विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, टोल विकास संस्थाहरु, वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली ( एबिललष्लन) आदिलाई समावेकस गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलमा फोहर व्यवस्थापनका लागि कन्टेनर, प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजानिक खानेपानी र खानेपानीको परियोजना आदि विकास निर्माणका कार्यहरु गर्नुपर्ने देखिन्छ ।

### ४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program)

शहरी विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमशः विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देश गरेको हुन्छ। पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरु जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ। तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न भविष्यमा सहरिकृत हुन सक्ने माण्डवी गाउँपालिकाले (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरु संचालन गर्नुपर्ने हुन्छ ।

क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)

ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)

ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरु गाउँपालिका क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ। जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ।

#### (क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो। विद्यमान बस्तीहरू योजना विना नै आफैं विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन्। आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान

र बिरामी पर्दा एम्बुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन् । तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पछि पर्न हुँदैन । जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन् । जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन । जग्गा र घरधनीको सहमतिमा गाउँपालिका विकास समितिले बाटो चौडा गरिदिने कार्य गर्दछ । यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ । स्थानीय स्वायत्त ऐन, २०५५ वमोजिम जग्गा विकास सम्बन्धी काम गाउँपालिका आफैले गर्न सक्छ ।

### (ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)

जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन । जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ । पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ । यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ । जग्गाधनीहरूले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन् । विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन् । यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ ।

### (ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासका हिसाबले चाहिने प्रायः सम्पूर्ण सेवा

सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू ९एकै किसिमको वा विभिन्न किसिमको० निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ। विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ। तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ। काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरू यसका उदाहरणहरू हुन्।

## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप

माण्डवी गाउँपालिकाको जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ । नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना समयमा नै निर्माण गर्नु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

गाउँपालिकाको कुल ३०६८ परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा/ ढुङ्गाको १.४३ र पक्की पिलर भएका घरधुरी ०.९६ प्रतिशत छ भने माटोको जोडाई भएको ईटा/ढुङ्गाको घरधुरी ९५.५३, बाहिरि गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी २.४८ प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी १.६६ प्रतिशत छन्। आवासको संरचना लाई हेर्दा भरपर्दो देखिंदैन । घरको जग र बाहिरी गारो दुवैमा माटोको प्रयोग बढी देखिन्छ जुन भुकम्पीय जोखिमका दृष्टिले खतरापूर्ण हुन्छ । गाउँपालिकामा कुल ८३ (२.७१ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने २९२८ (९५.४४ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा गाउँपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु उपयुक्त हुन्छ।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्दछ ।
- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुन सकेको छैन।

## ४.५ भू-क्षय संम्भावित क्षेत्र

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानिसको अत्याधिक बसाई सराईका कारणबाट गाउँपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलतः गाउँपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ।

तल्लो क्षेत्रहरु जिल्लाकै प्रमुख उत्पादन क्षेत्रहरु पनि यस माण्डवी गाउँपालिकामा पर्दछन् । माटो पाँगो एवंम दोमट भएको हुँदा उत्पादन राम्रो हुन्छ । उच्च पहाडी क्षेत्रमा कडा खालको बलौटे र चुनढुङ्गा

मिसिएको माटो भएकाले यस क्षेत्रमा भु-क्षय पहिरो जाने संभावना कम हुन्छ भने मध्य भागमा पत्रे चट्टानमा रातो माटो मिसिएको माटो बढी भएको हुँदा भू-क्षय र पहिरोको दृष्टिले बढी संवेदशील मानिन्छ ।

भौगोलिक हिसाबले कमजोर भूभाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस गाउँपालिकामा पनि वर्षेनी भुक्षय, बाढी, पहिरो,नदी कटान हुने गरेको छ । कहिलेकाहीँ त स्थानीय जनताको ज्यान समेत लिने गरेको दुखदायी घटनाहरु मण्डवी वासीले भोग्नु परेको छ ।

यसको साथै गाउँपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रने संभावना रहन्छ । खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । यस तितो यथार्थलार्य मनन गरी भुक्षय र पहिरोको समस्याहरु र यसको कारण पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्बद्ध सबै निकायहरुले समन्वय र साझेदारी गरेर भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताको साथ अगाडी बढाउनु आजको टड्कारो आवश्यकता देखिएको छ ।

## ४.६ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २२ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क स | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरमा विशेषतः साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | नगरको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, बाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | नगरको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |

| | | | |
|---|---|---|---|
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगारको स्थिति

## ५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, गाउँपालिकामा अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । त्यसैगरी गाउँपालिकामा ठूलो संख्यामा रहेका वनजंगल तथा जैविक विविधताले गाउँको विकासमा थप सम्भावना बोकेका छन् । मील, फर्निचर उद्योग,  कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस गाउँपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो दिर्घकालिन हिसाबले त्यति सकारात्मक भने होइन ।

विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू गाउँपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । पर्यटन व्यवसाय, होटेलहरु, मील, फर्निचर उद्योग, पशुपालन आदि यस गाउँपालिकामा रहेका मुख्य व्यवसायहरु हुन् । यस गाउँपालिकाका मानिसहरु उल्लेखनियरुपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ । साथै यो गाउँपालिका पर्यटकीय तथा व्यापारिक दृष्टिकोणबाट विशेष महत्वपूर्ण मानिन्छ। माण्डवी गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा गाउँपालिकामा ग्रामिण परिवेश भएका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २३ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरुपले सक्रिय पूरुष | आर्थिकरुपले सक्रिय महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| **१५,०५८** | २७३८ (३७.२०%) | ४६२२ (६२.८०%) | ७३६०(४८.८८%) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिकामा माण्डवी गाउँपालिकामा रहेका १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा सक्रिय पुरुषको संख्या २,७३८ (३७.२० प्रतिशत), सक्रिय महिलाको संख्या ४६२२ (६२.८० प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक

भिन्नता २५.६० प्रतिशत रहेको छ भने गाउँपालिकाको कुल जनसंख्याको ४८.८८ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन् भने आर्थिक रुपमा आश्रित जनसंख्या ५१.१२ प्रतिशत छन्।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २४ : आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबाबिलका (०-१४) | | आश्रित बृद्ध (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ६,६४८ | ८६.३६ | १,०५० | १३.६४ | ७,६९८ | ५१.१२ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा माण्डवी गाउँपालिकामा रहेको कुल जनसंख्या १५,०५८ मा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या ट,टद्धड (डद्ध.ढढ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या ज्ञ,ण्छण (१३.६४ प्रतिशत) देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या ७,६९८( ५१.१२ प्रतिशत) देखिन्छ ।

माथिको सक्रिय जनसंख्या र आश्रित जनसंख्या हेर्दा माण्डवी गाउँपालिका विकासको लागि आवश्यक सक्रिय जनसंख्या छ जसलाई राज्यले उपलब्ध स्रोत र साधनको साथै यी सक्रिय मानव संसाधनको सही उपयोग गरी विकासमा अगाडी बढ्नु पर्ने देखिन्छ।

## ५.४ कृषि



नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

गाउँपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा कृषिका लागि उपयोगी क्षेत्र कम रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा ठूला क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ ।

### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो, फापर, जौ, उखु, मसुरो, चना, रहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, सुन्तला जात, वर्षे तरकारी, आलु, मसला बाली, आदि छन् ।

### (ख) वर्षे बाली

गाउँपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, आलु, फलफूल, सुन्तला, कागती निबुवा, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा आदि छन् ।

## ५.४.१ कृषीजन्य बाली सम्बन्धी विवरण

नेपाल एक कृषि प्रंधान देश हो । भौगोलिक असमानता ले विभिन्न स्थानहरुमा लगाउने बाली तथा उत्पादन फरक फरक हुनुको साथै समय पनि भिन्न रहेको छ । माण्डवी गाउँपालिका पनि अधिकाशं मानिसहरु कृषिमा संलग्न रहेका छन् । यस गाउँपालिकामा लगाईने वाली विवरण लाई बुझ्न तल समग्र प्यूठान जिल्लाको कृषिजन्य वालीको विवरण प्रस्तुत गरिएको छ जसले प्यूठान जिल्लामा रहेका नगरपालिका तथा गाउँपालिकाहरुको कृषिजन्य वालीको प्रतिनिधित्व गर्दछ ।

## ५.४.२ कृषि सेवा केन्द्र

तालिका नं. २५ : कृषि सेवा केन्द्रको विवरण

| क.स. | साविक गाविस वा नपाको नाम | भवनको प्रकृति वटा | | | प्रस्तावित गापा/नपाको वडा न : | |
|---|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | | |
| १ | तिराम | १ | १ | | १ | |
| २ | २ | ० | ० | ० | ० | |
| ३ | ३ | ० | ० | ० | ० | |
| ४ | ४ | ० | ० | ० | ० | |
| ५ | ५ | ० | ० | ० | ० | |

*स्रोत: स्थानिय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

तालिका नं. २६ : कृषिजन्य बाली सम्बन्धी विवरण

| क.सं. | वाली | प्रचलित जातहरु |
|---|---|---|
| खाद्यन्न वाली | | |
| १ | धान | राधा-७,राधा-९, र सावित्री |
| २ | गहुँ | W.K..।१२०४,गौतम, भृकुटी र विजय |
| ३ | मकै | मनकामना-१,मनकामना-३,अरुण-२, सर्लाही-सेतो र हाईब्रीड गौरव |
| ४ | कोदो | स्थानीय |
| ५ | जौं | स्थानीय |
| ६ | फापर | स्थानीय |
| दलहन वाली | | |
| १ | मसुरो | शिसिर, सिन्दुर, खजुरा १ |
| २ | चना | स्थानीय (अग्रेली) |
| ३ | भट्मास/सिमी | स्थानीय |
| ४ | मास | कालो मास |
| ५ | केराउ | सिक्मि स्थानीय ,आर्केल |
| ६ | बोडी | स्थानीय केन्टुरी वन्डर |
| तेलहन वाली | | |
| १ | बदाम | स्थानीय, जनक, |
| २ | तोरी /सर्स्यु | स्थानीय, सुर्खेत स्थानीय |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, २०७३*

## ५.४.२ कृषक समूहको विवरण

परम्परागत कृषि को व्यवसायिकरण तथा आधुनिकीकरण गर्न अहिले विभिन्न कृषि समूहहरु सञ्चालित छन् यसले कृषि व्यवसायलाई सहजीकरण गर्नुको साथै कृषि व्यवसायमा केही सेवा सुविधाहरु दिँदै व्यवसायीहरुलाई उर्जा प्रदान गरेको छ । कृषक समूहको विवरण ले कुनै पनि गाउँपालिका, नगरपालिका तथा उपमहानगरपालिकामा कृषि क्षेत्रमा रहेको संलग्नता र कृषि क्रियाकलापको अवश्थाको जानकारी गराउनुको साथै अगामी दिनहरुमा के कस्ता कार्यक्रमहरु ल्याउन आवस्यक छ भन्ने कुरा लाई देखाउँछ । जसले कृषि प्रधान देश नेपालको कृषि क्षेत्रको सुधार गरी आर्थिक विकासमा टेवा पुग्छ । यस माण्डवी गाउँपालिकाको कृषक समूहको विवरण यस प्रकार रहेको छ ।

तालिका नं. २७ : कृषक समूहको विवरण

| कृषक समूहको विवरण (माण्डवी गाउँपालिका) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | समूह | समूह संख्या | जम्मा सदस्य संख्या | जम्मा हितकोष रकम |
| १ | महिला कृषक समूह | ४ | ६२ | ४,५०,९०० |
| २ | मिश्रित कृषक समूह | ३८ | ७५६ | ५,८९,४०९ |
| ३ | पुरुष कृषक समूह | □ | □ | □ |
| जम्मा | | ४२ | ८१८ | १०,४०,३०९ |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, २०७३*

माथिको तालिकामा माण्डवी गाउँपालिकामा रहेको कृषक समूहको विवरण देखाईएको छ । जसमा आ.व. २०७१/०७२ मा ४२ वटा कृषक समूहहरु मध्ये महिला कृषक समूहहरु ४ र मिश्रित कृषक समूहरुको संख्या ३८ रहेका छन् । लैंगिक हिसाबले महिला कृषि समूहको संख्या कम देखिन्छ भने गाउँपालिकामा पुरुष कृषक समूहहरुको संख्या शुन्य देखिन्छ । यही आर्थिक वर्षसम्ममा यी समूहहरुको हितकोष रकम १० लाख ४० हजार ३ सय ९ संकलन गरी केही रकम कृषि प्रयोजनको लागि प्रयोग गरिएको छ । यस गाउँपालिकामा रहेका कृषक समूहको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

तालिका नं. २८ : गाउँपालिकामा रहेका कृषक समूहको विवरण

| मिश्रित समूहको नामावली (माण्डवी गाउँपालिका ) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | समूहको नाम | ठेगाना | बालीबस्तु | जम्मा सदस्य संख्या | जम्मा हितकोष रकम |
| १ | प्रगतिशील बिउ उत्पादन समूह | रम्दी ४ प्यूठान | बिउ उत्पादन | २९ | |
| २ | श्रृजना ताजा तरकारी समूह | उदयपुरकोट | तरकारी | १६ | ६३०० |
| ३ | रातापानी तरकारी उत्पान समूह | मर्काबाङ ४ रातापानी | तरकारी | १७ | ११६५ |
| ४ | कौशीला तरकारी समूह | नयाँगाउँ १ | तरकारी | १२ | १४४०० |
| ५ | युवा मौरी पालन समूह | नयाँगाउँ १ | मौरी | ११ | ६५०० |
| ६ | बहुउद्देश्यीय कृषि समूह | रम्दी ७ | | २२ | ५७६८ |
| ७ | देविस्थान महिला | तिराम १ | | १२ | ११११० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | श्री अगुवा किसान सामुदायिक संस्था | मर्कावाङ ३ | | २४ | ५०४०० |
| ९ | माईकाथान नयाँगाउँ | नयाँगाउँ ३ | | २० | २४३८० |
| १० | रुद्रपुर आई. पी. एम. कृषक पाठशाला | रम्दी २ | आई.पी.एम. | २८ | ३९०० |
| ११ | मिलिजुली कृषक समूह | मर्कावाङ ७ | | २१ | ३५० |
| १२ | अरडखोला कृषक समूह | नयाँगाउँ १ | | १५ | ७१५५ |
| १३ | जिजु आलु उत्पादन कृषक समूह | नयाँगाउँ ८ र १ | तरकारी | २५ | ११११२१ |
| १४ | बेमौसमी ताजा तरकारी उत्पादन समूह | रम्दी ८ | तरकारी | १० | १४४८५ |
| १५ | डुँडाल गमाले | मर्कावाङ ९ | | २५ | ६८० |
| १६ | पौरखी आई.पी.एम. पाठशाला | रम्दी ५ | आई.पी.एम. | २१ | ४०९८५ |
| १७ | लामाचौर माण्डवी कृषि समूह | नयाँगाउँ ८ र ९ | | २० | ८१३१४ |
| १८ | फारुन्डे कृषक समूह | उदयपुरकोट ३ | | ३६ | |
| १९ | विन्धबासिनी बहुउद्देशयीय | तिराम ३ | | १६ | ३५६०० |
| २० | देविस्थान | नयाँगाउँ १ | | १४ | ३५६०० |
| २१ | श्रीकोट प्रगातिशील महिला कृषक समूह | तिराम १ | | १५ | १८४५० |
| २२ | सिरवारी कृषक समूह | उदयपुरकोट १ | | २६ | १,५०० |
| २३ | प्रगातिशील महिला कृषक समूह | मर्कावाङ ९ | | २० | ३०,२८१ |
| २४ | सारापथी कृषक समूह | तिराम २ | | १४ | ५०,००० |
| २५ | मौरीपालन कृषक समूह | तिराम २ | मौरीपालन | १५ | १,००,००० |
| २६ | श्री झरना कृषि समूह | तिराम ३ | | १८ | २०३५ |
| २७ | मिलिजुली बहुउद्देश्य कृषक समूह | तिराम ४ | | २७ | २,४०० |
| २८ | घुर्केचोर त्रिशक्ति तरकारी कृषि समूह | तिराम १ | तरकारी | ९ | ५,०७० |
| २९ | शान्तिचौर ताजा तरकारी समूह | तिराम ३ | तरकारी | २१ | |
| ३० | काभ्रे ताजा तरकारी कृषक समूह | मर्कावाङ ८ | तरकारी | २० | |
| ३१ | जुनतारा कृषक समूह | नयाँगाउँ ५ | | २१ | ११,५५० |
| ३२ | प्रगातिशील सामूदायिक कृषक समूह | नयाँगाउँ ५ | | २१ | ११,५५० |
| ३३ | माण्डवी सामूदायिक कृषक समूह | नयाँगाउँ ४ | | १९ | |
| ३४ | माण्डवी कृषक समूह | नयाँगाउँ ४ | | १८ | १,३६० |
| ३५ | मुनाल सामूदायिक कृषक समूह | नयाँगाउँ ७ | | २७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | श्रृजनशील समूह | तिराम २ | | ३७ | |
| ३७ | हातेमालो कृषक समूह | तिराम २ | | २५ | |
| ३८ | मिलिजुली कृषक समूह | मर्कावाङ ७ | | ९ | ४००० |
| | जम्मा | | | ७५६ | ५,८९,४०९ |
| महिला समूहको विवरण (मा०डवी गाउापालिका) | | | | | |
| १ | मालती व्यवसायिक तरकारी उत्पादन समूह | नयाँगाउँ(३) | तरकारी | २४ | १०,८९२ |
| २ | श्रृजनशील कृषि समूह | नयाँगाउँ(६) | | ११ | १,१०० |
| ३ | स्वर्गद्धारी ताजा तरकारी कृषक समूह | नयाँगाउँ(६) | तरकारी | २२ | २,००० |
| ४ | आयमुलक कृषक समूह | तिराम (१) | | ५ | ७,००० |
| | | जम्मा | | ६२ | २०,९९२ |
| | | कुल जम्मा | | ८१८ | ६,१०,४०१ |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, २०७३*

### ५.४.३ कृषी बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक (पात गुजुमुज्ज हुने) जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. २९ : विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.स | बालीको नाम | देखिएको प्रमुख रोग हरु | मुख्यमुख्य किराहरु |
|---|---|---|---|
| १ | धान | ब्लाष्ट, खैरोथोप्ले, फेदकुहिने आदी । | पतेरो, गवारो, फड्के, पातबेरुवा |
| २ | गहुँ | सिन्दुरे, कालोपोके | लाही, खुर्मे,फट्याँग्रा, फेदकटुवा |
| ३ | मकै | कालोपोके, पातको धर्सेरोग, डाँठ र फल कुहिने, ध्वाँसे आदी । | लाही, फट्याग्रा, खुम्रै, फेदकटुवा, गवारो आदी । |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, २०७३*

### ५.४.४ कृषि बजारीकरण

नेपाल एक कृषि प्रधान देश हो तथापि यहाँको कृषि आपूर्ति आयातमा निर्भर रहेको छ । नेपालको कुल जनसंख्या मध्ये एक तिहाई जनसंख्याको पेशा कृषि हो । परम्परागत कृषिको कारण देशको अर्थतन्त्रमा भने कृषिले उल्लेख्य हिस्सा ओगट्न भने सकेको छैन । दैनिक जीवन गुजारा हुने किसिमको खेतिपातीले कृषिमा व्वसायिकरण हुन सकेको छैन । बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरणको प्रचलन विकास हुन थालेको छ । गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ । यस्ता कृषि उपज बजारीकरणका ढाँचाहरुले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति भूमिका खेलेको पाइन्छ । गाउँपालिकामा विभिन्न हाटबजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु, फलफूल आदि) बजारीकरण हुने गरेको देखिन्छ । कृषकले उत्पादन गरेका कृषिजन्य वस्तु सही बजार पाउनु पर्छ । कृषि क्षेत्रको समुचित विकास हुन सकेको खण्डमा समग्र देशको विकास हुन्छ तसर्थ यसको लागि कृषि बजारीकणलाई प्रोत्साहन गरी व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

### ५.४.५ जग्गाको उर्वराशक्ति

गाउँपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले ओगटेको देखिन्छ । विगतमा माण्डवी गाउँपालिकामा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ । गाउँपालिकाको पहाडी भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

### ५.४.६ एग्रोभेट सम्बन्धि विवरण

गाउँपालिकामा कृषि तथा पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय पनि आवश्यक छ । जिल्ला कृषि विकास कार्यालय प्यूठानका अनुसार जिल्लामा दर्ता भएका १२५ भन्दा बढी भेटेरिनरी औषधी पसलहरु संचालित छन् ।

### ५.४.७ कृषि सहकारी संस्थाहरुको विवरण

तालिका नं. ३० : कृषि सहकारी संस्थाहरुको विवरण

| क.सं. | सहकारी संघ संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | | सञ्चालक संख्या जम्मा | हालको अवश्था |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| **बचत तथा ऋण सहकारी संस्था** | | | | | | | |
| १ | भुवनेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लि. | नयाँगाउँ-३ | ३३० | ० | ३३० | ११ | सकृय |
| २ | कोटवेशी बचत तथा ऋण सहकारी संस्था लि. | मर्कावाङ-४ | १७ | ९९ | ११६ | ११ | सकृय |
| ३ | नागरिक बचत तथा ऋण | नयाँगाउँ- | ६१ | ६० | १२१ | ७ | सकृय |

| क्र.सं. | सहकारी संघ संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | | सञ्चालक संख्या जम्मा | हालको अवश्था |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| | सहकारी संस्था लि. | ८,लामाचौर | | | | | |
| ४ | राजपोखरा बचत तथा ऋण सहकारी संस्था लि. | उदयपुरकोट-४ | २९९ | १०८ | ४०७ | ९ | सकृय |
| ५ | गरीवी उत्थान बचत तथा ऋण सहकारी संस्था लि. | रम्दी-५, जुनेटा | ४३ | ६५ | १०८ | ९ | सकृय |
| ६ | देविस्थान बचत तथा ऋण सहकारी संस्था लि. | नयाँगाउँ-१ देविस्थान | ११९ | २६३ | ३८२ | ९ | सकृय |
| **बहुउद्देश्यीय सहकारी संस्था** | | | | | | | |
| १ | उन्नति महिला बहु. सहकारी संस्था लि. | मर्कावाङ-४ रातापानी | २७ | ० | २७ | | सकृय |
| **कृषि सहकारी संस्था** | | | | | | | |
| १ | रातापानी कृषि सहकारी संस्था लि. | मर्कावाङ-४ रातापानी | १० | २३ | ३३ | ९ | सकृय |
| २ | पातलादेवि कृषि सहकारी संस्था लि. | नयाँ- १ देविस्थान | ७० | ८१ | १५१ | ९ | सकृय |
| ३ | झिमरुक कृषि सहकारी संस्था लि. | रम्दी-५, रम्दीवेशी | ६ | १९ | २५ | ९ | सकृय |
| **लघु उद्यमी सहकारी संस्था** | | | | | | | |
| १ | स्वर्ग□ारी लघु उद्यमी सहकारी संस्था | तिराम १ | १०० | १०३ | २०३ | ११ | सकृय |
| **उपभोक्ता सहकारी संस्था** | | | | | | | |
| १ | नव जनकल्याण उपभोक्ता सहकारी संस्था लि. | तिराम १ | ५ | २० | २५ | ११ | निष्कृय |
| २ | सुलभ उपभोक्ता सहकारी संस्था लि. | नयाँगाउँ -५ | ३८ | ७ | ४५ | ११ | निष्कृय |
| ३ | जनकल्याण उपभोक्ता सहकारी संस्था लि. | रम्दी-५ | १२ | १५ | २७ | ९ | निष्कृय |
| ४ | लेकवेशी उपभोक्ता सहकारी संस्था लि. | मर्कावाङ-४ | २७ | ६५ | ९२ | ७ | सकृय |
| **दुग्ध उत्पादन सहकारी संस्था** | | | | | | | |
| १ | झिमरुक दुग्ध उत्पादन सहकारी संस्था | नयाँगाउँ -१ | २ | ४२ | ४४ | ११ | सकृय |

*स्रोत : डिभिजन सहकारी कार्यालय, २०७३*

## ५.५ सिंचाइ



गाउँपालिकामा सतह जल सिंचाईका स्रोत रहेका छन्। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

तालिका नं. ३१ : गाउँपालिकामा हाल उपलब्ध मुख्य सिंचाईको विस्तृत विवरण

| क.सं. | सिंचाईको श्रोतको नाम | सिंचाईको श्रोत | | कैफियत |
|---|---|---|---|---|
| | | साविक गाविस को नाम र वडा नं. | अब कायम रहने स्थान (प्रस्तावित गापा को वडा नं. | |
| १ | अरङखोला सि.यो | तिराम | १ | |
| २ | दुधखोला सि.यो | मर्कावाङ | | |
| ३ | | नयाँगाउ | | |
| ४ | | रम्दी | | |
| ५ | | उदयपुरकोट | | |

*श्रोतः स्थानिय तह पुर्नसंरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

## ५.६ पशुपालन



गाउँपालिकामा विशेषगरी गाई, भैँसी, बाखा नै यहाँका मुख्य घरपालुवा जनावरहरु हुन । यसबाट गाउँपालिका बासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ ।

पशुपालन व्यवसायलाई सुरक्षित राख्न र यसबाट पूर्ण प्रतिफल प्राप्त गर्न पशु सेवा केन्द्र ,त्यस्तै गरि भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ । गाउँपालिकामा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरु समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुऱ्याई रहेका छन् ।

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, भेंडा बाखा आदि रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखातर्फ उन्नत जातका बोकाहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसित गर्नेक हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरुमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको

गति सुस्त छ । पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा वैज्ञानिकिकरण र यान्त्रिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.६.१ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। गाउँपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ।  सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

### ५.६.२ गाई/भैंसी/बाख्रा फार्महरु

यस गाउँपालिकामा गाई भैंसी धेरै लगानीका फार्महरु छैनन् । गाउँपालिकामा बाख्रा पालनमा आकर्षण रहेको देखिन्छ । त्यसै गरी फार्महरुको यान्त्रिकरण तर्फ पनि प्रगति अति नै न्युन रहेको  पाईन्छ । कृषकहरुले आफ्नो दैनिक जीवनको लागि केही गाई, भैंसी, बाख्रा पालन गरे तापनि यसले व्यवसायिकता भने पाउन सकेको छैन । त्यस कारण, समग्रमा भन्नु पर्दा गाउँपालिकामा दुग्ध तर्फ परिमाणात्मक विकास हालसम्म उल्लेख्य रहेको छैन ।

| गाईबंगुर फर्मको/ बाख्रा/भैसी/ विवरण | | |
|---|---|---|
| क्रस. | फर्मको नाम | ठेगाना |
| १ | आचार्य बर्दर्स फर्म हाउस | माण्डवी गा- ०५पा .रम्दी |
| २ | धुन्द्रेचौर बाख्रापालन तथा कृषक समूह | माण्डवी गा- ०१पा . तिराम |
| ३ | इन्देणी व्यवसायिक फर्म | माण्डवी गा ०२पा ., मर्कावाङ्ग |
| ४ | लेकाली व्यवसायिक बाख्रापालन तथा दाना उद्योग | माण्डवी गापा . ०२,मर्कावाङ्ग |
| ५ | दोभान बाख्रा पालन | माण्डवी गापा . ०२,मर्कावाङ्ग |
| ६ | घिमिरे बाख्रापालन फर्म | माण्डवी गा ०१पा . ,तिराम |
| ७ | भूमिस्थान बाख्रापालन फर्म | माण्डवी गापा ०१ ,तिराम |
| ८ | माझटोल बाख्रा फर्म | माण्डवी गापा ०१ ,तिराम |
| ९ | मधु दुग्ध उत्पादन केन्द्र | माण्डवी गापा ०३ , नयाँगाउँ |
| १० | तिलक गाई फर्म | माण्डवी गापा ०२,मर्कावाङ्ग |
| ११ | भूमिस्थान पिपल डाँडा बाख्रापालन समूह | माण्डवी गापा ०१, तिराम |
| १२ | भिरबसी सक्रिय बाख्रापालन समूह | माण्डवी गापा ०१, तिराम |
| १३ | अरंगखोला बंगुर फर्म | माण्डवी गापा ०१ ,तिराम |
| १४ | जनजाति बंगुर फर्म | माण्डवी गापा ०२,मर्कावाङ्ग |
| १५ | मण्डली बाख्रा फर्म | माण्डवी गापा ०२,मर्कावाङ्ग |
| १६ | जमुना बाख्रा विकास फर्म | माण्डवी गापा ०१,तिराम |
| १७ | शालिकराम व्यवसायिकबाख्रा फर्म | माण्डवी गापा ०१ तिराम. |
| १८ | प्रगतिशील बाख्रा श्रोत केन्द्र | माण्डवी गापा ०२मर्कावाङ्ग |
| १९ | बराह बाख्रा उत्पादकत्व सुधार समुह | माण्डवी गापा |

| | | |
|---|---|---|
| | | ०२,मर्कावाङ्ग |
| २० | श्रीजना व्यवसायिक बाख्रापालन फर्म | माण्डवी गापा ०५, रम्दी |
| २१ | सक्रिय बाख्रापालन समूह | माण्डवी गापा ०४, उदयपुरकोट |
| २२ | सक्रिय घाँस विकास समूह | माण्डवी गापा ०३,नयाँगाउँ |
| २३ | डोटेगैर व्यवसायिक बाख्रा फर्म | माण्डवी गापा ०१ तिराम |
| २४ | रुद्रपुर महिला गाइ पालन समूह | माण्डवी गापा ०५,रम्दी |
| २५ | दखाडा टोल बाख्रापालन समूह | माण्डवी गापा ०१ ,तिराम |
| २६ | भूमिस्थान व्यवसायिक बाख्रा फर्म | माण्डवी गापा ०२,मर्कावाङ्ग |
| २७ | श्री गौमुखी बाख्रा उत्पादकत्व कृषक समूह | माण्डवी गापा ०२,मर्कावाङ्ग |
| २८ | धनचौर बाख्रा उत्पादकत्व समूह | माण्डवी गापा०२,मर्कावाङ्ग |
| २९ | कल्लेरी बाख्रा उत्पादकत्व सुधार समूह | माण्डवी गापा ०२,मर्कावाङ्ग |
| ३० | धरमपानी बाख्रापालन समूह | माण्डवी गापा ०३,नयाँगाउँ |
| ३१ | ज्योति बाख्रापालन समूह | माण्डवी गापा २,मर्कावाङ्ग |
| ३२ | योगी पोल्ट्री फर्म | माण्डवी गापा ३,नयाँगाउँ |
| ३३ | रावत पोल्ट्री फर्म | माण्डवी गापा ३,नयाँगाउँ |
| ३४ | देउराली बाख्रा फर्म | माण्डवी गापा ०१, तिराम |
| ३५ | हातेमालो जीविकोपार्जन बाख्रापालन समूह | माण्डवी गापा ०२,मर्कावाङ्ग |
| ३६ | बेलिपोखरी जीविकोपार्जन समूह | माण्डवी गापा०२,मर्कावाङ्ग |
| ३७ | चेतनशिल बाख्रा फर्म | माण्डवी गापा ०२,मर्कावाङ्ग |
| ३८ | पुजाँ बंगुर फर्म | माण्डवी गापा |

| | | |
|---|---|---|
| | | ०२,मर्कावाङ्ग |

### ५.६.३ गाउँपालिकामा दुग्ध बजारीकरण

माण्डवी गाउँपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा विकास भएको छैन । केहि कृषकले आफ्नो आफ्नो आवश्यकता परिपुर्ति गर्नका लागि गाई भैंसी पालन गरेता पनि दुग्ध बजारिकरण भने फस्टाएको देखिँदैन उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। गाउँपालिकाको केही वडाका वरिपरी निजी स्तरका लघु दुग्ध उद्योगहरुको स्थापना भई जिल्लाका ग्रामीण दुधको केही भागले सबल बजार सञ्जाल पाउन सफल भएको छैन । गाउँपालिकामा गाई तथा भैंसी पालनमा कमी भएकाले दुग्ध व्यवसाय कमजोर देखिन्छ गाउँमा एक मात्र स्वर्गद्वारी डेरी उद्योग विजुवार ६ मा सञ्चालित छ । गाउँपालिका विकासको लागि पशुपालन व्यवसायमा संभावना रहेता पनि यसलाई सफल बनाउन सकेको देखिँदैन यसर्थ गाउँपालिकामा रहेको संभाव्यतालाई वास्तविकतामा बदल्न कदम चाल्नु पर्ने देखिन्छ ।

### ५.६.४ मासु बजारीकरण

माण्डवी गाउँपालिकामा मासु उत्पादनमा आत्म निर्भर छैन । उत्पादनले आश्यकता अनुसारको मासु आपुर्ति गर्न सक्दैन यसको लागि मासु उपार्जन तर्फ व्यवसायिकताको खाँचो रहेको छ । गाउँपालिकाको हकमा यसका मुख्य दुईवटा कारणहरु रहेका छन् जसमा आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालन प्रयोजन व्यवसायीक नहुनु रहेका छन् । उदाहरणको लागि यस गाउँपालिका बाख्राको व्यवसायीक पालनमा संभाव्य स्रोत भएकोले कृषि सडक, बिजुली, खानेपानी तथा बजार र सम्बन्धित अन्य सुविधाहरुको अभावले गर्दा बाख्रा पालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको छैन । मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति, फस्टाउँदो पर्यटन व्यवसाय, गाउँपालिकामा संचालित परियोजनाहरु र मासु व्यवसायमा सुधार आउने अवस्था भने पक्का छ यसको आधार नै व्यवसायिकता हो; कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउने देखि यसको प्रजनन, आहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन तर्फ कृषकहरु सजग रहेको पाईन्छ ।

### ५.६.५ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु

विकासका बाहकहरु सरकारी निकाय, निजी क्षेत्र तथा नागरिक समाज रहेको तथ्य पशुपंक्षी पालनको समग्र विकासमा पनि चरितार्थ हुन्छ । जिल्ला पशु कार्यालय, कैलालीले जिल्लामा कार्यरत केहि सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुसँग आपसी समन्वय, सहकार्य तथा सहयात्रीको भूमिका निर्वाह गर्दै आएको छ । यस कार्यालयसँग हातेमालो गरेर पशुपंक्षी पालन व्यवसायलाई सवलीकरण गर्ने विभिन्न संस्थाहरु यस माण्डवी गाउँपालिकामा कार्यरत छन् ।

## ५.७ पर्यटन

यस गाउँपालिकामा पनि विशेष पर्यटकिय स्थलहरु नभएपनि गाउँको सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृश्य अवलोकनको लागी स्वदेशी पर्यटकहरु आउने गरेको पाइन्छ । तर धार्मिक एवं पर्यापर्यटनको क्षेत्रमा आवश्यक पूर्वाधारहरु जस्तैः सडकको पहुँच, खानेपानी, शौचालय, होटल/लज, रेष्टुरेण्ट, रिसोट आदिको विकास हुन सकेको छैन । धार्मिक एवं पर्यापर्यटनको विकासका लागि निजी क्षेत्रको सक्रिय संलग्नता हुन सकेको छैन । धार्मिक एवं सांस्कृतिक र प्राकृतिकरुपले महत्वपूर्ण स्थलहरुको पहिचान र प्रचार प्रसार हुन सकेको छैन । तथापि हाल आएर केही न केही धार्मिक पर्यटन विकासका प्रयासहरु शुरु हुन थालेका छन् । यसतर्फ गाउँपालिकावासी लगायत संबद्ध सरकारी एवं गैरसरकारी निकाय योजनावद्ध तरिकाले लाग्नु जरुरी छ । पर्यापर्यटनको क्षेत्रमा यो गाउँपालिका करीव शुन्यको अवस्थामा छ । सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृष्यलाई विदेशी पर्यटक भित्राउने गरी संरक्षण, प्रचार प्रसार र व्यवस्थापन गर्न सकिएमा यहाँका जनताको जीवनस्तर माथि उठाउन मद्दत मिल्ने देखिन्छ । तसर्थ धार्मिक एवं पर्यापर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरु योजनावद्धरुपमा निर्माण गर्दै जानु जरुरी देखिन्छ ।

## ५.८ उद्योग

तालिका नं. ३२ : उद्योगको विवरण

| घरेलु | साना | मझौला | ठुला |
|---|---|---|---|
| ५६ | - | - | - |

*स्रोतः स्थानिय तह पुर्नसरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

गाउँपालिकामा हाल ५३ वटा घरेलु उद्योगहरु सञ्चालनमा आएका जसले गर्दा स्थानिय बासिन्दाको आर्थिक स्तर उल्लेखनिय रुपमा वृद्धि भइरहेको छ ।

## ५.८ थोक तथा खुद्रा व्यापार

विभिन्न छिमेकी गाउँपालिका/नगरपालिकामा कृषि उपजहरु यस गाउँबाट निर्यात हुने गरेको छ । खुद्रा व्यापार अन्तर्गत चामल, पिठो, तेल, तरकारी, फलफुल, गेडागुडी तथा मसला आदिको व्यापार हुने गरेको छ भने अन्य व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत बिक्री वितरण हुने गरेको पाइन्छ।

### ५.८.१ निकासी पैठारी स्थिति

गाउँपालिकाबाट बाहिर निकासी हुने बस्तुहरूमा खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

### ५.८.२ ढुवानी तथा भण्डार व्यवस्था

गाउँपालिकाभित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा, ट्रक, ट्याक्टर, बस, जिप आदि रहेका छन्। गाउँपालिकाको विकट क्षेत्रमा र सडकको स्तर राम्रो नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारो रुपमा रहेको छ। गाउँपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण र सडक संजालहरूको स्तर उन्नती गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा राख्ने र ठूलो परिणाममा विक्रि गर्दछन् । गाउँपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.८.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय तहमा उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूको अन्य गाउँपालिका तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ।उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट गाउँपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस गाउँपालिका लागि परेको छ । गाउँपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र गाउँपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या बढ्दो रहेको देखिन्छ।

### ५.८.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यहाँ उपलब्ध स्रोत तथा कच्चा पदार्थको सही सदुपयोग हुन नसकेको पाइन्छ । व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य गाउँपालिकाहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

#### क) कृषि जन्य पदार्थ

गाउँपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल तथा अन्य घरेलु उद्योगहरू स्थापना गरी कच्चा पदार्थको सहि उपयोग गर्न सकिने देखिन्छ, साथै केहि मात्रामा बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य गाउँपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ ।

#### ख) बनजन्य

वन जंगलमा आधारित उत्पादनमा श्रीखण्ड, रुद्राक्ष र साल हो। साल, अल्लो र चिराँईतो सरकारले संकलन तथा विक्रि वितरण गर्ने मुख्य गाउँपालिकाका साथै अन्य छिमेकी जिल्लाहरुबाट आयात गर्ने गरेको पाइन्छ । गाउँपालिकामा उत्पादीत बाँसको प्रयोग उद्योगको रुपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्यधिकरुपमा प्रयोग गरेको पाइन्छ।

## ५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

भूमिको वैज्ञानिक र व्यवस्थित प्रयोगको कमीले माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि दिगो विकासका आधारमा हाम्रा वासस्थानहरुलाई सूरक्षित राख्न सकिनेछ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकाले ओगटेका वन क्षेत्रहरु सालको वन, खयर, सियौ, पाइन, चिर लगा्यत उच्चस्थानहरुमा गुँरास, धुपी, निगालो, बेतवाँस, त्यसैगरी कटुस, चिलाउने, काफल, चौतारा, चिउरी लगायत उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जस्तै अमला, चुत्रो, सुगन्ध कोकिला, झ्याउ, सजिवन, सुगन्धवाल, खोरी, लहरेगुर्जो, राजवृक्ष, वर्रो, हर्रो, कुरिलो, दाल्चीनी, पावन, तेजपात, तितेपाती, गुराँस, बोझो, मखनवर्द, टिमुर, रिठ्ठा जस्ता जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

कालाशेषको पारिवाङ भन्ने स्थानमा उद्‌गम सथल भट्टु, लुंग्री, खुङ्गी, अरुण, दंगाल र घोरा जस्ता सहायक खोलाहरु मिलेर बनेको माण्डवी नदी नै यस क्षेत्रको सुन्दरता थप्ने नदी हो । वृहद योजनाका साथ यस क्षेत्रलाई पर्यटनको राम्रो संभावना भएका कारण आकर्षणको केन्द्रको रुपमा विकसित गर्न सकिन्छ ।

गाउँपालिकामा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

## ५.१० गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो गाउँपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। कृषी, पशु एवम् वनजन्य कच्चा पदार्थको उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास क्रमश भएकोले यस माण्डवी गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (ःभमष्अबी तयगचष्क०) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.११ बैंक

गाउँपालिकामा उद्योग र व्यापारमा लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक गाउँपालिकामा संचालित वित्तिय कारोवार गर्न सहकारी संस्थाहरुले कर्जा उपलब्ध गर्दै आएका छन् भने गाउँपालिकाबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् ।

## ५.१२ सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ। यसलाई सहज र व्यवस्थित ढङ्गबाट सञ्चालन हुन सक्ने वातावरणको सिर्जना गरी स्थानीय निकायलाई बलियो बनाउदै गाउँपालिकाका जनतालाई सहकारी संस्थाले प्रधान गर्ने सेवा सुविधाको पहुँच सहजीकरण गर्न सकिएको खण्डमा गाउँपालिकाको विकासमा टेवा पुग्ने देखिन्छ।

तालिका नं. ३३ : सहकारी संस्थाको विवरण

| क्र.सं. | साविक गाविस वा नपाको नाम | सहकारी संस्था |
|---|---|---|
| १ | तिराम १देखि४ सम्म | १ |
| २ | मर्कावाङ | ४ |
| ३ | नयाँगाउ | ५ |
| ४ | रम्दी | ३ |
| ५ | उदयपुरकोट | २ |

*स्रोत: स्थानिय तह पुनसंरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

## ५.१३ संघ संस्था तथा विभिन्न समूहहरु

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरु क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन् । यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनितिक दलहरु क्रियाशिल रहेका छन्।

तालिका नं. ३४ : संघ संस्थाको विवरण

| क्र.सं. | संस्थाको नाम | द.नं. | ठेगाना |
|---|---|---|---|
| १ | मिज क्लव रम्दी गा.वि.स. तिग्रा १ प्यूठान | ४० | रम्दी -२ तिग्रा |
| २ | देविस्थान स्वर्गद्धारी मोटरवाटो उपभोक्ता समिति | ५७ | उपयपुरकोट - ३ प्यूठान |
| ३ | कुमल्टार सुन्नानी मोटरवाटो उपभोक्ता समिति | ५९ | मर्कावाङ्ग - ३ प्यूठान । |
| ४ | यूवा सरोकार क्लव नयागाउँ प्यूठान | ६४ | नयागाउँ - ६ प्यूठान । |
| ५ | भुमेस्थान जलमुखी सामुदायिक संस्था, तिराम १ प्यूठान | १०४ | तिराम - १ प्यूठान । |
| ६ | त्रिवेणी सामुदायिक ग्रामिण विकास | ११२ | नयागाउँ - १ प्यूठान । |
| ७ | जनमुखी ग्रामिण विकास केन्द्र | १२९ | तिराम - २ प्यूठान । |
| ८ | लेक वेसी एकिकृत विकास संस्था नेपाल मर्कावाङ्ग ४ | १७८ | मर्कावाङ्ग - ४ प्यूठान । |
| ९ | मध्यपश्चिम ग्रामिण विकास मञ्च, रम्दी ४ | १८९ | रम्दी, ४ प्यूठान |
| १० | गौमुखी मजदुर यातायत समिति | २१० | नयागाउँ ३ प्यूठान । |
| ११ | शान्ति युवा क्लव | २४९ | तिराम १ प्यूठान |

| | | | |
|---|---|---|---|
| १२ | केशरी प्रतिष्ठान | ३१० | तिराम २ प्यूठान । |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




gS;f g+ 15M माण्डवी गाउँपालिकाको सडक सञ्जाल

### (क) यातायात सेवा

यस माण्डवी गाउँपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन । गाउँपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा गाउँपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पुर्‍याउन कठिनाई भएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हँदा गाउँपालिका बासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुर्‍याउन सकिएको छैन। गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा ट्रेक्टर, जिप, कार, बस, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तर उन्नति गर्नुपर्ने देखिन्छ ।

सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रामा बढ्दै गएको छ । माण्डवी गाउँपालिकामा एफ.एम र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । गाउँपालिकामा घन ल्भतधयचप नेपाल टेलिकम र एनसेल दुवैको सेवा गाउँपालिका सबै वडाहरूमा उपलब्ध हुन सकेको छैन ।

### ६.२.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकाका सबै वडाहरुमा सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुर्‍याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुर्‍याउनु पर्ने देखिन्छ साथै सबै वडाहरूमा टेलिफोन नेटवर्क सेवाको स्तर उन्नति गर्नुपर्ने देखिन्छ ।

### ६.२.२ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुर्‍याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन्। गाउँपालिका भित्र र गाउँपालिका बाहिर एवम् विदेशमा

समेतले हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् । यद्यपी संचार माध्यमहरु र यातायातको तीब्र र उच्च विकासले हुलाक प्रयोगकर्ताहरुको संख्या क्रमश घट्दै गइरहेको छ ।

### ६.२.३ पत्रपत्रिका

स्थानिय तथा केन्द्रबाट प्रकाशित हुने सबैजसो दैनिक अखबारहरु, साप्ताहिकहरु र मासिक पत्रिकाहरु (राष्ट्रिय समाचार समिति, गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका दैनिक आदि) समेत गाउँपालिकाका विभिन्न वडाहरुमा पाइन्छ ।

## ६.३ विद्युत

### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस माण्डवी गाउँपालिका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ ।

तालिका नं. ३५ : बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५०२ | ३६ | ० | ० | २८ | ७ | ५७३ |
| २ | ३७२ | ३५ | १ | २ | १९४ | २ | ६०६ |
| ३ | ६६५ | ७२ | २ | १० | ६ | ५ | ७६० |
| ४ | २१६ | ८८ | १ | २८ | २६८ | ३ | ६०४ |
| ५ | ४४५ | ६० | ० | ० | १८ | २ | ५२५ |
| जम्मा | २,२०० | २९१ | ४ | ४० | ५१४ | १९ | ३,०६८ |
| प्रतिशत | ७१.७१ | ९.४९ | ०.१३ | १.३० | १६.७५ | ०.६२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या २,२०० (७१.७१ प्रतिशत) रहेको छ । त्यस्तै गाउँपालिकाका कुल घरधुरीको २९१ (९.४९ प्रतिशत) ले मट्टितेल, ४० (१.३० प्रतिशत) ले सोलार र ४ (०.१३ प्रतिशत) घरधुरीले मात्र गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ । त्यस्तै वडागतरुपमा सबैभन्दा बढी विद्युतको प्रयोग गर्ने वडा नं. १ रहेको देखिन्छ भने अन्य स्रोतको प्रयोग गर्ने १६.८५ प्रतिशत रहेका छन्। जसको विस्तृत विवरण माथिको तालिकामा  र तल स्तम्भमा देखाइएको छ ।




## गाउँपालिकामा उपलब्ध विद्युत सेवा

तालिका नं. ३६ : गाउँपालिकामा उपलब्ध विद्युत सेवाको विवरण

| क्र.सं. | साविक गाविस वा नपाको नाम | सोलारबाट | केन्द्रिय प्रसारणबाट | विद्युत सेवा प्राप्त गर्ने कुल प्रतिशत |
|---|---|---|---|---|
| १ | तिराम १देखि४ सम्म | १.४५ | ७१.९२ | |
| २ | मर्काबाङ |  | ६१.३८६ | ६१.३८६ |
| ३ | नयाँगाउ |  | ८७.५०० | ८७.५०० |
| ४ | रम्दी |  | ८४.७६२ | ८४.७६२ |
| ५ | उदयपुरकोट | ४.६४ | ३५.७६ | ४०.३२ |

*स्रोत: स्थानिय तह पुर्नसंरचना सहयोग समिति, प्यूठान २०७३*

## ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ३७ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ठोरहा | गोबरग्यास | बिजुली | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५६५ | ० | १ | ० | ० | ० | ७ | ५७३ |
| २ | ५९९ | ० | ५ | ० | ० | ० | २ | ६०६ |
| ३ | ६९८ | १ | २९ | २ | ७ | १८ | ५ | ७६० |
| ४ | ५९८ | १ | २ | ० | ० | ० | ३ | ६०४ |
| ५ | ५०७ | ० | ८ | ० | १ | ८ | १ | ५२५ |
| जम्मा | २,९६७ | २ | ४५ | २ | ८ | २६ | १८ | ३,०६८ |
| प्रतिशत | ९६.७१ | ०.०७ | १.४७ | ०.०७ | ०.२६ | ०.८५ | ०.५९ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

सन् २०११ को जनगणना अनुसार माण्डवी गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी २,९६७ (९६.७१ प्रतिशत) रहेको छ । यसैगरी

दोस्रोमा एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ४५ (१.४७ प्रतिशत), गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ८ (०.२६ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने २ (०.०७ प्रतिशत) रहेका छन् भने बिजुली प्रयोग गर्ने घरधुरी २६ (०.८५ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा सबैभन्दा बढी एल.पी. ग्याँस प्रयोग गर्ने वडा नं. ३ मा २९ घरधुरी संख्या रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

वैकल्पीक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ । पहाडी  क्षेत्र भएकोले गोबरग्याँसको लागी उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरुको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ माण्डवी गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नितीगत रुपमा अबलम्बन गरिएको छ। राज्यको निति समेत शिक्षालाई विकासको प्रमुख पूर्वाधारको रुपमा विकसित, सर्वसुलभ र प्रभावकारी बनाउँदै लैजान रहेको छ ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस गाउँपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण,दरबन्दी शिक्षकहरुको विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट माण्डवी गाउँपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

## ७.२ साक्षरता स्थिति

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा माण्डवी गाउँपालिका प्यूठान जिल्लाका अन्य गाउँपालिकाको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६८.३० प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८१.५७ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५८.६२ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग २२.९४ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। त्यैगरी यस माण्डवी गाउँपालिकाको साक्षरताको स्थितिको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३८ : साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ८११ | ८१६ | १५ | ४३ | १९५ | ५३५ | १,०२१ | १,३९४ | २,४१५ |
| २ | ८५३ | ८६१ | ३५ | ३९ | १८४ | ५५८ | १,०७२ | १,४५८ | २,५३० |
| ३ | १०९७ | ११०८ | ९ | १४ | १२८ | ५८५ | १,२३४ | १,७०७ | २,९४१ |
| ४ | ७७३ | ७६९ | ३४ | ५५ | २३२ | ६६२ | १,०३९ | १,४८६ | २,५२५ |
| ५ | ७७२ | ६९१ | २४ | ३१ | ११७ | ४७४ | ९१३ | १,१९६ | २,१०९ |
| जम्मा | ४,३०६ | ४,२४५ | ११७ | १८२ | ८५६ | २,८१४ | ५,२७९ | ७,२४१ | १२,५२० |
| प्रतिशत | ८१.५७ | ५८.६२ | २.२२ | २.५१ | १६.२२ | ३८.८६ | १०० | १०० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा माण्डवी गाउँपालिकाको साक्षरताको वडागत विवरण देखाईएको छ । यस गाउँपालिकामा कुल जनसंख्याको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. ३ मा ७४.९७ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८८.९० प्रतिशत र महिला साक्षरता दर ६४.९१ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वार्ड नं.१ मा रहेको छ। जसमा कुल साक्षरता दर ६७.३७ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता दर ७९.४३ प्रतिशत र महिला साक्षरता दर ५८.६२ प्रतिशत रहेको छ।

## ७.२.१ पुर्ण साक्षर गाउँपालिका

नेपाल सरकारले सन् २०१६ सम्ममा १५ देखि ५९ वर्ष सम्मका सक्रिय जनसंख्यालाई पुर्णरुपमा साक्षर बनाउने प्रावधान लिई विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । २०१६ सम्ममा कार्यक्रमको लक्ष्य हाँसिल नभए पनि हाल सम्म नेपालको ३० जिल्लाहरु लाई पुर्ण साक्षर घोषणा भईसकेको छ । जसमध्ये राप्ती अञ्चल नै पुर्ण साक्षर घोषणा भईसकेको छ। पछिल्लो तथ्याकं अनुसार यस माण्डवी गाउँपालिकाको साविकका मर्कावाङ,उदयपुरकोट र तिराम ग.वि.स पुर्ण साक्षर घोषण भई सकेको छ । जसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३९ : पुर्ण साक्षरता सम्बन्धी विवरण

| त्र.सं. | गा.वि.स. /न.पा. | साक्षर घोषणा भएको मिति | कक्षा सञ्चालन गर्ने निकाय | जम्मा जनसंख्या | यस वर्ष साक्षर जनसंख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | मर्कावाङ | २०७१/०२/२३ | सुन्नानी आ.उ.मा.वि. मर्कावाङ | ३११८ | ५०० | ९७.८४ |
| २ | उदयपुरकोट | २०७१/०२/०८ | भवानीश्वर सा.अ.के. नयाँगाउँ | ३११५ | ५१५ | ९५.१९ |
| ३ | तिराम | २०७१/०२/०७ | गणेश उ.मा.वि., तिराम | ५९०७ | १०५० | ९५ |

*स्रोत : जिल्ला पार्श्वचित्र प्यूठान,२०७१*

## ७.२.२ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ४० : शैक्षिक जनशक्तिको विवरण

| | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २७८ | २४४३ | ८७९ | ३५७ | २२८ | ९३ | ३५ | ११ | ० | २१४ | १३ | ४,५५१ |
| महिला | २५३ | २४६७ | ८७८ | २७२ | १५४ | ४९ | १० | १ | २ | ३४९ | २९ | ४,४६४ |
| जम्मा | ५३१ | ४,९१० | १,७५७ | ६२९ | ३८२ | १४२ | ४५ | १२ | २ | ५६३ | ४२ | ९,०१५ |
| प्रतिशत | ५.८९ | ५४.४६ | १९.४९ | ६.९८ | ४.२४ | १.५८ | ०.५० | ०.१३ | ०.०२ | ६.२५ | ०.४७ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा माण्डवी गाउँपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा ५३१ (५.८९ प्रतिशत) जना स्कूल नगएका, ४,९१० (५४.४६ प्रतिशत) प्राथमिक तह, १,७५७ ( १९.४९ प्रतिशत) नि.मा.वि. तह, ६२९ (६.९८ प्रतिशत) मा.वि. तह, ३८२ (४.२४ प्रतिशत) एस.एल.सी. तह, १४२ (१.५२ प्रतिशत) प्रमाणपत्र तह, ४५ (०.५० प्रतिशत) स्नातक तह, १२ (०.१३ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ भने ५६३(६.२५ प्रतिशत) ले अनौपचारिक शिक्षा हाँसिल गरेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ जसलाई तल स्तम्भ चार्टमा देखाईएको छ ।




माण्डवी गाउँपालिकामा पुर्ण साक्षरता घोषणा भई सकेको छ । यस माण्डवी गाउँपालिकाको शैक्षिक जनशक्तिको विवरणलाई हेर्दा नेपालको समग्र शैक्षिक जनशक्तिको तुलनामा आजको युगमा सन्तोषजनक देखिन्छ । सरकारले अनौपचारिक शिक्षामा ल्याएको कार्यक्रम हरुमार्फत साक्षरता बढेको देखिन्छ । यस माण्डवी गाउँपालिकामा अझै ५.८९ स्कुल नगएको र प्राथमिक तहमा ५४.४६ प्रतिशत देखिएता पनि क्रमश ३टेर स्नाकोत्तर वा सो भन्दा मथि आईपुग्दा ०.१३ प्रतिशतमा झरेको छ यसले नेपालको शिक्षामा अझै सुघार ल्याउनुपर्ने र यसको लागि माण्डवी गाउँपालिका स्वयम, सरकार र सरोकारवालाहरुले सोच्नुपर्ने देखिन्छ ।

### ७.२.३ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ४१ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| वडा नं. | मानविकी र कला | व्यपार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | इन्जिनीयरिङ, विनिर्माण र निर्माण | सामाजिक र व्यवहारिक विज्ञान | गरिणत र तथ्याङ्क | कृषी, वन र मत्स्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ० | ६ | १ | ० | ० | ० | ० | ० | ३४ | ४३ |
| २ | ११ | ० | ३ | २ | ० | ० | ० | २ | ० | ४ | २२ |
| ३ | २३ | १४ | १४ | ६ | १ | ३ | १ | १ | १ | १९ | ८३ |
| ४ | ३ | १ | ४ | १ | ० | ० | ० | ० | ० | ४ | १३ |
| ५ | ११ | ४ | १४ | ४ | १ | १ | ० | ० | ० | ३ | ३८ |
| जम्मा | ५० | १९ | ४१ | १४ | २ | ४ | १ | ३ | १ | ६४ | १९९ |
| प्रतिशत | २५.१३ | ९.५५ | २०.६० | ७.०४ | १.०१ | २.०१ | ०.५० | १.५१ | ०.५० | ३२.१६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ ।जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी मानविकी र कला संकायमा पढ्नेको संख्या ५० (२५.१३ प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषय लिएर पढ्नेको जनसंख्या ४१ (२०.६० प्रतिशत), तेस्रो स्थानमा व्यापार तथा प्रशासन विषय लिएर पढ्नेको संख्या १९ ( ९.५५ प्रतिशत ), विज्ञान विषय लिएर पढ्नेको संख्या १४ (७.०४ प्रतिशत), स्वास्थ्य, इन्जिनीयरिङ, विनिर्माण र निर्माण, कृषी, वन र मत्स्य ,सामाजिक व्यवहारिक विज्ञान र गणितीय तथ्याङ् विषय लिएर पढ्नेको जनसंख्या अत्यन्तै कम रहेको देखिन्छ भने ६४ (३२.१६ प्रतिशत) ले उल्लेख नगरेको देखिन्छ जसको विस्तृत विवरण माथि तालिकामा साथै तल पाई चार्टमा प्रस्तुत गरिएको छ ।



### ७.२.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ४२ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| पूर्व प्रा.वि. .नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | १,४०६ | १,४५० | २,८५६ | १,३८३ | १,४१७ | २,८०० | ९८.०४ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | ११ | ११ | २२ | १० | ११ | २१ | ९५.४५ |
| उच्च मा.वि. जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | १ | १ | २ | १ | १ | २ | १००.०० |
| जम्मा | | १,४१८ | १,४६२ | २,८८० | १,३९४ | १,४२९ | २,८२३ | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस तालिकामा स्कूल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिका मध्ये कोही पनि स्कूल नगएको देखिन्छ । ५ देखि १२ वर्ष उमेर समूहको जनसंख्या मध्ये ९८.०४ प्रतिशत स्कुल गएको देखिन्छ भने १.९६ प्रतिशत स्कुल नगएको देखिन्छ त्यस्तै १३ देखि १४ वर्ष उमेर समूहको जनसंख्याको ९५.४५ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ४.५५ प्रतिशत स्कुल नगएको देखिन्छ। यसलाई माथिको तालिका उल्लेख गरिएको छ।

*(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ । त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ । )*

### ७.२.५ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

#### (क) शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमिका अनिवार्य रहन्छ। गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन

विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५, लागू भए पछि स्थानीय सरकारको रूपमा गाउँपालिकाको समग्र विकासको निम्ति गाउँपालिकालाई नयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ।

तालिका नं. ४३ : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| क्र.सं. | संचालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | प्रा.वि.तह संचालन (१-५) | १७ | १ | १८ |
| २ | नि.मा.वि.तह संचालन (१-८) | ५ | १ | ६ |
| ३ | मावि तह संचालन (१-१०) | १ | ० | १ |
| ४ | उमावि तह संचालन (१-१२) | ३ | | ३ |
| ५ | सामूदायिक अध्ययन केन्द्र | २ | – | |
| ६ | खुला विद्यालय | – | – | |
| ७ | विशेष शिक्षा स्रोत कक्षा | – | – | |
| ८ | ँSP | – | – | |
| जम्मा | | २८ | २ | ३० |

*स्रोत: माण्डवी गा.पा, शिक्षा शाखा २०७५*

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०७४/७५ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण माथिको तालिकामा दिइएको छ। गाउँपालिकामा पठनपाठनका लागि प्रा. वि. सङ्ख्या १८, नि. मा. वि. ६, मा. वि. १ र उमावि ३ गरी जम्मा ३० वटा शिक्षण संस्थाहरु रहेका छन् । वर्तमान समयमा निजी क्षेत्रको संलग्नता बढ्दै गईरहेको अवस्थामा ग्रामीण क्षेत्रमा भने निजी क्षेत्रको न्युन संलग्नता देखिन्छ यद्यपि समुदायिक र संस्थागत निजी क्षेत्रले शिक्षाको क्षेत्रमा विभिन्न समस्याको बावजुत उल्लेख्य योगदान पुर्‍याउँदै आएको देखिन्छ ।

गाउँपालिकामा सञ्चालित शिक्षण संस्थाहरुको विवरण

तालिका नं. ४४ : शिक्षण संस्थाको विवरण

| सि.नं. | साविक गाविसकोनपाको नाम | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | स्नातकोत्तर |
|---|---|---|---|---|---|---|---|
| १ | तिराम १ देखि४ सम्म | ४ | | १ | | | |
| २ | मर्कावाङ | ३ | १ | १ | | | |
| ३ | नयाँगाउ | ४ | ४ | १ | | | |
| ४ | रम्दी | २ | २ | | | | |
| ५ | उदयपुरकोट कोचिवाङ २ | ४ | | १ | | | |

*स्रोत: माण्डवी गा.पा, शिक्षा शाखा २०७५*

### ७.२.६ स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण

तालिका नं. ४५ : स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण

| क्र.स. | दरवन्दीको किसिम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | | | अस्थायी दरवन्दी | | | राहत | | |
| | शिक्षकको किसिम | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | प्र.शि | ९ | ३० | ३९ | १३ | ९ | २२ | १५ | ५ | २० |
| २ | नि.मा.शि. | १ | ६ | ७ | ० | ० | ० | २ | २ | ४ |
| ३ | मा.शि. | ३ | ८ | ११ | ० | ६ | ६ | ० | २ | २ |
| | जम्मा | १३ | ४४ | ५७ | १३ | १५ | २८ | १७ | ९ | २६ |
| | | | | | | | | कुल जम्मा | | १०१ |

*स्रोत: माण्डवी गा.पा., शिक्षा शाखा २०७५*

माथिको तालिकामा स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षकहरू प्रा.वि, नि.मा.वि र मा.विको स्थायी, अस्थायी र राहत दरवान्दीको विवरण देखाइएको छ। जसमा स्थायी दरवन्दी अन्तरर्गत प्रा. शि. ४४ जना, नि.मा.वि शिक्षक ७ जना, मा.वि. शिक्षक ११ जना गरी जम्मा ५७ शिक्षकहरु स्थायी दरबन्दीमा, प्रा.वि. शिक्षक २२ जना र मा.वि. शिक्षक ६ जना गरी जम्मा २८ शिक्षकहरु अस्थायी दरबन्दीमा र प्रा.वि. शिक्षक २० जना, नि.मा. शिक्षक ४ जना, मा.वि. शिक्षक २ जना गरी जम्मा २६ शिक्षकहरु राहत दरबन्दीमा गरी जम्मा १०१ शिक्षक स्वीकृत दरबन्दीमा कार्यरत छन् । यसलाई तल स्तम्भ चित्रमा देखाईएको छ ।



### ७.२.७ विद्यालय स्रोत केन्द्र

तालिका नं. ४६ : माण्डवी गाउँपालिकामा रहेको स्रोतकेन्द्रको विवरण

| क्र.सं | स्रोत केन्द्र | समावेश भएका गा.वि.स. |
|---|---|---|
| १ | श्री माण्डवी मा.वि. नयाँगाउँ | नयाँगाउँ, उदयपुरकोट, गोठिवाङ |
| २ | श्री गणेश मा.वि.,तिराम | तिराम,मर्कावाङ |
| ३ | श्री मुक्ति मा.वि. रातमाटा | खलंगा न. पा. वडा नं. ४ को केही भाग ५, ६, ७, ८, ९, १०, ११, १२, १३, जुम्रकाँडा, रम्दी, माभ्कोट, तोरवाङ |

*स्रोत : जिल्ला पार्श्वचित्र  प्यूठान , २०७१*

### ७.२.८ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।

- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।

- ✓ **दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।

- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।

- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

- ✓ **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु

तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालिन शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।

- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।

- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।

- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेका छन् ।

## ७.३ स्वास्थ्य

माण्डवी गाउँपालिकाबासीहरू स्वास्थ्य सम्बन्धि सेवा लिन जिल्ला सदरमुकाम जाने गरेको देखिन्छ । जिल्लामा प्रमुख स्वास्थ्य केन्द्रको रुपमा १५ शैयाको एक जिल्ला अस्पताल रहेको छ । यस अस्पतालमा आधारभुत सेवा उपलब्ध रहेको छ । जिल्ला सामुदायिक स्वास्थ्य सेवा अन्तरर्गत विजुवार बजारमा एच.आई.भी./एड्स को लागि Voluntary Counseling and Testing (VCT) सेवा उपलब्ध रहेको छ । जिल्ला अस्पतालको अतिरिक्त एक आयुर्वेद अस्पताल पनि रहेको छ ।

यस गाउँपालिकामा जनसमुदायहरुले चेतनाको क्रमिक विकास संगै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार अबलम्बन गर्दै गैरहेको देखिन्छ। तथापी जनताले आवश्यकता अनुसारको स्वास्थ्य सुविधा लिन सकेका छैनन् । गाउँपालिकाको केन्द्र क्षेत्रका जनताहरुको पहुँच सहज देखिएता पनि बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकी सम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन । हेल्थपोष्टहरुमा पर्याप्त स्वास्थ्यकर्मी र औषधीको उपलब्धता नहुँदा समस्या झेल्नुपर्ने बाध्यता छ ।

गाउँपालिकामा विभिन्न वडाहरुमा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तसर्थ ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान अनुसार गाउँपालिकामा १९५ जना कार्यरत रहेका छन्। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.३.२ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरु स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। यस रोगबाट बच्न गाउँपालिकामा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

तालिका नं. ४७ : एच.आई.भी./एड्स सम्बन्धी विवरण

| एच.आई.भी./एड्सको अवश्था | | | | |
|---|---|---|---|---|
| गा.वि.स.को नाम | एच.आ.भी.संक्रमितको संख्या | | संक्रमण बाट मृत्यु हुनेको संख्या | |
| | पुरुष | महिला | पुरुष | महिला |
| उदयपुरकोट | १ | १ | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| रम्दी | ० | १ | ० | १ |
| तिराम | १ | ० | ० | ० |
| मर्कावाङ | ० | ० | ० | ० |
| जम्मा | २ | २ | ० | १ |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

### ७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)। सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

ग्रामीण भेगहरुमा समयमा नै गर्ववती महिला स्वास्थ्य चौकी नपुग्दा र स्वास्थ्यकर्मी पर्याप्त नहुँदा कति शिशुहरु को मृत्यु हुने गरेको कुरा हामी सामु सर्ववितित् नै छ । यसको अवस्था बुझ्नको लागि तल यस गाउँपालिकामा रहेका द्यष्चतजष्लन ऋभलतभच हरुको विवरण तल दिईएको छ । जसले सुरक्षित मातृ शिशुको लागि ठुलो भूमिका खेल्छ ।

तालिका नं. ४८ : Birthing Center को विवरण

| क्र.सं. | Birthing Center को नाम | ठेगाना | समेटिएका साविकका गा.वि.स. हरु | कार्यरत माथिल्लो पदको जनशक्ति |
|---|---|---|---|---|
| १ | उदयपुरकोट | उदयपुरकोट | उदयपुरकोट | अ.न.मी. |
| २ | मर्कावाङ | मर्कावाङ | मर्कावाङ | अ.न.मी . |
| ३ | तिराम | तिराम | तिराम | अ.न.मी . |
| ४ | देविस्थान | देविस्थान | नयाँगाउँ | अ.न.मी |

*स्रोतः माण्डवी गा.पा., स्वास्थ्य शाखा २०७५*

### ७.३.५ परिवार नियोजन

परिवार नियोजनबाट हुने फाइदाका बारेमा बिभिन्न संघ संस्थाहरु बाट गरिएको अध्ययन अनुसन्धानबाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ । साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोग पुर्याउँछ । त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरु महिला स्वास्थ्य स्वयंसेवीकाद्धारा सेवा पुर्याउँदै आएको छ । परिवार नियोजन सम्बन्धी अस्थायी विधिहरु प्रयोगकर्ताको संख्या तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४९ : परिवार नियोजन सम्बन्धी विवरण

| साविकका गा.वि.स. | डब्लु.आर.ए. | कन्डम वितरण | सि.वाइ.पि | नयाँ प्रयोगकर्ता | | | | | | हालको प्रयोगकर्ता | | | | सि.पि.आर. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पिल्स् | डिपो | आई.यु.सि.डी. | इम्प्लान्ट | जम्मा | ५ जम्मा | पिल्स् | डिपो | आई.यु.सि.डी. | इम्प्लान्ट | |
| उदयपुरकोट | १०१८ | ११००० | ७३ | ० | ४५ | ० | ५ | ५० | ४१९ | ४२ | ९६ | ० | ५ | २१.२५ |
| मर्कावाङ | ९९३ | ५६२० | ३७ | २ | २६ | ० | ० | २८ | २१८ | २३ | २० | ० | ० | ८.१० |
| नयाँगाउँ | १२०६ | ११७०० | ७८ | १ | ७० | ० | ० | ७१ | ५१९ | १० | ५५ | ० | ० | ११.८६ |
| रम्दी | ८५४ | ८३१० | ५५ | ० | २४ | ० | ० | २४ | २१८ | ३३ | ४० | ० | ० | १५.०४ |
| तिराम | १८५० | ३१६०० | २११ | ३ | ४७ | ० | १६ | ६६ | ३१६ | ६१ | १८० | १ | ३२ | २६.२० |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

### ७.३.६ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । बालक अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

बालबालिकाले बाल्य अवस्थामा लगाएको खोपले बालबालिकाको स्वास्थ्य निर्धारण गर्दछ । बालक स्वस्थ रहन बाल्य अवस्थामा लागाउनुपर्ने खोपहरु सबै पुरा गर्नु पर्छ । खोप कार्यक्रम प्रभावकारी भएको खण्डमा बाल अवस्थामा जोखिम हुने रोगहरु बाट बच्नुको साथै बाल मृत्युदर पनि कम हुन्छ । यस माण्डवी गाउँपालिका को बालबालिकामा लगाईएको खोपको विवरण निम्न अनुसार रहेको छ ।

तालिका नं. ५० : माण्डवी गाउँपालिकाको खोपको विवरण

| क्र. सं. | गा.वि.स.को नाम | खोपको नाम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बी.सी.जी. | बी.सी.जी. (%) | डी.पी.टी. | डी.पी.टी.३ (%) | दादुरा | दादुरा (%) | टी.टी.२ र २ + | टी.टी.२ र २ +(%) |
| १ | उदयपुरकोट | १२१ | ८१ | १०० | ७३ | ८३ | ८४ | ७० | ८९ |
| २ | रम्दी | ३१ | ६५ | ६५ | ७७ | ६० | ८७ | ३३ | ४५ |
| ३ | तिराम | १८४ | १०३ | १८७ | ९० | १८९ | १०१ | ११२ | ६५ |
| ४ | मर्कावाङ | १०१ | ९३ | ९४ | ८७ | ९९ | ९१ | ६४ | ७१ |
| ५ | नयाँगाउँ | - | १०० | - | १०० | - | ७९ | - | - |

*स्रोतः माण्डवी गा.पा., स्वास्थ्य शाखा २०७५*

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च संम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

तालिका नं. ५१ : माण्डवी गाउँपालिकामा झाडापखालाको अवश्था

| क्र. सं. | गा.वि.स.को नाम | गा.वि.स.. मा देखिएका झाडापखालाका रोगीहरुको संख्या (०६९/७०) | गा.वि.स.. मा देखिएका झाडापखाला रोगीहरुको संख्या (२०७१ बैशाख सम्म) |
|---|---|---|---|
| १ | उदयपुरकोट | ३२९ | २८० |
| २ | रम्दी | २२६ | १२३ |
| ३ | तिराम | ४५० | २९९ |
| ४ | मर्कावाङ | ३३४ | २८९ |
| | जम्मा | १३३९ | ९९१ |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

तालिका नं. ५२ : माण्डवी गाउँपालिकामा क्षयरोगको अवश्था

| क्र.सं. | गा.वि.स.को नाम | गा.वि.स.. मा उपचार गराईरहेका क्षयरोगीको संख्या (०६९/७०) | | | गा.वि.स.. मा उपचार गराईरहेका क्षयरोगीको संख्या (०७४/७५) तेस्रो चौमासिक सम्म | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | उदयपुरकोट | ० | ० | ० | २ | ४ | ६ |
| २ | रम्दी | २ | २ | ४ | १ | २ | ३ |
| ३ | तिराम | १ | ६ | ७ | ३ | ३ | ६ |
| ४ | मर्कावाङ | २ | ३ | ५ | १ | ८ | ९ |
| | जम्मा | | | १६ | | | २४ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

### ७.३.८ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमशः घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। थप गाउँपालिकामा समेत राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामाहारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्।

तालिका नं. ५३ : पोषणको विवरण

| क.सं. | गा.वि.स.को नाम | ६ वर्ष मुनिका वालवालिकाहरुको संख्या | कम तौल भएका बालबालिका |
|---|---|---|---|
| ज्ञ | उदयपुरकोट | ४३५ | १० |
| द्द | रम्दी | ३८६ | ० |
| घ | तिराम | ९७८ | ३ |
| द्ध | मर्कावाङ | ४५७ | २ |
| | नयाँगाउँ | - | ५ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल तथा अनुशासन विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकासका लागि प्रयासरत रहेको पाइन्छ। यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरूमा खेलकुदको लागि दिर्घकालिन पूर्वाधार तयार गरेको खण्डमा खेलकुदको विकास गर्न सकिन्छ ।

गाउँपालिकाले पनि आफ्नो कार्यक्षेत्र भित्र गतिशिल रहने गरी गाउँपालिकामा गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

गाउँपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी गाउँपालिका बासीहरुलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरु तयार पारेका छन् जसमा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिरुपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरुलाई खेलकुद सामाग्री उपलब्ध गराउने, खेल क्षेत्रमा स्तरउन्नती

गर्न माण्डवी गाउँपालिका रहेका बालबालिका तथा युवाहरुमा रहेको खेलकुद प्रतिको रुचि मध्यनजर गर्दै माण्डवी गाउँपालिकामा रहेका संभावना पहिचान गरको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ।

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस माण्डवी गाउँपलिकामा , ७० वर्ष उमेर नाघेका २.४३ प्रतिशत (३७१ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था कमजोर रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतिको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई तहसनहस पार्ने खतरा बढ्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्।

### ७.५.२ शान्ति सुरक्षा

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चत हुन्छ। संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ। हरेक राष्ट्रका नागरिकहरुलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ। यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भुमिका रहन्छ।

गाउँपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरु यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ। यस गाउँपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता खासै गरिएको देखिएन। गाउँपालिकामा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसा घटनाहरु भएको स्थानीयबासीको भनाई छ। जिल्लामा शान्ति सुरक्षासँग सम्बन्धित निकायहरुमा नेपाली सेना तथा नेपाल प्रहरीका विभिन्न ईकाइहरु रहेका छन्। माण्डवी गाउँपालिकाको शान्ति सुरक्षा तथा सुशासन कायम गर्न विभिन्न सेवा प्रदायक सरकारी तथा गैरसरकारी कार्यालयहरु सञ्चालनमा रहेका छन्। गाउँपालिकामा सुशासन विपरीत हुने कार्य लाई रोक्न कार्यरत ईलाका कार्यालय तथा सम्बन्धित निकायले समाधान गरेको पाईन्छ। माण्डवी गाउँपालिकाको शान्ति सुरक्षाको विवरणात्मक विश्लेषण तल दिईएको छ।

तालिका नं. ५४ : प्रहरी कार्यालयको विवरण

| क्र.सं. | प्रहरी ईकाईहरु | समेटीने गाविसहरु |
|---|---|---|
| १ | प्रहरी चौकी, तिराम | तिराम र मर्कावाङ गाविस पुरै |
| २ | प्रहरी चौकी देविस्थान, प्यूठान | नयाँगाउँ उदरपुकोट, रम्दी गाविस सबै |

*स्रोत : जिल्ला पार्श्वचित्र प्यूठान, २०७१*

### ७.५.३ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरु एवंम दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्नेछन् । यसै अनुरुप माण्डवी गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विस्तृत विवरण तल तालिकामा दिईएको छ ।

तालिका नं. ५५ : गाउँपालिकामा वितरण भएको सामाजिक सुरक्षा सम्बन्धी विवरण

| स्थान | जेष्ठ अन्य | दलित जेष्ठ | असाहाय | एकल/विधवा महिला | अपाङ्ग | | ५ वर्ष मुनिका दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण | आंशिक | | |
| मर्कावाङ | ६७ | १९ | २८ | ४९ | ० | २ | ५६ | २२१ |
| नयांगाउँ | ७२ | ३१ | २८ | ७० | २ | ० | ४८ | २५१ |
| रम्दी | ६३ | १९ | ८८ | ० | १ | २ | ४३ | २१६ |
| तिराम | १३१ | ५५ | ११८ | ० | २ | १ | ८४ | ३९१ |
| उदयपुरकोट | ३६ | ४७ | २५ | ६२ | १ | २ | ११३ | २८६ |
| जम्मा | ३६९ | १७१ | २८७ | १८१ | ६ | ७ | ३४४ | १३६५ |

*स्रोत: जिल्ला समन्वय समितिको कार्यालय, प्यूठान २०७१*

गाउँपालिकामा २०७१ सालभरि सामाजिक सुरक्षा भत्ता पाउनेहरुको संख्या तालिकामा दर्शाइएको छ । भत्ता पाउनेहरुमा जेष्ठ नागरिक ३६९ जना, दलित जेष्ठ नागरिक १७१ जना, असाहाय २८७ जना, एकल/विधवा महिला १८१ जना, अपाङ्ग (पूर्ण र आंशिक) १३ जना र ५ वर्ष मुनिका दलित बालबालिका ३४४ जना रहेका छन् ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरुको आर्थिक र समाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५

जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरुलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन,सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भुमिका निर्वाह गर्दै आईरहेको छ ।

### (क) महिला विकास कार्यक्रम

ग्रमीण महिलाहरुको आर्थिक र सामाजिक विकास गर्ने लक्ष्य लिई वि.सं.२०३८ सालमा स्थानीय विकास मन्त्रालय -तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय) मा महिला विकास शाखा खडा गरियो । आर्थिक वर्ष ०३९/०४० मा पहिलो पटक धादिङ, तनहुँ, स्याङ्जा, नवलपरासी र सुर्खेत गरी ५ वटा जिल्लामा महिला विकास शाखाको स्थापना गरी ग्रामीण महिलाका लागि उत्पादन कर्जा ९एचयमगअतष्यल ऋचभमष्त ायच ञ्याचबल ध्कभल० कार्यक्रमको सुरुवात भयो । यो कार्यक्रमको मुल नारा "पेवा बढाउने" राखिएको थियो भने प्रतीक चिन्ह महिलाले थैलीमा पैसा हाल्दै गरेको थियो । यो ग्रामीण विपन्न महिला लक्षित थियो । हाल ७५ जिल्लामा महिला विकास शाखाहरु स्थापना भईसकेको छ ।

नेपाल सरकार ( मन्त्रीपरिषद्) को निर्णय बाट मिति २०५७/०३/२६ देखि महिला विकास महाशाखा महिला विकास विभागमा र २०६७/०६/१२ मा महिला विकास तथा बालवालिका विभाग साथै मिति २०६०/१२/२६ को निर्णय बाट जिल्लास्थित महिला विकास शाखालाई महिला विकास कार्यालयमा र २०६७/०६/१२ मा महिला महिला तथा बालबालिका कार्यालयमा परिणत गरियो ।

यो महिला विकास कार्यक्रममा ७ लाख भन्दा बढी महिलाको सहभागीता छ । विगत तीन दशकको दौरानमा कार्यक्रमको ढाँचा पनि परिवर्तन भएको  छ । व्यक्तित्व विकासका नियमित अवसर गुमाएका विपन्न महिलाको बहुआयामिक सशक्तिकरणका लागि वैकल्पिक अवसर सिर्जना गर्ने कार्यक्रमका आर्थिक-सामाजिक विधिहरु प्रभावकारी देखिएका छन् ।

### (ख) महिला तथा बालबालिका कार्यालय प्यूठान बाट सञ्चालित कार्यक्रमहरु

- महिला विकास कार्यक्रम जिल्ला स्तर ( गरीबी विरुद्ध महिला अभियान समेत )
- लैंगिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकिकृत विकास कार्यक्रम
- समाजकल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत)
- जिल्ला जेष्ठ नागरिक कल्याण समिती मार्फत सञ्चालित जेष्ठ नागरिक अद्यावधिक तयार गर्ने
- अपाङ्गता भएका व्यक्तिको परिचयपत्र सिफारिस समितिको बैठक तथा अभिलेख व्यवस्थापन

- अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालन
- बालकल्याण कार्यक्रम
- अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यक्रम
- दातृ निकायबाट सञ्चालित कार्यक्रमहरु

### (ग) यूनिसेफ नेपाल

यूनिसेफ नेपालको सहयोगमा सन् २०११ पारालिगल कार्यक्रम सञ्चालन भएको र उक्त कार्यक्रम मार्फत ६ वटा गाविसहरुमा गाविस स्तरीय पारालिगल समिति गठन गरी समितीहरुलाई तालिमको व्यवस्था गरीएको र उक्त समितीले महिला तथा बालबालिकालाई हिंसामा पर्नबाट जोगाउने र हिंसामा परेका महिला तथा बालबालिकाको कानुनी पहुँच बृद्धीका लागि पैरवी गर्ने कार्य गरेको र सन् २०१३ मा उक्त पारालिगल कार्यक्रमलाई महिला विकास कार्यक्रममा एकिकरण गरीएको छ र एकिकरणमा जाँदा महिला विकास कार्यक्रम अन्तर्गत रहेका वडास्तरीय समिति मार्फत निगरानी समूह गठन र परीचालन गरी हिंसा कम गर्न पैरवी गर्ने कार्य सञ्चालन भइरहेको छ ।

### (घ) संयुक्त राष्ट्रसंघिय कोष (यू.एन.एफ.पी.ए )

यू.एन.एफ.पी.ए.को सहयोगमा महिला तथा बालबालिका कार्यालय प्यूठानले सन् २०११ देखी कार्यक्रम सञ्चालन गरीआएको छ । यस अन्तर्गत महिला सहकारी संस्थालाई लैंगिक हिंसा विरुद्धको तालिमहरु, कानुनी प्रावधानका विषयमा तालिम किशोर किशोरी विकास तालिम र बालविवाह कम गर्नको लागि सचेतीकरण जस्ता क्रियाकलाप सञ्चालन भइरहेका छन् ।

### (ङ) लक्षित समूह

माण्डवी गाउँपालिकाका २० वर्ष भन्दा माथिका विपन्न महिलालाई लक्षित गरी समूह गठन गरिएको छ । जसमा 'विपन्न महिला' जो कहिल्यै विद्यालय नगएका वा गएता पनि प्रवेशिका परीक्षासम्म उतीर्ण नगरेका शैक्षिक रुपमा बञ्चित र आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्ष दिन सम्म खान नपुग्ने परिवारका आर्थिक रुपमा सक्रिय नभएका महिलाहरुलाई समावेश गरी आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा सक्षम बनाउने उद्देश्यका साथ महिला विकास कार्यक्रम सञ्चालन गरिएको छ । यस लक्षित समूहमा संलग्न महिलाहरुको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५६ : कार्यक्रममा सहभागी समूह/समिति/संस्थाको विवरण

| क्र.सं. | साविकको गा.वि.स. | समूह संख्या | समूहमा आवद्ध सदस्य | | | | समिति संख्या | समिति सदस्य संख्या | दर्ता भएको संस्थाको विवरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाति | अन्य | जम्मा | | | संस्थाको नाम | शेयर सदस्य |
| १ | नयाँगाउँ | ४६ | ४४ | ७१ | १४७ | २६२ | ७ | २६२ | भुवनेश्वरी | २९७ |
| २ | उदयपुरकोट | १८ | २१ | २४ | ४० | ८५ | ३ | ८५ | | |
| ३ | तिराम | ३० | १६ | ८० | ४४ | १४० | ५ | १४० | | |
| ४ | मर्कावाङ | ४८ | २७ | ९२ | १०६ | २२५ | ८ | २२५ | | |
| ५ | रम्दी | १२ | ७ | ११ | ३२ | ५० | २ | ५० | | |

*स्रोत : जिल्ला पार्श्वचित्र प्यूठान, २०७१*

गर्भवती महिलाहरुको निःशुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँपालिका विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

### ७.६.२ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत

क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

### ७.६.३ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी निकायका साझेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरि लागु गरेको छ।

### ७.६.४ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका गर्नका लागि विभिन्न स्तरका निती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

तालिका नं. ५७ : माण्डवी गाउँपालिकामा संचालित बालक्लब र बालबालिका संख्या

| क्र. सं. | क्लबको नाम | ठेगाना | अपाङ्ग | | | दलित | | | जनजाति | | | अन्य | | | कुल जम्मा | | | गठन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुनौलो | देविस्थान, नयाँगाउ १ | | | ० | | | ० | | | ० | ४ | ७ | ११ | ४ | ७ | ११ | सेवक सा.यु. रे. खलंगा १ |
| २ | स्वर्गद्वारी | नयाँगाउँ ३ | | | ० | १३ | ७ | २० | | | ० | ६० | ४५ | १०५ | ७३ | ५२ | १२५ | गा.वि.स |
| ३ | पहाडी | नयाँगाउँ ६ | | | ० | ३ | ४ | ७ | | | ० | १९ | १७ | ३६ | २२ | २१ | ४३ | " |
| ४ | झुल्केघाम | नयाँगाउँ ९ | ज्ञ | २ | ३ | १६ | १४ | ३० | | | ० | ७० | ८० | १५० | ८७ | ९६ | १८३ | " |
| ५ | बागेश्वरी | नयाँगाउँ ८ | ज्ञ | १ | २ | २० | १७ | ३७ | | | ० | ८८ | ९८ | १८६ | १०९ | ११६ | २२५ | " |
| ६ | नवसीर्जनशील | नयाँगाउँ १ | | | ० | ३ | ३ | ६ | | | ० | १०२ | ११२ | २१४ | १०५ | ११५ | २२० | " |
| ७ | बँगैचा | रामेश्वरी नि.मा.वि नयाँगाउँ २ | | | ० | | | ० | | | ० | २९ | ३७ | ६६ | २९ | ३७ | ६६ | " |
| ८ | कृष्ण | कृष्ण नि.मा.वि नयाँगाउँ ९ | | | ० | | | ० | | | ० | ११५ | १५१ | २६६ | ११५ | १५१ | २६६ | " |
| ९ | जिज्ञासा | रम्दी ४ | | | ० | | | ० | | | ० | ८ | ९ | १७ | ८ | ९ | १७ | " |
| १० | शिवशक्ति | नयाँगाउँ ४ | | | ० | | | ० | | | ० | ४० | ६९ | १०९ | ४० | ६९ | १०९ | ढुङ्गेगढी गा.वि.स |
| ११ | सञ्जिवनी | नयाँगाउँ ७ सल्लीवेसी | | | ० | ३ | ६ | ९ | ५ | ६ | ११ | १० | १५ | २५ | १८ | २७ | ४५ | नयाँगाउँ गा.वि.स |
| १२ | रामेश्वरी | नयाँगाउँ २ आँपचौर | | | ० | | | ० | | | ० | ९ | २३ | ३२ | ९ | २३ | ३२ | " |
| १३ | भवानेश्वरी | नयाँगाउँ १ जस्पुर | | | ० | | | ० | ९ | २५ | ३४ | १५ | २४ | ३९ | २४ | ४९ | ७३ | कालिका वि.के |
| १४ | माण्डवी | नयाँगाउँ ९ माठटोल | | | ० | ५ | ६ | ११ | ३ | ७ | १० | १५ | १६ | ३१ | २३ | २९ | ५२ | " |
| १५ | हातेमालो | नयाँगाउँ | | | ० | ४ | ४ | ८ | ४ | ३ | ७ | १२ | १५ | २७ | २० | २२ | ४२ | " |
| १६ | लालीगुराँस | तोरवाङ्ग ४ मर्कावाङ | | | ० | ६ | ४ | १० | ११ | २० | ३१ | १८ | २३ | ४१ | ३५ | ४७ | ८२ | " |
| १७ | श्रृजनसिल | तिराम ४ थक्लेनी | | | ० | | | ० | १४ | १६ | ३० | १४ | १६ | ३० | २८ | ३२ | ६० | कालिका वि. केन्द्र |
| १८ | ज्योति वाल क्लव | तिराम १ भिरपानी | | | ० | ३ | ५ | ८ | ३ | ६ | ९ | १२ | १८ | ३० | १८ | २९ | ४७ | कालिका वि. केन्द्र |
| १९ | मिलिजुलि | तिराम २ धुरुंगा | | | ० | २ | २ | ४ | | ८ | ८ | १० | १० | २० | १२ | २० | ३२ | कालिका वि. केन्द्र |
| | जम्मा | | द्द | ३ | ५ | ७८ | ७२ | १५० | ४९ | ९१ | १४० | ६५० | ७८५ | १४३५ | ७७९ | ९५१ | १७३० | |

*स्रोत: जिल्ला बाल कल्याण समिति, २०७४*

## ७.७ अपाङ्गताको विवरण

खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न त्चबअजफब रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा

बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ॥

२०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ । यसैगरी यस माण्डवी गाउँपालिकाको अपाङ्गताको अवस्थाको अध्ययन गरिएको छ जसको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

तालिका नं. ५८ : अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ६३ | १९ | ३७ | २ | १८ | १७ | १ | २ | १५९ |
| महिला | ४८ | २२ | ४६ | ६ | २० | १२ | ६ | ६ | १६६ |
| जम्मा | १११ | ४१ | ८३ | ८ | ३८ | २९ | ७ | ८ | ३२५ |
| प्रतिशत | ३४.१५ | १२.६२ | २.५४ | २.४६ | ११.६९ | ८.९२ | २.१५ | २.४६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार माण्डवी गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या २.१६ प्रतिशत (३२५ जना) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका १११(३४.१५ प्रतिशत), श्रवण, दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका ८ (२.४६ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ३८ जना (११.६९ प्रतिशत) देखिन्छन् भने दृष्टि सम्बन्धी अपाङ्गता भएका ४१ जना (१२.६२ प्रतिशत) र बौद्धिक अपाङ्गता भएका ७ जना (२.१५ प्रतिशत) रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता २९ जना (८.९२ प्रतिशत) र बहु अपाङ्गता ८ (२.४६ प्रतिशत) रहेका छन् । यो विवरणलाई तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ ।




माथिको तालिका र स्तम्भको अध्ययन गर्दा यस माण्डवी गाउँपालिकमा पनि आवश्यक निति तथा कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ । सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुर्‍याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

## ७.८ खानेपानी तथा सरसफाई

### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ५९ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| श्रोत | धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | २५०७ | ३५ | ३१ | २९० | १२६ | ५९ | २ | १८ | ३,०६८ |
| प्रतिशत | ८१.७१ | १.१४ | १.०१ | ९.४५ | ४.११ | १.९२ | ०.०७ | ०.५९ | १०० |

स्रोत: राष्ट्रिय जनगणना, २०६८

माण्डवी गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा भएकोले गाउँका परिवारहरुले सबैभन्दा बढी २,५०७ (८१.७१ प्रतिशत), धारा पाईपको प्रयोग गरेको पाइएको छ । गाउँपालिका ट्युबवेल तथा हाते पम्पको प्रयोग गर्ने घरधुरी संख्या ३५ (१.१४ प्रतिशत), खुला कुवा ईनारको प्रयोग गर्ने घरधुरी संख्या २९० (९.४५ प्रतिशत), ढाकिएको इनार तथा कुवाको प्रयोग गर्ने घरधुरी सबैभन्दा थोरै ३१ (१.०१ प्रतिशत) रहेको छ त्यस्तै मुल धाराको प्रयोग गर्नेको संख्या १२६ (४.११ प्रतिशत) छन् भने नदी तथा खोलाको स्रोत प्रयोग गर्ने ५९ (१.९२ प्रतिशत )रहेको पाईयो । गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तल स्तम्भमार्फत स्पष्ट पारिएकोछ ।




### ७.८.२ खानेपानीको स्रोतको विवरण

तालिका नं. ६० : खानेपानीको स्रोतको विवरण

| वडा नं. | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४४५ | १ | ३ | ९७ | ६ | १३ | १ | ७ | ५७३ |
| २ | ५२३ | ० | १ | ४४ | २२ | १४ | ० | २ | ६०६ |
| ३ | ६३२ | ३३ | ० | ७३ | १६ | ० | १ | ५ | ७६० |
| ४ | ५४७ | १ | १ | ४ | २१ | २८ | ० | २ | ६०४ |
| ५ | ३६० | ० | २६ | ७२ | ६१ | ४ | ० | २ | ५२५ |
| जम्मा | २,५०७ | ३५ | ३१ | २९० | १२६ | ५९ | २ | १८ | ३,०६८ |
| प्रतिशत | ८१.७१ | १.१४ | १.०१ | ९.४५ | ४.११ | १.९२ | ०.०७ | ०.५९ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको सबै वडाहरुमा सबैभन्दा बढी धारा तथा पाइपको २,५०७ घरधुरी ( ८१.७१) प्रयोग गरेको देखिन्छ। दोस्रो ठूलो स्रोतको रुपमा खुला ईनार तथा कुवाको २९० घरधुरी(९.४५ प्रतिशत ) प्रयोग गरेको देखिएको छ भने जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

### खानेपानी स्रोतहरुको पछिल्लो विवरण

तालिका नं. ६१ : खानेपानी स्रोतहरुको पछिल्लो विवरण

| सि.नं. | खानेपानीको स्रोत रहेको गा.वि.स. | खानेपानीको श्रोत रहेका गाविस वा नपाको वडा नं |
|---|---|---|
| १ | दोधार सहित २३ | तिराम १देखि४ सम्म |
| २ | जिउने खोला सहित २३ | मर्कावाङ १देखि९ सम्म |
| ३ | हिरनखोला सहित | नयाँगाउ |
| ४ | बेतनीखोला सहित १५ | रम्दी |
| ५ | जोगीपन धरो सहित ११ | उदयपुरकोट २ |

*स्रोतः स्थानिय तह पुर्नसंरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

### ७.८.३ शौचालयको विवरण

तालिका नं. ६२ : शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | २५ | ८७३ | ४७४ | १६७७ | १९ | ३,०६८ |
| प्रतिशत | ०.८१ | २८.४६ | १५.४५ | ५४.६६ | ०.६२ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा माण्डवी गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ । विवरणलाई हेर्दा घरमा शौचालय नभएको घरपरिवार संख्याको ५४.६६ प्रतिशत अर्थात १,६७७ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ भने धेरै फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार ८७३ (२८.४६ प्रतिशत) रहेको छ । त्यस्तै साधारण शौचालयको प्रयोग गर्नेको संख्या ४७४(१५.४५ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या २५ (०.८१ प्रतिशत) देखिएको छ जुन सबै भन्दा कम हो । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ ।




### ७.८.४ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ६३ : वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टि ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३ | १०१ | ४३ | ४१९ | ७ | ५७३ |
| २ | २ | १०७ | ४५ | ४५० | २ | ६०६ |
| ३ | १९ | २४० | ६८ | ४२८ | ५ | ७६० |
| ४ | १ | २४० | ३०२ | ५८ | ३ | ६०४ |
| ५ | ० | १८५ | १६ | ३२२ | २ | ५२५ |
| जम्मा | २५ | ८७३ | ४७४ | १,६७७ | १९ | ३,०६८ |
| प्रतिशत | ०.८१ | २८.४५ | १५.४५ | ५४.६६ | ०.६१९ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार माण्डवी गाउँपालिकाको प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा क्रमश वडा नं४ मा सबैभन्दा बढी शौचालयको प्रयोग गरेको पाईयो भने वडा नं. ३ र ४ मा फ्लस भएको (सेप्टि टेयाङ्की )शौचालय प्रयोग भएको देखिन्छ भने बाँकी सबै वडाहरुमा शौचालय प्रयोग नगर्ने परिवारको संख्या बढी रहेको देखिन्छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ।

## ७.९ सरसफाईको अवस्था

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसाब पिसाब गर्ने प्रवृति रहेको छ । यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो । तर हालका वर्षहरुमा सञ्चार माध्यमहरु क्षेत्रको सकारात्मक भुमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ । यसै अभियान अन्तरर्गत यस माण्डवी गाउँपालिका पुर्ण दिशा मुक्त क्षेत्र घोषणा गरिएकाले जनस्वास्थ्यको दृष्टिकोणले सकारत्मक सुधार निश्चित छ ।

तालिका नं. ६४ : सरसफाईको अवस्था

| क्र.सं. | साविक गाविस वा नपाको नाम र वडा नं. | शौचालय भएका घरधुरी प्रतिशतमा | अब कायम हुने ईकाईमा रहने सार्वजनिक शौचालय (वटा) |
|---|---|---|---|
| १ | तिराम १देखि४ सम्म | १०० प्रतिशत | |
| २ | मर्कावाङ | १०० प्रतिशत | |
| ३ | नयाँगाउ | १०० प्रतिशत | १ |
| ४ | रम्दी | १०० प्रतिशत | १० |
| ५ | उदयपुरकोट कोचिवाङ २ | १०० प्रतिशत | |

*स्रोतः स्थानिय तह पुर्नसंरचना प्राविधिक सहयोग समिति, प्यूठान २०७३*

## ७.९ फोहोर मैला व्यवस्थापन

गाउँपालिकालाई सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आउने क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा सरसफाई अभियानको रुपमा संचालन भएको पाइन्छ । यसबाट आम नगरबासीहरुमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ । हाल गाउँपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ ।

हाल यस गाउँपालिकामा देखिएका समस्याहरुमाः

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्स तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।
- त्यसकारण यहाँको फोहोरको व्यवस्थापन सम्बन्धमा अहिलेको प्रारम्भिक अध्ययनले दुईखालका सुझाव दिन सकिन्छ ।

### (क) घरायसी फोहोर

- फोहोरको पहिचान भान्छाकोठाबाट गरी कुहिने र नकुहिने गरी छुट्याउने ।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यकम गाउँपालिकाले गर्ने ।

नकुहिने फोहोरलाई पूनः बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा । यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने । नभएका यस गाउँपालिका क्षेत्रका खुला स्थान, जहाँ पानीको स्रोत छैन त्यहाँ  बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती



मध्यपश्चिमाञ्चल क्षेत्रका पहाडी जिल्ला प्यूठान वन वातावरण र जैविक विविधताको दृष्टिकोणले अद्यापी सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। जिल्लामा जैविक विविधताको अवस्था तथा स्थिती पत्ता लगाउन जिल्लाको जैविक विविधता बारे लेखिएका लेख, रचनाहरुको अध्ययन गर्नुको साथै स्थलगत निरिक्षण अवलोकन एवं वन सम्बन्धी जानकारी राख्ने सम्बन्धीत क्षेत्रका ग्रामिण समुदायका स्थानीय बुढा-पाका, गोठालाहरुसंग जानकारी लिनका लागि तत्कालिन रेञ्ज पोष्ट स्तरमा टोली बनाई जिल्लामा जैविक विविधताको अवस्थाको अध्ययन एवं जानकारी लिईएको थियो । अध्ययन एवं प्राप्त जानकारी अनुसार यस जिल्लामा उष्ण ९त्चयउष्अबा्० देखि समशितोष्ण ९त्झउभचबतभ ऋषिबतभ० मा हुने बिभिन्न वनस्पति तथा वन्यजन्तुहरु ९ँयिचब र ँबगलब० हरु पाईएका छन् । प्यूठान जिल्लालाई श्रीखण्ड ( सेतो चन्दन) को जिल्ला भनेर पनि चिनिन्छ । सेतो चन्दनको जिल्ला भनेर चिनिने भएता पनि यो प्रजाती यहाको स्थानिय प्रजाति भने होईन । करिव ४० वर्ष पहिले दाखाक्वाडी गा.वि.स.का स्व.माथवर सिंह खत्रीले दक्षिण भारतवाट २ गोटा विरुवा ल्याई आफ्नो निजी आवादीमा वृक्षारोपण गरेको स्थानिय वासिन्दाहरुको भनाई रहेको छ ।

यस माण्डवी गाउँपालिकाको कुल क्षेत्रफल १३९.०४ वर्ग कि.मि. मध्ये ४५.९८ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ । माण्डवी गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, श्रीखण्ड, अस्ना, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर,  सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालि गुरांस, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमा अजिङ्गर, गोमन, धामन, तिरीच, घोरगराईच, करेट, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, कछुवा, टोक्ने रुख भ्यागुता पाईएका छन् । यी सरिसृपहरु मध्ये अजिंगर, तिरीज, सुगा सर्प, सुनगोहोरो, कछुवा आदि र चराचुरुङ्गीहरूमा राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश,सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, जिङ्गर काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भाद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

माण्डवी गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातावरणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई

व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस गाउँपालिकामा उष्ण प्रदेशीय जलवायु समेत भएको कारण पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा । यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरु जस्तै, माण्डवी, ईशानदेवि, झिमरुक नदी, उमा महेश्वर मन्दिर, खुङ्ग गुफा आदीको समेत संरक्षण गर्नुपर्ने देखिन्छ। समग्रमा यो क्षेत्र जैविक विविधताले भरिपूर्ण रहेको छ। उष्ण र समशितोष्ण प्रदेशीय किसिमको वातावरण भएको हुँदा यहाँ विशिष्ट किसिमको जैविक विविधता पाइन्छ।

## ८.३ लघु वन पैदावार

गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्यायोजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ । यस गाउँपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा श्रीखण्ड, अल्लो, बाबियो, सुगन्धवाल, सुगन्धकोकिला, अमला, लोक्ता, अम्रिसो, लहरा, बाँस, पावन बोका, टिमुर, तेजपात, रिट्ठा, खोटो,कुरिलो, टिमुर, चिराईतो, राजवृक्ष, धसिँग्रे आदि मुख्य हुन्।

यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै प्यूठानका ग्रामीण बस्तीहरुको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा

महत्वपूर्ण भूमिका खेलेका छन् । यस्ता पैदावारहरुले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरुलाई अवसर प्रदान गर्छन् ।

## ८.४ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा वन्यजन्तुहरुमा चित्तल, कस्तुरी, रतुवा, बँदेल, हुँडार, ब्वाँसो, स्याल, रातो बाँदर, वन बिरालो, भालु, चितुवा, दुम्सी, गुना/लङगुर, खरायो, चरीबाघ, निगाले बाघ, जङ्गली मुसा, मल साप्रो, न्याउरी मुसा, लोखर्के आदी रहेका छन् ।

### (ख) चराचुरुङ्गी

यस गाउँपलिकामा पंक्षी प्रजातीमा राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश,सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, जिङ्गर काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भाद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस गाउँपलिकामा विशेष गरी घिस्रने जीवजन्तु अन्तरगर्त अजिङ्गर, गोमन, धामन, तिरीच, घोरगराईच, करेट, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, कछुवा, टोक्ने रुख भ्यागुता पाईएका छन् । यी सरिसृपहरु मध्ये अजिंगर, तिरीज, सुगा सर्प, सुनगोहोरो, कछुवा यस जिल्लाको बाहिरी शिवालिक पर्वत श्रृंखला (*इगतभच कध्बबष्पि जर्षकि*) को खोलानाला अन्तर्गत पर्ने वन जंगलहरुमा पाईन्छन् ।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि।

### (ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि ।

## ८.५ वनजंगल

माण्डवी गाउँपालिका समुन्द्री सतहबाट ४९२ मिटरको उचाईदेखि शुरु भएर १८८२ मीटरसम्म गएर अन्त्य भएको छ । गाउँपालिकाको कुल क्षेत्रफलमा ६७.४९ प्रतिशत (७६.३२ वर्ग कि.मि.) वनले ओगटेको छ । यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वनक्षेत्रभित्र साना पोखरी र केहि घाँसे मैदानहरु रहेका छन् । गाउँपालिका बाहिरका अन्य गाउँपालिकामा लोप हुने अवस्थामा पुगेको महत्वपूर्ण प्रजाति यस गाउँपालिकामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ ।

यहाँको वन जंगल सम्बन्धमा कुनै पनि पौराणीक कथा तथा कुनै ऐतिहासिक लिखत नपाईएता पनि बुढापाकाको भनाई अनुसार आज भन्दा ८०/९० वर्ष अगाडी यस जिल्लामा मान्छे बस्न नै डराउने घना जंगल थियो । यस जंगलमा भालु, चितुवा, कस्तुरी, रतुवा, व्वांसो लगायतका थरिथरिका चराचुरुङ्गीहरु प्रशस्त मात्रामा पाईन्थे ।

कृषी नै मुख्य पेशा भएको यस गाउँपालिकामा २००७ साल अगाडी केही मात्रामा जंगलहरु फडानी गरी आवाद गरेको पाईन्छ । तर पनि जनघनत्व कमी नै रहेकोले वन जंगल प्रशस्त नै थियो । तसर्थ पशुपालनमा कुनै खास बाधा थिएन । त्यस बेला वन सम्बन्धी खास ऐन कानुनहरु थिएनन् र वन जंगलकोपूर्ण जिम्मेवारी तालुकदार, मुखिया, जिम्मुवालमा रहेको थियो । १/२ पैसा तिरे पछि आफ्ना नजिकका व्यक्ति विशेषलाई वनको जग्गा दिने प्रथा थियो । जसले गर्दा धेरै जसो जग्गा जमिन व्यक्ति विशेषको स्वावित्वमा गएको पाईन्छ ।

जनसंख्याको द्रुततर बृद्धि हुँदै गएपछि जीविकोपार्जनको लागि साधन र श्रोतहरु सिमित हुँदै गए । बढ्दो जनसंख्यालाई खाना पुर्‍याउन धौ धौ हुन थाल्यो । कृषि उत्पादन बढाउनु पर्ने बाध्यताले तिरो तिरेको नाताले वन जंगल क्षेत्रको जग्गा पनि कृषि जग्गामा परिणत हुन थाले र बन जंगलको साविक अवस्थामा ह्रास हुँदै आयो । २००७ साल पछि औलो नियन्त्रण भएपछि यस जिल्लाका प्रमुख दुई नदीहरु झिमरुक र माडी खोलाको छेउछाउँको ठूलो वन जंगल कृषिको लागि मासिए । अहिले उक्त क्षेत्र कृषिको लागि उपयुक्त क्षेत्र भएको छ । सुकुम्बासीहरु बाहिरबाट नआए पनि एउटै मान्छे कोट र बेसी गर्ने चलनले गर्दा डाँडा पाखा र बेसी सवै ठाउँमा मानिसहरु बसोबास गर्ने भएकोले सबै ठाँउमा उत्तीकै वन जंगलहरु मासिदै गए ।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन यिमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरुलाई नै हुन्छ । यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन,

समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । गाउँपालिकामा आ.व. २०७२/७३ सम्ममा ३१ सामुदायिक वनहरुलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार ९एबतभलत चष्नजत० का विषयमा र न्बत्त ध्द्ध सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै

जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन । यस माण्डवी गाउँपलिकामा रहेका सामुदायिक वनको विवरण तल प्रस्तुत गरिएको छ ।

तालिका नं. ६५ : सामुदायिक वन व्यवस्थापनको विवरण

| सि.नं | सा.व को नाम | ठेगाना | हस्ताण्तरण क्षे.फ हे. | कायम क्षेत्रफल | घरधुरी | जनसंख्या (जना) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | जम्मा |
| वहाने ईलाका वन कार्यालय | | | | | | | | |
| १ | मण्डली | मर्कावाङ्ग १ | १५३.५९ | १७८.७५ | ७० | २४४ | २२५ | ४६९ |
| २ | दोरवाङ्गपाखा | मर्कावाङ्ग ४-९ | ३३१.८६ | १९.।५ | २०२ | ६३९ | ६५७ | १२९६ |
| ३ | पहार | मर्कावाङ्ग ३ | ८६.१६ | १२२ | १४७ | ३९९ | ४२२ | ८२१ |
| ४ | भूमीथान | मकावाङ्ग २ | १३६.२४ | | ७० | २३२ | २७७ | ५०९ |
| ५ | मतीकन्या | तिराम ४ | १११ | | १८७०० | ६७४ | ६७७ | १३५१ |
| ६ | कालीमाई | तिराम १ | २९५.८१ | २९५.८१ | १९६ | ५७२ | ६२० | ११९२ |
| ७ | एकता लालिगुरास | उदयपुरकोट ९ | ९९.६३ | १४५.०७ | ६५ | १९७ | १९५ | ३९२ |
| ८ | जनज्योती | उदयपुरकोट १ | ४०५.६९ | ४१५.२३ | ९३ | २६४ | २७९ | ५४३ |
| ९ | चन्द्रोदय | तिराम २ | २४१.८४ | २१७.१५ | १४६ | ४४४ | ४९५ | ९३९ |
| १० | जनजागृती | उदयपुरकोट २ | २२३.७२ | २२३.३६ | ६७ | १८७ | २०० | ३८७ |
| ११ | सुन्नानीस्थान | उदयपुरकोट ३ | १९६.३६ | १९६.३६ | १३९ | ४३२ | ४५८ | ८९० |
| १२ | सिद्धथान | मर्कावाङ्ग ६ | १२५.७४ | १२५.७४ | १२६ | ३७८ | ४०३ | ७८१ |
| १३ | कल्लेरी | मर्कावाङ्ग ७ | १२० | १२० | ७० | २३८ | २४४ | ४८२ |
| १४ | दरदरे | उदयपुरकोट ४ | ९९.७१ | ९९.७१ | ९१ | ३१२ | ३०९ | ६२१ |
| १५ | वलचौर गैरा | मर्कावाङ्ग ९ | ९७.० | ९७ | ७८ | २४९ | २४० | ४८९ |
| १६ | काफल टाकुरा | उदयपुरकोट ७ | ११४.६ | ११४.६ | १४२ | ४०५ | ४४० | ८४५ |
| १७ | बिरीलेख | उदयपुरकोट ५ | १९६.९ | १९६.८५ | १०२ | ३३० | ३१२ | ६४२ |
| १८ | ग्रह | उदयपुरकोट ८ | ३०३.८ | ३०३.८२ | २१२ | ६४७ | ६७६ | १३२३ |
| १९ | वसन्धरा | उदयपुरकोट ५ | ११९.०६९ | ११९.०६९ | १०२ | २९४ | २८० | ५७४ |
| २० | तिन पोखरी | मर्कावाङ्ग ५ | ४८.३८६ | ४८.३८६ | ६७ | २०४ | २११ | ४१५ |
| | | | ३५०७.०७५ | ३२०९.४०१ | २३७२ | ७३४१ | ७६२० | १४९६१ |
| विजुवार ईलाका वन कार्यालय | | | | | | | | |

| सि.नं | सा.व को नाम | ठेगाना | हस्ताण्तरण क्षे.फ हे. | कायम क्षेत्रफल | घरधुरी | जनसंख्या (जना) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | जम्मा |
| वहाने ईलाका वन कार्यालय | | | | | | | | |
| १ | रानीवन | रम्दी १,२ | ३५.५६२१८९.३२ | १८९.३२ | ११६ | ३९२ | ३६० | ७५२ |
| २ | नयाँपाटा | रम्दी ४ | ५९.७५ | ७९.७ | ८१ | २१९ | २५३ | ४७२ |
| ३ | सिरवारी | रम्दी ६ | २४१.५२ | १३७ | १३७ | ४४७ | ४६६ | ९१३ |
| ४ | ज्योती | रम्दी ७,८ | ३१०.४९ | १९६.०२६ | १२२ | ३९५ | ४०६ | ८०१ |
| ५ | लिस्ने | रम्दी ७ | १९१.८ | १९१.८ | १२२ | ३९५ | ४०६ | ८०१ |
| ६ | देउराली | रम्दी ३ | १७२.१३ | १७२.१३ | ६५ | १९१ | २०८ | ३९९ |
| जम्मा | | | ९७५.६९ | ९६५.९७६ | ६४३ | २०३९ | २०९९ | ४१३८ |
| देविस्थान ईलाका वन कार्यालय | | | | | | | | |
| १ | नन्दिपोखरी | नयाँगाउँ ८,९ | ५४.५४ | २१४.९३ | २१५ | ६७० | ६२० | १२९० |
| २ | चालिसे महिला | नयाँगाउँ ४,६ | २६.४४ | २२.८३ | ५३ | १६९ | १७० | ३३९ |
| ३ | माण्डवी | नयाँगाउँ २,३ | २४८.८४ | २१८.०५ | १२८ | ३९३ | ३६७ | ७६० |
| ४ | रामेश्वरी | नयाँगाउँ २,४,५,६ | २३५.४८ | २९१.०७ | २०२ | ५३३ | ५७८ | ११११ |
| ५ | बाँसखोला | नयाँगाउँ | ९८.५ | ९८.५ | २४६ | ७०९ | ७५१ | १४६० |
| ६ | फुर्सेपाखो | नयाँगाउँ ४,५,६,७ | १३६.५ | १३६.५ | १९४ | ५१३ | ५५४ | १०६७ |
| ७ | जावुनेवगर | नयांगाउं ८ | १.३३ | १.३३ | ३६ | १०९ | ११२ | २२१ |
| ८ | लामाचौर | नयांगाउं ८,९ | १२.३२ | १२.३२ | ६१ | १६३ | १७४ | ३३७ |
| | | | ८१३.९५ | ९९५.५३ | ११३५ | ३२५९ | ३३२६ | ६५८५ |
| | | कुल जम्मा | ५२९६.७१५ | ५१७०.९०२ | ४१५० | १२६३९ | १३०४५ | २५६८४ |

*स्रोत : जिल्ला पार्श्वचित्र प्यूठान, २०७१*

माथिको तालिकामा ईलाका वन कार्यालयले हस्तातरण गरेका सामुदायिक वनको विवरण प्रस्तुत गरिएको छ ।यस माण्डवी गाउँपालिकामा आ.व. २०७१/०७२ सम्ममा ईलाका वन कार्यालयहरु वहाने ईलाका वन कार्यालय मार्फत २०,देविस्थान ईलाका वन कार्यालय मार्फत ८ र विजुवार ईलाका वन कार्यालय मार्फत ६ गरी जम्मा ३४ वटा सामुदायिक वनहरु उपभोक्तालाई हस्तान्तरण गरिएको छ । हस्तान्तरित सामुदायिक वनले यस गाउँपालिकामा ५१७०.७१५ हे. क्षेत्रफल ओगटेको छ भने ४१५० घरधुरी अर्थात् २५,६८४ जनसंख्या लाभान्वित भएका छन् ।

## ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। गाउँपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रवर्द्धन हुन नसकेको देखिन्छ।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

गाउँपालिकाको कुल वन क्षेत्र मध्ये गाउँपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ।

### ८.५.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावारको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस गाउँपालिकामा संचालन गरिएको छ निजी वनमा रोपिएका मुख्य प्रजातिहरुमा लहरेपिपल, टिक, मसला, खयर, बाँस, जस्ता प्रजातिहरु रहेका छन्।

## ८.६ वनपैदावारको माग र आपूर्ति

माण्डवी गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य गाउँपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ।

गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन नभएबाट स्थानीय जनताका काठ दाउरा सम्बन्धि माग पुरा हुन नसकी जनगुनासो आई रहेको सन्दर्भमा आ.व. ०६६/०६७ देखि गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन गर्ने सोच लिईएको भएता पनि खासै काम हुन सकेको थिएन। तर आ.व. २०६८/०६९ देखी स्थानीय उपभोक्ताहरुको माग र आवश्यकतालाई ध्यानमा राखी जिल्ला वन पैदावार आपूर्ति समितिलाई पुनः संचालनमा ल्याई काठ दाउरा बिक्री वितरण गर्ने कार्यको थालनी गरिएको छ। यसको लागि आपूर्ति समितिले सामुदायिक वन उपभोक्ता समूहसँग समेत काठ दाउरा खरिद गरि स्थानीय जनताहरुलाई बिक्री वितरण गर्ने व्यवस्था मिलाएको छ।

यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरुमा हुने गर्दछ। यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ। वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ।

## ८.७ जडिबुटी सम्बन्धी विवरण

प्यूठान जिल्लालाई श्रीखण्ड (सेतो चन्दन) को जिल्ला भनेर पनि चिनिन्छ। सेतो चन्दनको जिल्ला भनेर चिनिने भएता पनि यो प्रजाती यहाको स्थानिय प्रजाति भने होईन। करिब ४० वर्ष पहिले

दाखाक्वाडी गा.वि.स.का स्व.माथवर सिह खत्रीले दक्षिण भारतवाट २ गोटा विरुवा ल्याई आफ्नो निजी आवादीमा वृक्षारोपण गरेको स्थानिय वासिन्दाहरुको भनाई रहेको छ ।

माण्डवी गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा रिट्ठा, टिमुर, सतावरी, बोको कुरिलो, दाल्चिनि, पावन, तेजपात, गँरास, चिउरी, हर्रो, बर्रो, राजवृक्ष, सजिवन, चिराँईतो लहरेगुजा, सुगन्धवाल, चुत्रो अमला, रुदिलो, तितेपाती आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

# खण्ड ९ : विकास सूचकांक र गरिबीको स्थिति

## ९.१ मानव विकास सूचकाङ्क

मानव विकास सूचकाङ्कले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचकाङ्क निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम ९ग्ल्मए० ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। ग्ल्मए नेपालले २०१४ सार्वजनिक गरेको छ। मानव विकास सूचकाङ्क अनुसार प्यूठान जिल्लाको मानव विकास सूचकाङ्क ०.४१३ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् प्यूठान जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने प्यूठान जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु ९षिभ भहउभअतबलअथ० ६४.३३ वर्ष र यसको सूचक ०.५५५, प्रौढ साक्षरता दर ९बमगति ष्तिभचबअथ० ५८.०१ प्रतिशत र यसको सूचक ०.५८०, शिक्षा आर्जनमा खर्चेको औषत समय ९ःभबल थभबचक या कअजययष्लिन० २.९१ वर्ष र यसको सूचक ०.१९४ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय ९एभच अबउष्तबा ष्लअफभ० ८४२ अमेरिकी डलर र यसको सूचक ०.३७४ रहेको देखिन्छ।

तालिका नं. ६६ : मानव विकास सूचकको विवरण ९ज्म्क्०

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने | | प्रतिव्यक्ति | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| प्यूठान | ६४.३३ | ०.६५५ | ५८.०१ | ०.५८० | २.९१ | ०.१९४ | ६८१ | ०.३२० | ०.४१३ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंखयाको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा प्यूठान जिल्ला मानव विकास सूचकाङ्कको स्थिति सबैभन्दा राम्रो अवस्थामा रहेको देखिन्छ। प्यूठान जिल्लाको मानव गरीबी सूचकाङ्क मान ३३.९३ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तैः प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा प्यूठान जिल्लाको प्रौढ निरक्षरता दर ९ब्मगति ष्लिष्तभचबअथ चबतभ० ४१.९९ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या ९एभचअभलतबनभ या उभयउभि लयत भहउभअतभम तय कगचखषखभ तय बनभ द्दण्) ११.६१ प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या ९एभचअभलतबनभ धष्तजयगत कबाभ धबतभच० २०.८७ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या ९एभचअभलतबनभ या अजषमिचभल गलमभच बनभ ष्खभ धजय बचभ ऽबलियगचष्कजभम० ४८.४० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, ग्लप्,ल्पबि०*

## ९.३ मानव विकास र गरीबी

प्यूठान जिल्ला न्युन समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ५३ औं स्थानमा रहेको छ र गरीबीको दर ३२.१९ प्रतिशत रहेको छ । जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या ठद्द,ठढज्ञ रहेको देखिन्छ । गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६७ : गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ५३ | ३२.१९(८.६८) | ७.८८(२.९) | २.७८(१.२३) | ७२७९१ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार २५,४२१ जनताको बसोबास भएको यस गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँपालिकाबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पु्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्य कर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाउँपालिकाबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्का तिर माध्यमिक र उच्च शिक्षाको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षाा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस गाउँपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा समावेश हुने गाविस वा नगरपालिकाको अचल सम्पत्ति विवरण (गाविस, नपा, कृषि, पशु, स्वास्थ्य, हुलाक, रेन्जपोष्ट आदि कार्यालयको एकमुष्ठ)

| क्र.सं. | अचल सम्पत्ति | ईकाई (वटा, विगाहा, रोपनी, कठ्ठा आदि) | स्वामित्व रहेका साविक गाविस वा नपा | कैफियत |
|---|---|---|---|---|
| १ | भ्वन | ११ वटा | तिराम, मर्कावाङ, उदयपुरकोट | |
| २ | जमिन | | | |
| ३ | गाडी | | | |
| ४ | मोटरसाईकल | ३ | | |
| ५ | अन्य मेशिनरी | ल्यापटप | | |
| ६ | अन्य | | | |
| | | | | |

# माण्डवी गाउपालिका

५ नं. प्रदेश, प्यूठान नेपाल

निर्वाचित प्रतिनिधिहरुको (गाउँसभाको) नामावली

## वडा नं. १ का निर्वाचित प्रतिनिधिहरू



चिन्त बहादुर के.सी.
वडा अध्यक्ष



रुम बहादुर ठेडी
वडा सदस्य



मुक्त बहादुर घर्ति मगर
वडा सदस्य

सुनिता खत्री
महिला सदस्य



कमला देवी नेपाली
दलित महिला सदस्य



मेनुका देवी घर्ति
दलित तथा अल्पसंख्यक सदस्य

## वडा नं. २ का निर्वाचित प्रतिनिधिहरू



तुल बहादुर थापा मगर
वडा अध्यक्ष

यम बहादुर पुन
वडा सदस्य

मधुसुदन घर्ति
वडा सदस्य

शारदा पौडेल
महिला सदस्य

काली कामी
दलित महिला सदस्य



टेक बहादुर कामी
दलित तथा अल्पसंख्यक सदस्य

## वडा नं. ३ का निर्वाचित प्रतिनिधिहरू


डम्बर बहादुर पौडेल
वडा अध्यक्ष


देव ब. कुँवर क्षेत्री
वडा सदस्य


भोज बहादुर पुन
वडा सदस्य


नारयणी अधिकारी
महिला सदस्य


श्रृजना दमाई
दलित महिला सदस्य

## वडा नं. ४ का निर्वाचित प्रतिनिधिहरू


हेम राज ओली
वडा अध्यक्ष


खिम बहादुर बिष्ट
वडा सदस्य

हिम बहादुर पुन मगर
वडा सदस्य


पूर्णिमा बाठा मगर
महिला सदस्य


निमा देवी सुनार
दलित महिला सदस्य

## वडा नं. ५ का निर्वाचित प्रतिनिधिहरू

दुर्गा प्रसाद आचाय
वडा अध्यक्ष


ईश्वर बहादुर थापा
वडा सदस्य

विर बहादुर थापा
वडा सदस्य


पूर्णिमा बाठा मगर
महिला सदस्य

मिना सुनार
दलित महिला सदस्य

## माण्डवी गाउँपालिकाको कर्मचारीहरु



नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत



बोधिराज घिमिरे
श्रोत व्यक्ति



ध्रुब कुमार पोखेल
स्वास्थ्य सयोंजक



अनिल अधिकारी
सुचना प्रविधी अधिकृत



मेघराज पोखेल
कृषि सयोंजक



हस्तराम खड्का
प.से.प्रा



धर्म बहादुर डि.सी
लेखापाल



ज्योति प्रकाश पौडेल
ना.सु.



सागर पण्डित
सब–ईन्जिनीयर



शरद राज अधिकारी
सब–ईन्जिनीयर



निर्मला शमा
कम्प्युटर अपरेटर



शान्ता शर्मा
स.म.वि.नि



नारायण जि.सि.
अ.हे.ब



सूर्य बहादुर धामी
खा.पा.स.टे.



रूक बहादुर अधिकारी क्षेत्री
कार्यालय सहयोगी



सुस्मा थापा घर्ति
कार्यालय सहयोगी



मदन घिमिरे
कार्यालय सहयोगी

# माण्डवी गाउँपालिका

५ नं. प्रदेश, प्यूठान नेपाल

गाउकार्यपालिकाका सदस्यहरुको नामावली

| क्र.सं. | नाम, थर | पद | वडा | लिंग | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्रीधर रोका | अध्यक्ष | | पुरुष | ९८४१९९०७९७ |
| २ | मुगा पुन मगर | उपाध्यक्ष | | महिला | ९८४७८९९७४० |
| ३ | चिन्त बहादुर के.सी. | वडा अध्यक्ष | १ | पुरुष | ९८४७९६२६४२ |
| ४ | तुल बहादुर थापा मगर | वडा अध्यक्ष | २ | पुरुष | ९८४७८५१९६२ |
| ५ | डम्मर बहादुर पौडेल | वडा अध्यक्ष | ३ | पुरुष | ९८४७८६६८७६ |
| ६ | हेमराज वली | वडा अध्यक्ष | ४ | पुरुष | ९८४७८७३७८७ |
| ७ | दुर्गा प्रसाद आचार्य | वडा अध्यक्ष | ५ | पुरुष | ९८४७८२५६१० |
| ८ | टेक बहादुर कामी | दलित तथा अल्पसंख्यक सदस्य | २ | पुरुष | ९८६७९४०२४३ |
| ९ | मेनुका देवी घर्ति | दलित तथा अल्पसंख्यक सदस्य | १ | महिला | ९८४७८८१७८४ |
| १० | नारायणी अधिकारी | महिला सदस्य | ३ | महिला | ९८४७८६८६६९ |
| ११ | पुर्णिमा बाठा मगर | महिला सदस्य | ४ | महिला | ९८४४९५३९८५ |
| १२ | हिरा शारु | महिला सदस्य | ५ | महिला | ९८४७८६७०४२ |
| १३ | निमा देवी सुनार | दलित महिला सदस्य | ४ | महिला | ९८१२८१३९३४ |

# माण्डवी गाउँपालिका

५ नं. प्रदेश, प्यूठान नेपाल

माण्डवी गाउँपालिकाको कर्मचारीहरुको सम्पर्क नम्बर

| क्र.सं. | नाम, थर | पद | कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | नारायण पौडेल | प्रमुख प्रशासकीय अधिकृत | माण्डवी गाउँपालिका | ९८५७८३६००६ |
| २. | ज्योति प्रकाश पौडेल | नायब सुब्बा | माण्डवी गाउँपालिका | ९८४८२५०३७१ |
| ३. | धर्म बहादुर डि.सी. | लेखापाल | माण्डवी गाउँपालिका | ९८४७८३९५२३ |
| ४. | मधुकर शर्मा | वडा सचिव | मा.गा.पा.१ नं. वडा तिराम | ९८४७८२११७३ |
| ५. | दुर्गा ब. भण्डारी | वडा सचिव | मा.गा.पा.४ नं. वडा उदयपुरकोट | ९८०६२८७३३५ |
| ६. | लिलाराम सोमै मगर | वडा सचिव | मा.गा.पा. ३ नं. वडा नयाँगाउँ | ९८६७१६४४८२ |
| ७. | रमेश सार्की | वडा सचिव | मा.गा.पा. ५ नं. वडा रम्दी | |
| ८. | अनिल अधिकारी | आई.टी अफिसर | माण्डवी गाउँपालिका | ९८४३३३३१६५ |
| ९. | शरद राज अधिकारी | सब ईन्जिनीयर | माण्डवी गाउँपालिका | ९८४१८७८८४४ |

| | | | | |
|---|---|---|---|---|
| १०. | सागर पण्डित | सब ईन्जिनीयर | माण्डवी गाउँपालिका | ९८५७८३३४१३ |
| ११. | मिलन पोखेल | ल्याब टेक्नीसियन | माण्डवी गाउँपालिका | ९८४९५११५७९ |
| १२. | निर्मला शर्मा | कम्प्युटर अपरेटर | माण्डवी गाउँपालिका | ९८६०९६८६३६ |
| १३. | सूर्य बहादुर धामी | खा.पा.स.टे. | माण्डवी गाउँपालिका | ९८४७८३९६६२ |
| १४. | दाम बहादुर कार्की | कार्यालय सहायक | मा.गा.पा. ३ नं. वडा नयाँगाउँ | ९८४७८६०००५ |
| १५. | खिम बहादुर घर्ति | प्राविधिक सहायक | मा.गा.पा.४ नं. वडा उदयपुरकोट | ९८१०९४८८७१ |
| १६. | गोकर्ण गौतम | प्राविधिक सहायक | मा.गा.पा.१ नं. वडा तिराम | ९८४७८२०६३० |
| १७. | यज्ञ बहादुर खड्का | प्राविधिक सहायक | माण्डवी गा.पा. २ नं. वडा, मर्कावाङ | ९८१२८१६४९९ |
| १८. | रोशन जि.सि. | प्राविधिक सहायक | मा.गा.पा. ५ नं. वडा रम्दी | ९८०६२३९८६९ |
| १९. | विनिता पुन | सामाजिक परिचालक | मा.गा.पा. ३ नं. वडा नयाँगाउँ | ९८४७९७२६१३ |
| २०. | भिम बहादुर मल्ल | सामाजिक परिचालक | मा.गा.पा.४ नं. वडा उदयपुरकोट | ९८१०९०७२४९ |
| २१. | बसन्ता अधिकारी | सामाजिक परिचालक | माण्डवी गा.पा. २ नं. वडा, मर्कावाङ | ९८०९७२१४२८ |
| २२. | कमल प्रसाद आचार्य | सामाजिक परिचालक | मा.गा.पा. ५ नं. वडा रम्दी | ९८४७८२८२६४ |
| २३. | रुक बहादुर अधिकारी क्षेत्री | कार्यालय सहयोगी | माण्डवी गाउँपालिका | ९८६६९८९८५१ |
| २४. | सुस्मा थापा घर्ति | कार्यालय सहयोगी | माण्डवी गाउँपालिका | ९८०९७९३०३८ |
| २५. | तिला कुमारी खड्का | कार्यालय सहयोगी | मा.गा.पा.१ नं. वडा तिराम | |
| २६. | गोविन्द बहादुर घर्ति मगर | कार्यालय सहयोगी | माण्डवी गा.पा. २ नं. वडा, मर्कावाङ | ९८०९७७३९२५ |
| २७. | लक्ष्मी कार्की | कार्यालय सहयोगी | मा.गा.पा. ३ नं. वडा नयाँगाउँ | ९८४७८५१३२१ |
| २८. | चित्रा सुनार | कार्यालय सहयोगी | मा.गा.पा.४ नं. वडा उदयपुरकोट | ९८१२८६७३७६ |
| २९. | मदन मल्ल | कार्यालय सहयोगी | मा.गा.पा. ५ नं. वडा रम्दी | ९८४७८२०९४२ |

# माण्डवी गाउँपालिका

५ नं. प्रदेश, प्यूठान नेपाल

## माण्डवी गाउपालिकाको विषयगत शाखाको संयोजक तथा अन्य कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम, थर | पद | कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | बोधिराज घिमिरे | श्रोत व्यक्ति | माण्डवी गाउँपालिका | ९८४७८३७३५६ |
| २. | ध्रुव कुमार पोखेल | हे.अ. छैठौं | माण्डवी गाउँपालिका | ९८५७८३३२३३ |
| ३. | मेघराज पोखेल | प्रा.स. | माण्डवी गाउँपालिका | ९८५७८३३१९८ |
| ४. | हस्तराम खड्का | प.से.प्रा. | माण्डवी गाउँपालिका | ९८४७८२३६६७ |
| ५. | शान्ता शर्मा | स.म.वि.नि | माण्डवी गाउँपालिका | ९८४७८२१९२१ |
| ६. | नारायण जि.सि. | अ.हे.व | माण्डवी गाउँपालिका | ९८४७११७६८७ |
| ७. | शान्ता पोखेल | ना.प्रा.स. | माण्डवी गाउँपालिका | ९८६६९१४१०० |
| ८ | निम प्रसाद अधिकारी | ना.प.स्वा.प्रा. | माण्डवी गाउँपालिका | ९८४७८६७५४५ |
| ९ | बालाराम भण्डारी | ना.प.से.प्रा. | माण्डवी गाउँपालिका | ९८२२८९७४४५ |